वर्ष : १५, अंक : ४२, काठमाडौं, २०७६ फागुन २ गते शुक्रबार, 14 February 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रदेश २ को नाम अझै अन्योलमा



जनकपुरधाम । प्रदेश २ को नाममा सहमति खोज्न बसेको उच्च स्तरीय संसदीय समितिको बैठक पनि विना निश्कर्ष टुंगिएको छ । यद्यपी नेताहरूले सहमति नजिक रहेको बताएका छन् । प्रदेशको नामाकरण गर्नका लागि सभामुख सरोजकुमार यादवको संयोजकत्वमा उच्चस्तरीय संसदीय समिति गठन गरिएको छ । सोही समितिको बुधबारको बैठकमा सबै दलका प्रतिनिधि नामाकरणमा चाँडै सहमति खोज्न एकमत भएका हुन् । चाँडो नामाकरण गर्ने बिषयमा सबै दल एकमत देखिएको प्रमुख प्रतिपक्षी नेकपा का संसदीय दलका नेता सत्यनारायण मण्डलले जानकारी दिए । नेकपाले आफूले प्रस्ताव गरेको जानकी नाममा मधेश थपेर नामाकरण गर्नुपर्ने बताएको छ । नेपाली कांग्रेसले मिथिला मधेश भनेर नामाकरण गर्नुपर्नेमा जोड दिएको छ । कांग्रेस संसदीय दलका नेता रामसरोज यादवले चाँडो नामाकरण गर्नका लागि मिथिला मधेश नामाकरण गर्न विकल्प दिएको जानकारी दिए । सत्तारूढ समाजवादी र राजपाले मधेश नामाकरण गर्नुपर्ने प्रस्ताव गरेको छ । राजपाका सचेतक परमेश्वर साहले बैठकमा नेताहरू लचकताका साथ प्रस्तुत भएको बताए । उनका अनुसार आगामी फागुन ४ गते प्रदेशको नामाकरणका लागि पुन: बैठक बस्नेछ । उक्त बैठकमा नेकपा, समाजवादी, राजपा र कांग्रेसका संसदीय दलका नेता, सभामुख र सचेतकहरू बसेर प्रदेशको नामांकरणलाई निष्कर्षमा पुर्‍याउने विश्वास लिइएको छ ।

## कोइराला र आदित्यनाथबीच भेट



लखनऊ । नेपाली काँग्रेसका महामन्त्री डा. सशांक कोइरालाले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटवार्ता गरेका छन् । लखनऊस्थित मुख्यमन्त्रीको कार्यकक्षमा भएको भेटमा योगीले नेपालको पछिल्लो राजनीतिक अवस्थाबारे चासो व्यक्त गरेका थिए । दुवै नेताबीच नेपाल-भारत सम्बन्ध र भविष्यमा धार्मिक र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने बारे छलफल भएको थियो । भेटमा सहभागीका अनुसार योगीले आध्यात्मिक पर्यटनलगायतका विषयमा कुराकानी गरेका थिए । उनले धर्मको विषयमा निकै चासो राखेका थिए । योगीले पशुपतिनाथदेखि विश्वनाथ, गोखरपुरदेखि गोरखा, दाङदेखि बलरामपुर, मिर्जापुरदेखि पोखरासम्मको धार्मिक तथा ऐतिहासिक सम्बन्धको चर्चा गर्दै धर्मको महत्वबारे व्याख्या गरेका थिए । भेटमा काँग्रेस केन्द्रीय सदस्य डा. मीनेन्द्र रिजाल, भारतका लागि नेपालका पूर्व राजदूत दिपकुमार उपाध्याय र काँग्रेसका युवा नेता सन्दीप राना समेत सहभागी थिए । उनीहरूले नेपाल र भारतको उत्तर प्रदेशबीचको ऐतिहासिक, धार्मिक र सांस्कृतिक निकटताबारे समेत छलफल गरेका थिए ।

# मधेशमा जनमत पार्टीको शक्ति प्रदर्शन

## प्रदेश २ भ्रष्टाचारी र गुण्डागर्दीको सञ्जाल : राउत



डा.सीके राउत



जनमत पार्टीको आमसभामा ओर्लिएका जनसागर ।

मधेशवाणी डेस्क

काठमाडौं । पृथकतावादी धार त्यागेर मूलधारको राजनीतिमा प्रवेश गरेका डा.सीके राउत अहिले मधेशभरि आमसभाको आयोजना गर्दै आएका छन् । डा.राउतको आमसभामा जनसहभागिता पनि दिनप्रति दिन बढ्दै गएको देखिन्छ । मधेशमा अहिले राजनीतिक शून्यता रहेको अवस्थालाई डा.राउतले वैकल्पिक शक्तिको रूपमा आउने प्रयासमा लागिपरेका छन् । मधेशकेन्द्रित दलहरूले मधेशी जनतालाई धोका दिएको र मधेशको मतलाई भजाउने काम मात्रै गरेको कुरा बताउँदै आएका छन् ।

जनमत पार्टी गठन गरेका डा. सीके राउतले समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवमाथि गम्भीर आरोप लगाएका छन् । राउतले उपेन्द्र यादव भ्रष्टाचारीहरूको नाइके भएको र उनीहरूको संरक्षण गरेको आरोप लगाएका हुन् । उनले प्रदेश २ मा भ्रष्टाचारी र गुण्डाको जंगलराज रहेको आरोप समेत लगाए ।

वीरगन्जमा जनमत पार्टीले आयोजना गरेको आमसभालाई सम्बोधन गर्दै राउतले प्रदेश २ मा भ्रष्टाचार र गुण्डको जंगलराज रहेको आरोप लगाए । 'मधेशमा अहिले भ्रष्टचारी, तस्कर र गुण्डाको जंगलराज चलिरहेको छ', उनले भने, 'त्यही जंगलराज र गुण्डाराजलाई समाप्त पारेर जनताको राज ल्याउन जनमत पार्टी जन्मिएको हो ।'

समाजवादी पार्टी र राजपाले भ्रष्टचारी, तस्कर, गुण्डालाई संरक्षण दिएर मधेशमा लुटतन्त्र मच्चाइरहेको आरोप उनको छ । मधेशी जनताको रंगत र बलिदानीमा टेकेर मधेशी जनताकै भोट लिएर सत्तामा पुगेका समाजवादी र राजपाले अहिले सत्तामा पुगेपछि मधेशी जनतामाथि शोषण र दमन गरिहेको राउतले बताए । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव स्वास्थ्यमन्त्री रहेका बेला उनको कार्यकालमा मन्त्रालयको ५६ अर्ब बजेटमध्ये २२ अर्ब भ्रष्टचार भएको लेखा परीक्षणको रिपोर्टले नै पुष्टि गरिसकेको भन्दै राउतले भने,'उपेन्द्र र उनको पार्टीले भ्रष्टचारी, तस्कर बलात्कारी नेताको संरक्षण गर्दै आइरहेको छ ।' 'स्वराज'को अभियान लिएर हिँडेका राउतको पार्टीले गरेको आमसभाका लागि गाउँ गाउँबाट ट्याक्टरमा मानिस ल्याइएको थियो ।

पर्साको डकैला बहुअरीका जयकुमार साह आमसभामा सहभागी हुन पाउँदा निकै उत्साहित देखिन्थे । उनले सिके राउतको पार्टी अरू भन्दा राम्रो भएको दावी गरे ।

सरकारसँग सम्झौता गरेर शान्तिपूर्ण राजनीतिमा आएपछि राउतको पार्टीले पहिलो पटक वीरगञ्जमा आमसभा गरेको हो । मधेशमा वैकल्पिक शक्तिको दाबी गर्दै हिँडेको उसले यो आमसभालाई शक्ति प्रदर्शनको माध्यम बनाएको छ । त्यसका लागि व्यापक प्रचार प्रसार गरिएको थियो । प्रचारका लागि घण्टाघरको पर्खाल, रामजनमको सालिक क्षेत्र

बाँकी अन्तिम पृष्ठमा

## विभेदलाई अन्त्य गर्न संशोधन अपरिहार्य



जनकपुरधाम । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा अभ्यासरत संरचनागत विभेदलाई अन्त गर्न संविधान संशोधन अपरिहार्य रहेको बताएका छन् । नेपाल बौद्धिक पेशाकर्मी महासंघले आज जनकपुरमा आयोजना गरेको वर्तमान सन्दर्भमा संविधान संशोधनको अपरिहार्यता विषयक कार्यशाला लाई सम्बोधन गर्दै अध्यक्ष यादवले वर्तमान संविधानले संरचनागत विभेदलाई संस्थागत गरेको हुँदा संशोधनको विकल्प नरहेको बताए । उनले वर्तमान संविधानको संघीय प्रणाली, निर्वाचन प्रणाली , शासकीय स्वरूप र न्याय प्रणाली समेत अपूर्ण र विरोधभास पूर्ण रहेको टिप्पणी गर्नु हुँदै यथा स्थितिमा मुलुक प्रति सबै जात धर्म क्षेत्र र वर्गले अपनत्व ग्रहण गर्न सक्ने अवस्था नरहेको उल्लेख गरे । अध्यक्ष यादवले भने, 'यो संविधान न त संविधान सभा ले जारी गरेको छ, न त जनताको समर्थन प्राप्त गरेको छ । दूई चार जनाले ड्राफ्ट गरेको किताबलाई ह्विप लगाएर पास गराइएको छ । त्यसैले यस संविधान प्रति जनताले अपनत्व ग्रहण गर्न सकि रहेको छैन । पद्म सम्शेरले मुलुक लाई दिएको संविधान र अहिलेको संविधान जारी गर्ने प्रक्रियामा तात्विक भिन्नता नरहेको उनको टिप्पणी थियो ।

# दिल्लीमा केजरीवालको पुनर्रोदय

### नेपालका दललाई गतिलो सन्देश, सशक्त वैकल्पिक शक्तिको खाँचो

काठमाडौं । भारतको राजधानी दिल्लीको विधानसभा निर्वाचनमो आम आदमी पार्टी (आप) ले सानदार जित हासिल गरेको छ । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले आफ्नो अर्को कार्यकाल पुन: सुरक्षित गरेपछि दक्षिण एसियामै सानो र नयाँ दलको प्रभावका बारेमा विभिन्न कोणबाट बहस अघि बढेको छ । दिल्लीका मतदाताले उल्लेख्य रूपमा किन उदाउँदै गरेको पार्टीलाई साथ दिए भन्ने विषयमा आम बहस चलेको छ । मुलुकको नेतृत्व गरिरहेको दलले केन्द्रमा कुनै चमत्कार गर्न नसकेको आम बुझाइ रहँदा नै आपले जनताका साथ पाएको हो ।



यो परिणामले केन्द्रको सत्तारूढ बीजेपीलाई ठूलो धक्का मात्र दिएन, परम्परागत शक्ति मानिएको कांग्रेसलाई दिल्लीबाट 'क्लिन स्विप' नै गरिदिएको छ । बीजेपीले दिल्लीमा थप पाँच सिट जितेको भए पनि अझै ७० मध्ये उसको पकडमा जम्मा आठवटा मात्रै छन । बाँकी सबै आम आदमी पार्टीले जितेको हो । दिल्लीमा उनको यो जित दक्षिण एसियाका लागि ठूलो सन्देश पनि हो । पछिल्लो मतपरिणाम आधारमा आप दुई तिहाइभन्दा बढी स्थानमा विजय हासिल गरी दिल्ली सरकार नेतृत्व गर्ने अवस्थामा आइपुगेको छ । आपका प्रमुख केजरीवालले तेस्रोपटक मुख्यमन्त्रीका रूपमा दिल्ली सरकार नेतृत्व गर्ने अवसर पाउँदै छन् । ५१ वर्षीय पूर्वकर्मचारी केजरीवाल भ्रष्टाचारविरोधी अभियान गर्दै राजनीतिमा उदाएका थिए । उनी सत्तामा रहेर पनि त्यो

बाँकी अन्तिम पृष्ठमा




समय सन्दर्भ

संगीता रेग्मी



# मधेशी दलितको अवस्था

**संविधानमा नै दलितको प्रतिनिधित्व हुनुपर्ने बाध्यकारी व्यवस्था भएको अवस्थामा बाहेक मधेशी दलितहरूलाई समाजिक, राजनीतिक रूपमा अगाडि ल्याउन चाहँदैनन् त्यहाँ ठूला जातका प्रतिनिधिहरू नै ।**

यही मंगलबार मार्टिन चौतारीमा आयोजित मधेशी दलितबारे विमर्श कार्यक्रममा सहभागी हुने अवसर जुट्यो । खासै बाहिरी माहोलमा हेलमेल नहुने र यस्ता कार्यक्रममा सहभागी हुने अभ्यास नभएकाले होला, असहज महसुश गर्दै म कार्यक्रममा सहभागी भएँ । जनकपुरका दलित शिर्षकमा अनुसन्धाता कृष्णबहादुर साहले विचार व्यक्त गर्नुभएको थियो भने मुसहरबारे अध्ययन गर्दाको अनुभव शिर्षकमा त्रिभुवन विश्वविद्यालय, किर्तिपुरका प्रधाध्यापक मधु गिरी र दलित महिलाको नजरमा मधेशी समाज शिर्षकमा अनुसन्धाता संजुकुमारी सरबरियालाई छलफलका लागि कार्यक्रममा अतिथिको रूपमा आमन्त्रण गरिएको थियो ।

पहाडी समुदायमा जन्मिएको म जहाँ मधेशीलाई हेर्ने दृष्टिकोणमा अहिलेसम्म पनि परिवर्तन हुन सकेको छैन । मधेशी भन्ने बित्तिकै छलकपट गर्छन्, महिलामाथि गलत दृष्टिकोणले हेर्छन्, पैसाको लागि जुन हदसम्म पनि जान सक्छन् भन्ने धारणा पहाडी समाजका आम व्यक्तिहरूमा अहिले पनि पाइन्छ । २०६२/६३ को मधेश आन्दोलनपछि त्यो सोचाईमा थोरै परिवर्तन त भएको छ तर पनि व्यवहारिक रूपमा खासै परिवर्तन हुन सकेको छैन । म लगायत गाउँघरबाट पढाइको सिलसिलामा वा अन्य विभिन्न उद्देश्य बोकेर सहर पसेकाहरूले घरगाउँ फर्केको समयमा मधेशी समुदायको सम्बन्धमा त्यहाँ विद्यमान् गलत धारणामा परिवर्तन ल्याउन नसक्नुमा हामी पनि दोषी छौं ।

कार्यक्रममा मधेशी समुदायको भन्दा बढी गैरमधेशी समुदायको सहभागिता बढी थियो । यहाँबाट पनि बुझ्न सकिन्छ कि मधेशी समुदायप्रतिको समस्या र सरोकारका विषयहरूमा गैरमधेशी समुदायको पनि चासो बढ्दै गएको छ । उनीहरूको सहभागिताले पहाडी समुदायको मधेशी समुदायप्रति बदलिएको दृष्टिकोणलाई बुझ्न सकिन्छ ।

मधेशी दलित अन्तर्गत डोम, दुसाध, चमार, हलखोर, मुसहर, साहु, तेली लगायतका जातीहरू पर्ने गर्दछन् । कार्यक्रममा मुख्यत: मधेशी दलितहरूमा रहेको नागरिकता, भूमिहीनता, बेरोजगारी आदि समस्याको विषयमा छलफल भयो । उनीहरूलाई आफ्नै समुदायका माथिल्लो जात मानिएका जातीहरूबाटै विभेद हुने गरेको पनि बुझियो । संविधानमा नै व्यवस्था गरिएको अधिकार पाउनबाट पनि धेरै मधेशी दलितहरू बञ्चित रहेका छन् भने कतिपयलाई संविधानमा आफ्ना लागि यस्तो व्यवस्था गरिएको छ भन्ने जानकारी समेत छैन । यस्ता विषयहरूमा छलफल भइरहँदा मधेशी दलहरूले पनि मधेशी दलितहरूलाई उचित स्थान नदिएको महसुश भयो । ठूला पार्टीका संरचनामा मधेशी दलित न्यून छन् । एक हिसाबले भन्दा राजनीतिले पनि उनीहरूमाथि विभेद गरिरहेको छ । दलितलाई निर्वाचनमा टिकट दिएमा हारिन्छ भन्ने भ्रम छ । अरू जे भएपनि मत आफ्नै जातिलाई दिनुपर्छ भन्ने चलन मधेशमा प्रचलित छ । संविधानमा नै दलितको प्रतिनिधित्व हुनुपर्ने बाध्यकारी व्यवस्था भएको अवस्थामा बाहेक मधेशी दलितहरूलाई समाजिक, राजनीतिक रूपमा अगाडि ल्याउन चाहँदैनन् त्यहाँ ठूला जातका प्रतिनिधिहरू नै । दलितलाई अधिकार

बाँकी पृष्ठ ४ मा

## सम्पादकीय



# भारतीय बजेट र नेपालको अर्थतन्त्र

भारतको सघीय संसदमा आर्थिक वर्ष सन् २०२०/२१ को वार्षिक बजेट पेस भएको छ। दक्षिण एसियाको सबैभन्दा ठूलो अर्थतन्त्र भएकाले भारतीय बजेटले छिमेकी मुलुक र अन्तर्राष्ट्रिय क्षेत्रमा चासो र चर्चा बटुल्ने स्वभाविक हो। अन्यभन्दा यस वर्ष भारतको वार्षिक बजेटलाई निकै नजिकबाट अन्तर्राष्ट्रिय समुदायले पनि नियालिरहेको छ। भारतलाई चीन पछिको महत्पूर्ण उदीयमान अर्थतन्त्रका रूपमा हेरिन्छ। आर्थिक रूपमा सम्पन्न राष्ट्रहरूको सङ्गठन अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेपलपमेन्ट (ओईसीडी) को आँकडाअनुसार सन् २०१३ देखि २०१७ को अवधिमा भारतीय अर्थतन्त्र वार्षिक ७.४ प्रतिशतका दरले वृद्धि भएको छ। सन् २०२० देखि २०२४ को अवधिमा वार्षिक ६.६ प्रतिशतले वृद्धि हुने आँकलन ओईसीडीले गरेको छ। हुन त ठूला अर्थतन्त्रहरूमध्ये भारतीय अर्थतन्त्रको वृद्धि सबैभन्दा बढी छ। तर,आर्थिक रूपले शक्तिशाली हुने लक्ष्य राखेको भारतलाई दशकौँसम्म तीव्र गतिको वृद्धिदर आवश्यक पर्छ। यही परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय समुदाय आर्थिक वृद्धि दर हासिल गर्न भारतले कस्ता वित्तीय नीति लागू गर्छ भन्ने जान्न चाहन्छ। नेपालजस्ता देश भने भारतीय बजेटले अवलम्बन गर्ने क्षेत्रगत र वित्तीय नीतिले आन्तरिक उत्पादन, आय र उपभोगमा पर्ने प्रभावले सजग छन्।

**कृषि क्षेत्रमा भारतले प्रदान गर्ने अनुदान र समग्र कार्यक्रमको नेपालमा असर पर्ने देखिन्छ। तर पनि यसको प्रभाव नेपालको कृषि क्षेत्रलाई संकटमै पार्न सक्ने हुने सम्भावना निक्कै कम छ।**

भारतको वर्तमान बजेटको अर्को पाटो भनेको त्यसको नेपालमाथि के-कस्तो प्रभाव पर्छ भन्ने हो। नेपाली मिडियामा छापिएका र प्रसारण भएका विश्लेषण सुन्दा लाग्छ- भारतको वर्तमान बजेटले नेपाली उद्योगलाई धराशयी बनाउने र पुँजी पलायनलाई व्यापक गर्नेछ। के वर्तमान भारतीय बजेटले नेपाली अर्थव्यवस्थालाई घराशयी बनाउने नै हो ? यी र यस्तै प्रश्नहरू सचेत नेपालीका मनमा नभएका होइनन। भारतको वर्तमान बजेटको सिधा प्रभाव उसले नेपाललाई प्रदान गरेको वार्षिक सहयोग रकममा कटौतीबाट सुरू भएको छ। सन् २०१९/२०२० मा विनियोजन गरिएको १०.८ अर्ब भारूबाट सो रकम सन् २०२०/२०२१ का लागि आठ अर्ब भारूमा घटाइएको छ। नेपालमा भारत सरकारको लगानीका योजनाका थुप्रै कथाव्यथा छन्। घोषणा गरिएको योजनाहरू लामो समयसम्म पनि कार्यान्वयन नहुने समस्या भारतीय सहयोगका योजनाका छन्। त्यसैले भारतले नयाँ योजनाभन्दा पनि घोषणा भएका योजनाको शीघ्र कार्यान्वयनमा जोड दिनु नै नेपालका लागि हितकार छ।

कृषि क्षेत्रमा भारतले प्रदान गर्ने अनुदान र समग्र कार्यक्रमको नेपालमा असर पर्ने देखिन्छ। तर पनि यसको प्रभाव नेपालको कृषि क्षेत्रलाई संकटमै पार्न सक्ने हुने सम्भावना निक्कै कम छ। भारतीय कृषिको विकासका लागि अनुदान निष्प्रभावी भएको तथ्यबाट नेपालले के सिक्ने ? यसको प्रमुख पाठ हो- कृषि विकासलाई अनुदानको पर्याय बनाउनुहुँदैन। कृषिमा आवश्यक ज्ञान, सीप, भण्डार र बजार व्यवस्थापनमा राज्यले ठूलै तयारी गर्नुपर्छ। नेपालको दुई तिहाइ व्यापार भारतसँग निर्भर छ। आफ्नो आन्तरिक उत्पादनलाई थप प्रतिस्पर्धी तथा सस्तो बनाउने कार्यक्रमसहित आएको ३०.४२ लाख करोडको भारतीय बजेटले नेपाली अर्थतन्त्रमा केही प्रत्यक्ष असर पर्ने भएको हो। व्यक्तिगत आयकर लाग्ने रकमको सीमामा परिवर्तन र विदेशी लगानीकर्तालाई कर छुट तथा अन्य विशेष सुविधाका कारण नेपालबाट अनौपचारिक रूपमा पुँजी पलायनदेखि लिएर अन्य मुलुकहरूको प्रत्यक्ष वैदेशिक लगानीसमेत भारततर्फ आकर्षित हुने आकलन गरिएको छ। अन्य मुलुकहरूबाट आयात हुने केही सामग्रीहरूको भन्सार महसुलमा वृद्धि गरिएको र त्यस्ता वस्तुमा नेपालले भन्सार सुविधा पाउने कारणले केही अवसरका पक्षसमेत भारतीय बजेटले देखाएको छ। नेपालबाट भारत निर्यात हुने सामग्री र भारतबाट नेपाल आउने सामग्रीहरू सस्तो र प्रतिस्पर्धी हुने भएकाले यसले सिधा असर गर्ने भएको हो।

# शासकीय मनोवृत्ति र नेपालको विकास

**विचार-विश्लेषण** भाग-५८



उपेन्द्र झा

अहिले दुई तिहाई नजिक रहेको नेकपाको शक्तिशाली सरकार अपेक्षित रूपमा काम गर्न नसकेको, सतही रूपमा जेजति कारण देखाइए पनि मूल कारण भने राज्यसत्ता नै हो। नेपालका आन्दोलनहरूले राज्यसत्ताको बाध्य आवरण परिवर्तन गर्न सफल देखिए पनि यसको भौतिक स्वरूपमा तात्विक परिवर्तन गर्न सकेको छैन।

राणाको कब्जाबाट बाहिर आएको राज्यसत्ता, सानो क्षेत्रफल, मुलुकको गरिवी, भौगोलिक जटिलता आदि जेजति कारणले होस, पराश्रित चरित्रलाई नै विकास गऱ्यो। सगरमाथाको देश भनेर संसारभरिबाट आउने आर्थिक सहयोगलाई नै मुख्य स्रोत बनाएर भ्रष्टाचार गर्ने नवागन्तुक सबै सरकारलाई यही बाटो देखायो। अर्थात् भ्रष्टाचार गर्ने राज्यसत्ताको मूल एजेण्डा नै बन्यो। वैदेशिक सहयोग र आफ्नो आयस्रोतलाई उत्पादनशीलतामा ईमान्दारीपूर्वक लगानी नगरी स्वार्थ पूर्तिमा खर्च भएबाट देशको उत्पादन क्षेत्र धराशायी बन्यो र देश क्रमिक रूपमा परनिर्भताको दलदलमा धस्दै गयो।

केही वर्ष अघि ट्रान्सपेरेन्सी इन्टरनेश्नलले पनि नेपाल सरकारका राजकीय सबै संयन्त्र भ्रष्टाचारमा लिप्त रहेको प्रतिवेदन नै प्रकाशित गरेको थियो। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आर्थिक दुर्बलता सार्वजनिक भएपनि यो शासकवर्गका लागि आत्मग्लानीको कुरा नभएर विदेशी लगानी बढ्ने गौरवको महसुस गरेको छ। कुनै पनि विकास योजना संचालन नभई आर्थिक अनियमितता कसरी गर्ने भन्ने हेतुले योजना संचालनमा आएका छन्। यी योजनाहरू परिणामको मुख हेर्न नसकेको दशकौं बितेको छ।

राणाको कब्जाबाट मुक्त भएको राज्यसत्ता झण्डै ७० वर्षको पाको उमेर पाएको छ। तर पनि देशलाई आत्मनिर्भर बनाउने "राष्ट्रवादी भावना" ल्याउन सकेको छैन। यहाँ भएकोले ७० वर्षमा पनि नेपाल आत्म निर्भरको दिशामा एक पाइला अगाडि बढ्न सकेन। ४० वर्ष राजाको शासन ३० वर्ष नेपाली कांग्रेस र कम्युनिष्टको शासनलाई अलिकति पनि प्रशंसा गर्न देशको आर्थिक अवस्थाले दिँदैन।

उन्नती भनेको प्रगतिको सूचकांक गतिशील भई अगाडि बढ्नु हो। नेपाली कांग्रेस र कम्युनिष्ट सरकारहरूले ०४६ सालपछि केही सुधारका कार्यहरू गरेको देखाए पनि यसले विकासको गतिलाई अगाडि बढाउन नसकेको तथ्यांकले देखाउँछ। त्यो सरकारले केही गरेको कसरी ठहर्छ। आफ्नो प्रतिद्वन्दीलाई तह लगाउने भावनाबाट प्रेरित गरिएका केही कार्यलाई सुधार नभनी प्रतिशोध भन्न सकिन्छ। यस्ता कार्यले देशलाई फायदा भएकोमा यश भने त्यो सरकारले पाउने होइन।

देशलाई आमूल परिवर्तनको दिशामा अग्रसर गराउन जनादेश पाएको के.पी. ओली सरकारको ईमान्दारिता, निष्पक्षता र नैतिक पक्ष कमजोर देखिएका कारण जनतामा लोकप्रियता घट्न लागेको यथार्थलाई नकार्न सकिन्न। बालकृष्ण ढुंगेल र रेशम चौधरी प्रकरणमा सरकारको ईमान्दारिता मेटिएकोले यसको सफाईमा वर्गीय हित बाहेक भन्न अरू के छ। नेपाली जनता सार्वभौम अधिकार सम्पन्न भएको वकालत गर्ने सरकारले ३४ हजार मतले विजयी रेशम चौधरीप्रति आँखा किन चिम्लेको हो ? ललिता निवास जग्गा प्रकरणमा राजकीय संयन्त्रका कर्मचारीहरूलाई अख्तियार दुरूपयोगको सजाय दिँदा माधव नेपाल, विष्णु पौडेल जस्ता राज्य संचालकलाई उन्मुक्ति दिनु ईमान्दारी र निष्पक्षताको हत्या नै भएको देखिन्छ।

ललिता निवास बालुवाटरको जग्गा प्रकरणको विस्तृत छानवीन गर्न पूर्व सचिव शारदा प्र. त्रितालको संयोजकत्वमा बनेको समितिले २०६६ चैत २९, २०६७ बैशाख ३१ र २०६७ अषाढ २८ गते माधव नेपालको मन्त्रिपरिषद्को ३ वटा निर्णयले समितिले सम्बोधन गर्ने "भूमाफिया" शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई जग्गा अपचलन गर्न सहज बनाई दियो। त्यसकारण माधव नेपालको त्यो ३ वटा निर्णय वदनियतपूर्ण रहेको समितिले नै ठहर गरेको छ। घटनाक्रममा सक्रिय सहभागिता राखी भूमाफियालाई सहयोग गरेको र ८ आना जग्गा (बाटो नभएको) प्राप्त गरेपछि मंत्री परिषदबाट त्यो जग्गामा ८ मी. चौडा बाये बनाउने निर्णय गराएको बिष्णु पौडेलमाथिको आरोपलाई प्रधानमन्त्री आफैले "धेरै जनामा किनबेच भएको जग्गा क.विष्णुले किन्नु भएको" भनी सफाई दिनुलाई पक्षपात नभनी अरू के भन्ने ?

३३ किलो सुन काण्ड, वाइड बडी प्रकरण, एन सेल प्रकरण जस्ता अरू पनि भ्रष्टाचारका ठूला घटनाहरू पर्दा पछाडि लुकेका छन्। जहाँ छोयो त्यही भ्रष्टचारमा लिप्त देखिन्छन् नेता तथा कर्मचारीहरू ! अर्थात राज्य संयन्त्रको एकमात्र काम भ्रष्टाचार गर्ने रहेको देखियो।

हुनत अवसरको फायदा लिन केपी शर्मा ओली तिख्खर नेताको रूपमा चिनिन्छ। विगतका केही दृश्य यहाँ उद्घृत गर्नु सान्दर्भिक होला। मधेशले संविधान घोषणाको बिरूद्ध गरेको नाकाबन्दीलाई भारतको टाउकोमा राखेर (क) चीनसँग गहिरो सम्बन्ध स्थापित गऱ्यो, (ख) भारतीय प्रभावको खतरा देखाएर शासक वर्गीय राष्ट्रवादलाई संगठित गऱ्यो। चीनसँग दैनिक उपभोगका सामग्रीहरूको आयातदेखि लिएर पारवहन सम्झौता गर्न केपी शर्मा ओली सफल भयो।

चीनको असीमित सहयोगमा संविधान कार्यान्वयनको चुनौतीलाई सहजीकरण गर्दै स्थानीय तथा प्रतिनिधि सभा चुनावमा अप्रत्यशित विजय प्राप्त गऱ्यो। चुनावमा नेकपा (माओवादी) को आकार छोट्टिएको कारण ओलीले प्रचण्डसँग पार्टी एकीकरण गर्न सफल भयो। कालो संविधान भनेर आन्दोलन गर्ने उपेन्द्र यादवको संघीय समाजवादी फोरम र राजपा मध्ये बढि प्रगतिशील तथा ओली नजिक देखिएका उपेन्द्र यादवलाई आन्दोलनबाट निकालेर चुनावमा चमत्कारी ढंगले पठाएको सफलताको श्रेय ओलीलाई नै जान्छ। अन्ततोगत्वा आन्दोलनमा एक्लै रहेको राजपा चौतर्फी दबाव झेल्न नसकेर चुनावमा भाग लिए। यसरी कालो संविधान भन्नेलाई आन्दोलनबाट मूलधारमा ल्याउने के.पी. शर्मा ओलीको सुझबुझ, चाढर्यता प्रष्ट देखिन्छ।

यसरी सरकारका अगाडि साना तिना व्यवधान उत्पन्न गर्ने घटनाहरूमाथि आफ्नो मनोनुकुल विजय प्राप्त गर्दै जाँदा अहंकार बढ्न स्वाभाविक थियो। प्रधानमन्त्री के.पी. शर्मा ओली विकेन्द्रीत धेरै निकायलाई आफ्नो मातहतमा लिँदै जाँदा "संघीय लोकतान्त्रिक गणतन्त्र" पद्धतिमा शासकको निरंकूशता बढ्न लाग्दा भित्र र बाहिरका असन्तुष्ट पक्षहरू सक्रिय हुन थाल्यो। गुठी विद्येयक ल्याउँदा नेवारहरूको विशाल आन्दोलन, सरकारद्वारा साजिशपूर्ण ढंगले टी.वी जर्नालिष्ट रवि लामिछाने प्रकरणको विशाल आन्दोलनले यो सरकारको निरंकूशतालाई उजागर गऱ्यो। ज्ञानेन्द्र शाही जस्ता साना तिना घटनाहरू विस्तारै यो सरकारको विरूद्ध संगठित हुन थाल्यो। सरकारको चारैतिरको विरोधले यसको लोकप्रियता क्षीण हुन थाल्यो। ज्ञानेन्द्र शाहले पनि आफ्नो सक्रियता बढायो। पछि नेकपा पार्टीभित्रै शीर्वस्थ नेताहरू ओलीका कट्टर आलोचक बन्दै गए।

दुई तिहाई नजिक रहेको शक्तिशाली सरकार विरूद्ध असन्तुष्ट पक्षको ध्रुवीकरण र आफ्ना सहकर्मीहरू समेतको असहयोगका कारण संकटमा परेको ओलीलाई "भारतको नक्शा प्रकरणले संजीवनी प्रदान गरि दियो। भारतले २०१९ नोभेम्बर ९ तारेखका दिन जम्मू, काश्मिर र पी.ओ.के. समेटेर नयाँ नक्शा प्रकाशित गऱ्यो। नेपाली भूमि भारतले हडपेको भनेर कथित राष्ट्रवादी शक्तिलाई सीमा विवादको नाममा प्रधानमन्त्री के.पी. शर्मा ओलीले उचालेर देशभरि हंगामा गराई सम्भावित आन्दोलनको खतरालाई गौण बनायो। सीमा विवादको मिथ्या प्रचार गराई प्रतिकूलको वातावरणलाई आफ्नो पक्षमा पार्न ओली सफल देखिएको छ।

चीनसँग अन्तरंग सम्बन्ध विकसित गरेर नेपाली राजनीतिमा ऐतिहासिक वर्चस्व कायम गरेका के.पी.शर्मा ओली एमसीसीले वैधानिकता पाएपछि चीनसँगको शक्ति सन्तुलन कसरी कायम राख्ने भन्ने प्रश्न प्रधानमन्त्री समक्ष टड्कारो रूपमा आउनेछ। हुनत खेमा परिवर्तन नेपाली नेताहरूको लागि कुनै नौलो कुरा होइन। राजनीतिमा शभु र मित्र कोही हुँदैन नेपाली नेता जस्ता बढि बुझ्ने कोही छैन। एमसीसी पास भएपछि नेपाली राजनीतिमा केही नौलोपन आउने जानकारहरू बताउँछन्।

*janukjha24@gmail.com*

## साताको सात बात



समाजमा भ्रष्टाचार गर्ने र गराउने दुवै राष्ट्रका शत्रु हुन्। नैतिकवान्, मर्यादित र सभ्य समाजका लागि भ्रष्टाचार निर्मूल पार्नुपर्दछ। मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन र प्रविधिको शासन कायम गर्न सबै क्षेत्रको सहकार्य र सहयोग जरूरी रहेको छ। **विद्यादेवी भण्डारी, राष्ट्रपति**



पूँजी र श्रमशक्तिको अभाव एवं पछिल्लो समयमा भएको युवा पलायनले देश नै परनिर्भर भइरहेको छ। आत्मनिर्भर बन्न युवालाई उद्यमशीलतासँग जोड्न सक्नुपर्छ र देशमै रोजगारीको अवसर सिर्जना गर्न जरूरी छ। सुशासन र असल नेतृत्वबाट मात्र नेपाल समृद्धिमा जानसक्छ। **डा.बाबुराम भट्टराई, अध्यक्ष, समाजवादी पार्टी**



कांग्रेस र कम्युनिष्टको विकल्पको रूपमा राप्रपा अगाडि बढेको छ। राप्रपालाई अझ अगाडि बढाउन देशभरका कार्यकर्ताको प्रतिबद्धता र मेहनतको जरूरी भएको छ। संगठन निर्माणको जगमा पार्टीलाई राष्ट्रिय राजनीतिमा स्थापित गराउने दृढता हामीसँग छ। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**



राजनीतिक दलहरूका महिलानेतृहरूले बोल्न र कुनै कुराको दाबी गर्न धक मान्ने गरेका छन्। त्यसरी बोल्दा दलबाटै बाहिरिनुपर्ने हो कि भन्ने डर पनि उनीहरूले पालेको देखिन्छ। डराउने र धक मान्ने हो भने महिलालाई माथि आउन निकै सकस पर्नेछ। **सुशीला कार्की, पूर्वप्रधानन्यायाधिश**



माओवादी आन्दोलनभित्रै मूल नेतृत्वमा पैदा भएको नवसंशोधनवादी विचलन र गद्दारीका कारण अहिले जनयुद्ध र क्रान्तिको प्रक्रियाले गम्भीर धक्का खान पुगेको छ। जनयुद्धको पच्चिसौं वार्षिकोत्सवको उपलक्ष्यमा हाम्रो पार्टी विभिन्न समूहमा छरिएर रहेका क्रान्तिकारीहरूलाई क्रान्तिको प्रक्रियामा गोलबन्द भइ अगाडि बढ्न आह्वान गर्दछ। **मोहन वैद्य किरण, महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)**



सरकारले देशको शीर झुक्ने काम कहिल्यै गर्दैन। सरकारले राष्ट्रियता, स्वाधिनता र सार्वभौमसत्तालाई कमजोर बनाउने कुनै पनि काम गरेको छैन। पूर्खाहरूले नेपाललाई सार्वभौम सम्पन्न, स्वाधीन राष्ट्रका रूपमा बचाइराख्नुभयो, अब हाम्रो पुस्ताले पनि त्यसलाई कमजोर हुन दिने छैन। **नारायणकाजी श्रेष्ठ, प्रवक्ता, नेपाल कम्युनिष्ट पार्टी**



मधेशमा अहिले भ्रष्टचारी, तस्कर र गुण्डाको जंगलराज चलिरहेको छ। त्यही जंगलराज र गुण्डाराजलाई समाप्त पारेर जनताको राज ल्याउन जनमत पार्टी जन्मिएको हो। मधेशी दलहरूले नै भ्रष्टचारी, तस्कर, गुण्डालाई संरक्षण दिएर मधेशमा लुटतन्त्र मच्चाइरहेका छन्। **डा. सीके राउत, अध्यक्ष, जनमत पार्टी**

# महिला शिक्षा र प्रयोग

## "कन्यादानको साटो शिक्षादान गरौं"



मौसमी कुमारी कुशवाहा

*यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवता:*

भनाइको तात्पर्य जहाँ नारीको पुजा गरिन्छ त्यहाँ देवताको बाँस हुन्छ। एउटा पुरूष शिक्षित भयो भने एउटा व्यक्ति शिक्षित हुन्छ तर एउटा महिला शिक्षित भयो भने सिङ्गो पिँढी नै शिक्षित हुन पुग्छ। इतिहास साक्षी छ, हरेक सफल व्यक्तिको पछाडि एउटा महिलाको हात हुन्छ। अरूको कुरा के गरौं आज जुन मेरो अस्तित्व छ जुन ठाउँमा म पुगेकोछु त्यो सम्पूर्ण मेरी ममताकी सागर करूणामयी आमाकै देन हो। तसर्थ एउटा महिला परिवारको, समाजको र सिङ्गो राष्ट्रकै अपरिहार्य पाटोको रूपमा रहेको हुन्छ।

बिडम्बना विश्वका कतिपय ठाउँमा अहिले पनि महिलालाई सामाजिक र पारिवारिक दृष्टिले अभिशापको रूपमा हेर्दछन्। यस्तो पुरूषप्रधान देशको समाजको नाकारात्मक र हिनतापूर्ण सोच रहेछ कि पुरूषको तुलनामा महिला शक्तिशाली हुँदैन। महिलालाई शक्ति, पूर्ण अधिकार र स्वतन्त्रता दिइयो भने पुरूषको आधिपत्यमाथि खतरा आउन सक्छ।

जन्मसँगै हरेक जीव आन्तरिक शक्ति लिएर जन्मन्छन् तर त्यो आन्तरिक शक्तिलाई पारिवारिक वातावरणले प्रभाव पार्दछ। हाम्रै समाजमा कतिपय महिलाको आन्तरिक शति पारिवारिक डर, सङ्कीर्ण सोचले दबिन पुग्छ। यस्ता समस्या हुँदाहुँदै पनि शिक्षाको प्रकाश जसमाथि पऱ्यो त्यो बीजरूपी महिला उम्रन पुग्छ। यदि शिक्षाको प्रकाश महिलासम्म पुग्यो भने हरेक महिला आत्मनिर्भर र स्वावलम्बी भई प्रज्वलित हुनेछ। हरेक दिन सयौं निर्दोष कन्याको भ्रूण हत्या हुनेछैन।

सामाजमा महिला हिंसा, हत्या, शोषण, बलात्कार, मानसिक द्वन्द्व, दु:ख, पीडासम्मका समस्यामा न्यूनीकरण हुनसक्छ। सदियौंदेखि चल्दै आएको दाइजो प्रथा, घुँघटो प्रथा, छाउडी प्रथा, देवकी प्रथा, विधवा प्रथा जस्ता अन्धविश्वासले गर्दा हरेक महिलाको अस्तित्व बल्झिएको छ। हाम्रो पुरूषप्रधान देशमा निर्दोष महिलाको स्वच्छ भावनासँग, उनीहरूको निरीह आँखाले देखेको सपना, रगतको एक-एक थोपा, अस्तित्व, स्वभिमान र आत्मसम्मानसँग हामी थोपारिएको प्रथा मनाउने गरेका छौं। महिलाका यी सम्पूर्ण नाद बिनाको रूदन, कथा-व्याथा र पीडालाई मात्र शिक्षाकै शङ्खनादले गुञ्जायमान गराउन सकिन्छ।

तराई भेगका समाजमा व्यापत दाइजो प्रथा एक कुप्रथा क्यान्सर जस्तै चर्किएको घाउ हो। यसको प्रभाव कम हुनुका सट्टा दिन प्रतिदिन यसको स्वरूप झन् बल्झिँदै गएको छ। पहिला बाजी समाजसम्म सीमित रहेपनि वर्तमान समयमा मुस्लिम, पहाडीलगायत थारू समाजसम्म सल्किँदै गएको छ। तसर्थ यो कुप्रथाबाट बिकृत समाजलाई प्रभावमुक्त गर्न आमाबुबालाई कन्यादान नगरि शिक्षादान गर्ने उद्देश्यका साथै आफ्नो कर्तव्य सम्झिनु पर्दछ। साथै शिक्षाको माध्यमले नै बेटी बचाउ, बेटी पढाउ, बेटीलाई आत्मनिर्भर बनाउ भन्ने नाराका साथ अघि बढ्नु पर्दछ।

वि.स. २०७२ को जनगनणाअनुसार पुरूष ७५ प्रतिशत शिक्षित भएपनि महिला जम्मा ३५ प्रतिशत तथ्याङ्क देखियो। दिएको तथ्याङ्कलाई मध्ये नजर गर्ने हो भने पुरूषको तुलनामा महिला ५० प्रतिशत नै शिक्षित देखियो। वि.स.२०७२ का संविधान अनुसार महिलालाई शत प्रतिशतमध्ये कानूनी रूपमा जम्मा ३३ प्रतिशत अधिकार दिएको भएपनि हम्रो पुरूषप्रधान समाजमा महिला अधिकार नाममै सीमित रहेको छ।

जबसम्म महिला शिक्षित हुँदैनन् तबसम्म महिला कमजोर नै रहन्छन्। हाम्रो आँखा अगाडिको हृदयविदारक घटना हो एउटा निर्दोष बालिका निर्मलाको बलात्कार गरी निर्मम विभत्स हत्या भएको देखियो। तर, दु:खको कुरा अहिलेसम्म न्याय पाउन सकेन। यस्तो समाजमा त्यो शिक्षाको त्यो पुरूषत्वको के अर्थ ? आज पनि शिक्षाका अभावमा पहाडभन्दा तराईका महिलाहरू किल्चिएकै छन्।

विशेषगरी तराई मूलमा प्रेमलाई स्वतन्त्र रूपमा स्विकार नगर्ने भएको कारण मधेशका छोरीहरू अहिले पनि शिक्षाबाट बञ्चित रहेका छन्। जातपातको भेदभावले गर्दा, अर्को जातसँग छोरी प्रेम गऱ्यो भने आमाबुबाको इज्जत, मानसम्मान माटोमा मिसिन्छ, नाक काटिन्छ भन्ने सङ्कीर्ण सोचले गर्दा घर बाहिर शिक्षा प्राप्तिका लागि पनि बन्देज लगाइएको छ।

यी सम्पूर्ण समस्याको निवारण जबसम्म महिला शिक्षित हुँदैनन् तबसम्म परिवर्तन हुँदैन। एक समयमै एउटा महिला विभिन्न भूमिका निर्वाह गरेकी हुन्छिन्। एउटै महिला आमा बनि छोराछोरीलाई शिक्षित बनाउँछिन्। दिदी बनी भाईबहिनीको मार्गदर्शक बन्छिन्। बुहारी बनी सासुससुराको सहारा बन्छिन्। स्वास्नी बनी श्रीमान्‌को काँधमा काँध मिलाएर हिड्छिन्। एउटा प्रगतिशील घर, समाज, राष्ट्र हुनका लागि महिला शिक्षा

*बाँकी पृष्ठ ४ मा*

# समाजवादीले गरेको गल्ती राजपाले पनि दोहोर्‍याउनु हुँदैन

राष्ट्रियसभा निर्वाचनको समयमा दुवै पक्षबीच भेटघाट र छलफल भएको थियो । तर, अहिले यही अवस्थामा सरकारमा जाने कुरा जनभावनाको घोर विपरीत हुन्छ र राजपाले आफ्नो जनाधार गुमाउँछ । यो समाजवादी पार्टीले बुझिसकेको छ र त्यही गल्ती राजपाले पनि गर्नु हुँदैन ।



**सर्वेन्द्रनाथ शुक्ल**

**वरिष्ठ उपाध्यक्ष, राजपा नेपाल**

**० समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले एकताको विषयमा राजपा नेपाल पछाडि हटेको भन्ने गुनासो गर्नुभएको छ । राजपा अहिले एकता नचाहेकै हो त ?**

– राजपा नेपाल पहिला पनि समाजवादी पार्टीसँग एकता गर्ने पक्षमा थियो र अहिले पनि छ । तर एकीकरणभन्दा अगाडि आफ्नो घर सुव्यवस्थित गर्नुपर्छ । एकताका विषयमा हाम्रा अध्यक्षमण्डलका नेताहरू सकारात्मक नै हुनुहुन्छ । प्रदेश २ मा दुईटै पार्टी सरकारमा छन् र त्यो सरकारको आधार जनताले दिएको अभिमतको सन्दर्भमा पनि एकता महत्वपूर्ण देखिएको छ । त्यसैले एकताबाट राजपा पछाडि हटेको कुरा नितान्त गलत हो ।

**० समाजवादी पार्टी सरकारबाट बाहिरिएदेखि राजपाका नेताहरूमा भागमभागको अवस्था रहेको, भेटघाट पनि बन्द भएको भन्ने गुनासो उपेन्द्र यादवले राजपाकै पार्टी कार्यालयमा गर्नुभयो नि ?**

– कुनै व्यक्तिको बारेमा उहाँले यस्तो भन्नुभएको होला । हाम्रा अध्यक्षजीहरूसँग उहाँको भेटघाट भई नै रहेको छ । काठमाडौंमै नभएको मान्छेलाई कहाँबाट भेट्ने ? समाजवादी सरकारमा हुँदा र राजपा बाहिर हुँदाको अवस्थामा निश्चितरूपमा फरक थियो । एउटा पार्टी सरकारभित्र बस्ने र अर्को पार्टी प्रतिपक्षमा बसेर एकताको अन्तिम टुंगो लगाउन बाधा नै थियो । दुवै पक्षले मधेशको मुद्दालाई उच्चारण मात्रै होइन, त्यसअनुसार दिशानिर्देश गरेर, मार्गचित्र बनाएर अगाडि बढ्नुपर्छ भन्ने धारणा हो ।

**० अहिले दुवै पार्टी सरकारबाट बाहिर छन्, तर राजपा नेकपासँग नजिकिएको देखिन्छ । अहिले एकताको बाधक के छ ?**

– पहिला समाजवादी पार्टी सरकारमा हुँदा एकताका अलिकति बाधा देखिएको थियो । विगतमा पनि एकताको बाधक सत्ता मात्रै होइन, अन्य कुराहरू पनि थियो । समाजवादी सरकारबाट बाहिरिने बित्तिकै एकता घोषणा हुन्छ भन्ने स्थिति आइसकेको थिएन । जुन कुराहरू मिल्न बाँकी थियो त्यसमा अहिलेको परिप्रेक्ष्यमा मिलाउनुपर्छ । जहाँसम्म राजपा अहिले नेकपासँग नजिकिएको भन्ने विश्लेषण गरिँदैछ । प्रतिपक्षसँग पनि हाम्रो त्यतिकै सामिप्यता छ । तर, राजपा नेकपासँग विशेष सामिप्यता वा नजिकिएको छैन । राष्ट्रियसभा चुनावका लागि मात्रै राजपाले नेकपासँग रणनीतिक सहकार्य गरेको थियो । त्यो सहकार्य दीर्घकालीन नै हो र आगामी दिनमा घाँटी जोडेर जाने स्थिति तत्काले आइसकेको छैन ।

**० तर, अहिले नेकपासँग राजपा मित्रवत् सम्बन्ध बढाउँदै गएको देखिन्छ । सभामुखको निर्वाचनमा राजपा समर्थक नै रह्यो नि ?**

–सभामुखको निर्वाचनमा समर्थकको रूपमा बस्नु भनेर नेकपाले राजपालाई आग्रह गरेको थियो । जब सभामुखमा चुनाव लड्ने हाम्रो क्षमता छैन भने सभामुख जस्तो पदमा पक्ष र विपक्ष हुनुहुँदैन भन्ने हाम्रो धारणा हो । किनभने संसदलाई निष्पक्ष र प्रभावी बनाउनका लागि सबैले मिलेर सभामुखलाई समर्थन गरेका थिए । जब प्रमुख प्रतिपक्षी नै सभामुखको विपक्षमा देखिएन भने हामी विरोध गर्ने, विपक्ष मत दिनेभन्दा नेकपाको आग्रहलाई स्वीकार गरेर हस्ताक्षर मात्रै गरेका हौं । त्यो पनि सभामुखका लागि मात्रै गरेका हौं, सरकारमा जानका लागि वा कुनै पद पाउनका लागि गरेका छैनौं भन्ने स्पष्ट छ ।

**० राजपाले उपसभामुख र सरकारमा जानका लागि नेकपासँग बार्गेनिङ्ग गरिरहेको भन्ने कुराको पनि चर्चा छ नि ?**

– हामी सरकारमा जानै हुँदैन, कसम खाएका छौं भन्ने कुरा होइन । तर, सँगसँगै यो पनि स्पष्ट हुनुपर्छ कि हाम्रा जति मुद्दाहरू छन्, त्यसलाई त्यतिकै प्राथमिकताका साथ लिएर हिँडिरहेका छौं । सांसद रेशम चौधरीको रिहाइ, अन्य राजबन्दीहरूको रिहाइ र मधेश मुद्दाको संशोधन नै हाम्रो प्राथमिकतामा छन् । संविधान संशोधनका चारवटा प्रमुख बुँदा जुन विगतमा केपी ओली पहिलोपटक प्रधानमन्त्री हुँदा तत्कालीन परराष्ट्रमन्त्री कमल थापाद्वारा हामीले दिएका थियौं त्यो कुरा हामीले छोडेका छैनौं । आज पनि हामी त्यसमा अडिग छौं । त्यो कुरा हामीले छोड्न पनि हुँदैन । किनभने जनतालाई हामीले त्यही विश्वास दिलाएर आज हामी केन्द्र र प्रदेशमा यो स्थितिमा छौं । त्यसैले त्यो मुद्दाबाट हामी कति पनि विचलित भएका छैनौं । ती मुद्दाहरूको समाधान नभइकन सरकारमा हामी कदापि जानु हुँदैन भन्ने कुरामा हाम्रा अध्यक्षमण्डलका नेताहरूको विचार प्रष्टरूपमा आइरहेका छन् । यी मागहरू पूरा नभइकन यदि कोही सरकारमा जान्छन् भने त्यो उसको व्यक्तिगत स्वार्थ होला । तर, त्यो पार्टीको संस्थागत निर्णय होइन । पार्टीका अधिकांश समर्थक र कार्यकर्ताहरूको अहिलेको विचार यही छ कि पहिला मुद्दा सम्बोधन हुनुपर्‍यो, एकतर्फीरूपमा सरकारमा सहभागी हुनुहुँदैन । नेतृत्व पनि यसमा दृढ नै हुनुहुन्छ ।

**० तर, प्रधानमन्त्रीसँग राजपाको छलफल निरन्तर चलिरहेको छ नि ?**

– सरकारमा सहभागिताबारे अहिलेसम्म सत्तारूढ दल वा प्रधानमन्त्रीबीच कुनै पनि छलफल भएको छैन । केही सञ्चारमाध्यमहरूमा हाम्रा पार्टीका अध्यक्षमण्डलका नेता र प्रधानमन्त्रीबीच छलफल भएको समाचार आएको थियो । त्यो कुरा पूर्णरूपमा आधारहीन छ । यो बीचमा हाम्रा अध्यक्षमण्डलका नेताहरूको प्रधानमन्त्रीसँग टेलिफोनमासमेत कुराकानी भएको छैन । राष्ट्रियसभा निर्वाचनको समयमा दुवै पक्षबीच भेटघाट र छलफल भएको थियो । तर, अहिले यही अवस्थामा सरकारमा जाने कुरा जनभावनाको घोर विपरीत हुन्छ र राजपाले आफ्नो जनाधार गुमाउँछ । यो समाजवादी पार्टीले बुझिसकेको छ र त्यही गल्ती राजपाले पनि गर्नु हुँदैन ।

**० राजपा अध्यक्षमण्डलका दुई जना नेता प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटेर भारत भ्रमणमा गएको भन्ने कुरा पनि आइरहेको छ । वास्तविकता के हो ?**

– हाम्रा पार्टीका अध्यक्षमण्डलका दुई जना नेता सपरिवार निजी भ्रमणका लागि छिमेकी मित्रराष्ट्र भारत जानुभएका छन् । राजनीतिक भ्रमणमा सपरिवार जानुको कुनै तात्पर्य छैन । उहाँहरूको भ्रमण भारतका विभिन्न ठाउँहरूमा छ । अहिलेको मौसम पनि बसन्त ऋतु हो । परिवारसँग घुम्न बडो सुखद र आनन्ददायक पनि हुन्छ । त्यो भ्रमणको क्रममा निश्चितरूपमा राजनीतिक भेटघाट पनि हुनसक्छ । तर, कुनै एजेन्डालाई बोकेर, प्रधानमन्त्रीको निर्देशनमा राजपा अध्यक्षमण्डलका नेताहरू भारत भ्रमणमा गएको भन्ने जुन अड्कलबाजीहरू गरिँदैछ, त्यो कदापि होइन ।

**० अख्तियारले भ्रष्टाचार मुद्दामा चलाएको कारबाहीलाई लिएर कांग्रेसले विरोध गरिरहेको छ, राजपाको धारणा के छ ?**

– यो मुद्दामा अनुसन्धान निष्पक्ष भयो भने विश्वसनीयतामा कमी आउँदैन । अहिलेको सरकारले जुन किसिमले विभिन्न संवैधानिक निकायमाथि दबाब सिर्जना गरेको छ अथवा अदृष्य दबाब छ, जसले गर्दा अधिकांश संवैधानिक निकायहरू त्रस्त छन् । निष्पक्षरूपमा काम गर्ने वातावरण छैन । दुई तिहाइको बहुमतको सदुपयोग राष्ट्रको समस्या समाधान गर्नुको सट्टा सत्तारूढ दलका नेताहरूको समस्या सृजना गर्ने काममा गरिरहेका छन् । अनुसन्धानको क्रममा समान दोषमा समान व्यवहार हुनुपर्ने हो । यदि त्यो अपराध हो भने सबै कारबाहीको दायरामा आउनुपर्छ । यसमा अख्तियार कहीं न कहीं चुकेकै हो । अख्तियारको क्रियाकलापको विरूद्धमा सरकारको निर्देशन छ । त्यो भने हाम्रो संविधानको मर्म र भावनाको ठाडै विपरीत हो । त्यसरी गर्ने यो सरकारलाई अधिकार छैन । रह्यो कुरा कांग्रेसले के गरिरहेको छ भन्ने सन्दर्भमा यदि कांग्रेसले मेरो मान्छे भ्रष्टाचार गरेको छैन भन्ने कुराको स्ट्याण्ड लिन्छ भने त्यो कुरो अदालतमाथि छोडिदिनुपर्छ ।

**० भनेपछि अख्तियार जस्तो संवैधानिक निकाय सत्तारूढ दलको प्रभावमा परेर यस्तो कारबाही चलाएको हो ?**

– यसमा दुईटा कुरा हुनसक्छ, किन अख्तियारको लापरबाहीले समान दृष्टिकोणले हेरेन होला अथवा जुन किसिमले सरकारले त्रास खडा गरेको छ त्यो दबाबले पनि गरेको हुनसक्छ । यसको जवाफ त अख्तियारकै पदाधिकारीहरूले आधिकारिकरूपमा दिन सक्छन् । त्यो जवाफ दिन पनि उहाँहरू डराउनुहुन्छ । तर, परिणाम हेर्दा चुक हो वा दबाब हो । त्यसको स्पष्टता त अनुसन्धान माथिको अनुसन्धानले देखाउँछ ।

**० एमसीसीको विषयमा पनि यहाँ धेरै पक्ष र विपक्षमा बहस भइरहेको छ, राजपाको आधिकारिक धारणा के हो ?**

– एमसीसीबारे मैले पनि गहिरो अध्ययन गरेको छु । मैले हेर्दा नेपालले छानेको आयोजना, यदि अमेरिकाले दिन्छ र त्यो दिनका लागि संसदबाट पास गराउनुस् भन्छ भने त्यसमा अन्यथा लिनुपर्ने कुनै कुरो छैन । एमसीसीमा राष्ट्रविरोधी कुनै कुरा छैन ।

**० एमसीसीको सर्तमा भारतसँग सहमति लिनुपर्ने भन्ने कुरो पनि छ नि ?**

– भारतमा लाइन बनाउनुपर्ने हो भने भारतसँग सहमति लिनुपर्छ, चीनमा लाइन बनाउने हो भने चीनसँग सहमति लिनुपर्ने हुन्छ । अब अरू देशको सीमा नेपालसँग जोडिएको छैन । जहाँ प्रसारण लाइन बनाउने हो त्यो देशसँग सहमति माग्नु राष्ट्र विरोधी होइन । यदि नेपालमै बनाउनका लागि भारतसँग सहमति लिनुपर्छ भन्ने कुरा भएको भए त्यो बेठिक हो । तर, भारतमा निर्माण गर्नका लागि भारतसँग सहमति लिनुलाई अन्यथा व्याख्या गर्नुहुन्न । एमसीसीको विषयमा सत्तारूढ दलकै नेताहरू स्पष्ट हुनुहुन्न । यो नाटक हो कि साँच्चै विरोध भन्ने कुरा बुझ्न सकिरहेको छैन ।

# अख्तियारले सत्तापक्ष र प्रतिपक्ष चिन्नु हुँदैन

अख्तियार जस्तो संवैधानिक निकायले 'पिक एण्ड चूज' गर्न पाउँदैन, सेलेक्टिभ जस्टिस गर्न पाउँदैन । कोही पनि व्यक्ति कानूनभन्दा माथि छैन । भ्रष्टाचार भनेको यो मुलुकका लागि क्यान्सर हो । यसले मुलुकको लोकतान्त्रिक स्थिरतालाई पनि ध्वस्त गर्छ । त्यसैले, भ्रष्टाचार गर्ने जोसुकै हुन्, ती सबै व्यक्ति राष्ट्रका शत्रु हुन् ।



**दिनेश त्रिपाठी**

**वरिष्ठ अधिवक्ता**

**० अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दामा चलाएको कारबाहीलाई कसरी लिनुभएको छ ?**

– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एकथरिलाई मुद्दा चलाएको छ भने अर्कोथरिलाई उम्काएको छ । अख्तियारको संवैधानिक दायित्व के हो भने राज्यशक्तिलाई यदि कसैले दुरूपयोग गरेको छ भने त्यसको विश्वसनीय अनुसन्धान गर्नु पर्छ । विश्वसनीय अनुसन्धान गरे अभियोजन गर्नु अथवा मुद्दा चलाउनु अख्तियारको संवैधानिक दायित्व हो । यस्तो संवैधानिक आयोगले कसैलाई फँसाउने र कसैलाई उन्मुक्ति दिने दृष्टिकोण राख्नु हुँदैन । कुन व्यक्ति सत्तारूढ दलका हुन्, कुन विपक्षी दलका हुन्, कसको नातेदार हुन् भन्ने आधारमा मुद्दाको अनुसन्धान र अभियोजन गरिनु हुँदैन । यो मुद्दामा अख्तियारले मुद्दा चलायो, यसलाई राम्रै भन्नु पर्छ तर केही व्यक्तिविरूद्ध मुद्दा चलाउने पर्ने कुरामा अख्तियारले उन्मुक्ति दिएको छ । केही व्यक्तिविरूद्ध जानी-जानी बद्नियतपूर्ण भाव राखेर अनुसन्धान गरियो र अर्को पक्षलाई उन्मुक्ति प्रदान गरियो । अख्तियारले मन्त्रिपरिषद्को हरेक निर्णयलाई नीतिगत भनेर पन्छाउन मिल्दैन । नीति निर्णय भनेको कुनै सैद्धान्तिक विषयमा तर्जुमा गर्नुपर्‍यो । राज्यको सम्पत्तिलाई कुनै व्यक्तिको नाममा हस्तान्तरण गरिएको छ । यो निर्णय नीतिगत हो, त्यसकारणले छानबिन हुन सक्दैन भन्नु कानूनको गम्भीर अपव्याख्या हो । यसले भ्रष्टाचारको राजमार्ग नै खुल्ला गरेको छ । साना माछाले भ्रष्टाचार गरेको भने मुद्दा चल्ने, तर क्याबिनेट वा प्रधानमन्त्रीले भ्रष्टाचार गरेको छ भने त्यस्तालाई मुद्दा नचल्ने भनेको एकदमै हास्यास्पद हो । यसले गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नै अख्तियारीको दुरूपयोग गरेको देखियो । यस्तो कुरालाई लोकतान्त्रिक समाजमा स्वीकार गर्न मिल्दैन ।

**० भनेपछि सत्तारूढ दलको प्रभावमा आएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस्तो कारबाही चलाएको हो ?**

– सत्तारूढ दलका सबैलाई उन्मुक्ति प्रदान गरिएको छ, प्रतिपक्षीलाई मात्रै मुद्दा चलाइएको छ । सत्तापक्ष वा विपक्षी हुँदैमा उन्मुक्ति वा कारबाही हुनुपर्छ भन्ने छैन । अख्तियार जस्तो संवैधानिक निकायले 'पिक एण्ड चूज' गर्न पाउँदैन, सेलेक्टिभ जस्टिस गर्न पाउँदैन । कोही पनि व्यक्ति कानूनभन्दा माथि छैन । भ्रष्टाचार भनेको यो मुलुकका लागि क्यान्सर हो । यसले मुलुकको लोकतान्त्रिक स्थिरतालाई पनि ध्वस्त गर्छ । त्यसैले, भ्रष्टाचार गर्ने जोसुकै हुन्, ती सबै व्यक्तिहरू राष्ट्रका शत्रुहरू हुन् । उनीहरूलाई सम्मानरूपमा दण्डित गरिनुपर्छ । कुनै भ्रष्टाचारीलाई उन्मुक्ति दिने, कसैलाई कारबाही गर्ने सेलेक्टिभ जस्टिस लोकतान्त्रिक प्रणालीमा मान्य हुन सक्दैन ।

**० प्रतिपक्षीका नेताहरू कारबाहीमा पर्दा अख्तियारले पिक एण्ड चूज कसरी भयो ?**

– प्रतिपक्षीलाई कारबाही नै गर्नु हुँदैन म भन्दिँन । तर, अख्तियारले सत्तापक्ष र प्रतिपक्ष भनेर चिन्नु हुँदैन । अख्तियारले आफ्नो काम व्यावसायिक ढंगले गर्नुपर्‍यो । यदि कसैले कानून तोडेका छन्, राज्यलाई हानी पुर्‍याएका छन् भने उनीहरू सबै समानरूपमा कारबाहीको भागिदार हुनुपर्छ । संवैधानिक निकायहरू सत्तारूढ दलको औजारको रूपमा प्रयोग हुनुभएन । संवैधानिक निकायहरू सत्तारूढ दलको हतियार बन्नु भनेको निकै खतरनाक हो । यो लोकतन्त्रका लागि खतरा हो । अख्तियार के परियोजनका लागि बनाइएको हो, त्यसको उद्देश्य नै पराजित भयो । यसले कानूनी राज्यको गम्भीर उपहास भएको छ । यसले के देखाएको छ भने पूरा मन्त्रिपरिषद्लाई नै माफियाले आफ्नो खल्तीमा राखेर हिँडेका छन् । माफियाले चाहे भने जे पनि निर्णय क्याबिनेटबाटै पास गराउन सक्दोरहेछ भन्ने देखिएको छ । क्याबिनेटले भूमाफियामाले भनेको जस्तो निर्णय गरिदिँदो रहेछ भन्ने देखियो । हाम्रो राजनीतिक प्रणाली, सुशासन, लोकतन्त्र, स्थिरताको लागि यो एकदम ठूलो खतरा हो । सत्तारूढ दलको शक्तिशाली एकजना व्यक्तिले म यो जग्गा फिर्ता गर्छु भन्नुभयो फिर्ता गरेपछि उहाँलाई उन्मुक्ति दिईयो त्यस्तो मौका अरूलाई किन दिइएन । यदि कसैले आफूले भ्रष्टाचारबाट आर्जिक गरेको सम्पतिलाई पछि अनुसन्धानको घेरामा पर्‍यो, अख्यितारले समात्यो भने फिर्ता गर्न त जो पनि तयार रहन्छ । फिर्ता गर्‍यो भने के उसले आफ्नो आपराधिक दायित्वबाट उन्मुक्ति पाउँछ । भ्रष्टाचारको कसुर भनेको त एउटा गम्भीर अपराध हो । त्यसरी उन्मुक्ति दिनु लोकतन्त्रमा जायज छ । यदि कसुरको मात्रा समान छ भने सजाय पनि समान हुनुपर्छ, नभए कानुनको समानताको सिद्धान्त नै धरासायी बन्ने अवस्था आउन सक्छ ।

**० नेपालका संवैधानिक निकायहरूले आफ्नो विश्वसनीयता गुमाउँदैछ ?**

- यो मुद्दाबाट अख्तियार दुरूपयोग आयोगले आफ्नो विश्वसनीयता गुमाएको छ । अख्तियारको प्रयोजन उच्च तहमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्नु हो । यो कसैको अधिनमा नरहेर स्वतन्त्र रूपमा संचालित संवैधानिक निकाय हो । त्यो संस्थाले आफ्नो भूमिकालाई बिर्सनु, आफ्नो शक्तिलाई नदरअन्दाज गर्नुले यी संस्थाहरूको पवित्रता ध्वस्त भएको छ ।

**० अहिले कम्युनिष्ट पार्टीको बहुमतको सरकार छ, बहुमतको सरकारले आफ्नो शक्ति प्रयोग गरेर अख्तियारद्वारा प्रतिपक्षलाई कारबाही गर्न लगायो, त्यसैगरी कांग्रेसपनि सत्तामा पुग्यो भने यस्तै बाटो रोज्छ कि ?**

- यहाँ प्रतिस्पर्धाको भावनामा काम गर्ने प्रणालीको विकास भएको छ । लोकतान्त्रिक व्यवस्थामा यस्तो हुनुहुँदैन । अख्तियार जस्तो संस्था कसैको आस्थाको आधारमा परिचालित हुने होइन आफ्नो संस्थाको स्थानमा रहेर काम गर्नुपर्‍यो । कसलाई कारबाही गर्दा सतारूढलाई फाइदा पुग्छ वा प्रतिपक्षलाई फाइदा पुग्छ कि भन्ने आधारमा त्यस्ता संस्थाहरू अगाडि बढ्ने हो भने भोलिका दिनमा जनताले विश्वस गर्ने कुनै संस्था नै नरहन सक्छ । यो संस्था कसैबाट प्रभावित नहोस् भनेर यहाँ नियुक्त हुने पदाधिकारीहरूका लागि राष्ट्रिय सहमति जुटाउनु पर्ने हुन्छ । यस्ता पदमा रहेका व्यक्तिले आफ्नो पदको दुरूपयोग गरेको भेटिएमा मात्र संसदले महाअभियोग लगाएर पदमुक्त गर्न सक्ने संविधानले नै व्यवस्था गरेको छ । त्यसको मर्यादालाई पनि ध्यान राख्नुपर्ने हुन्छ । संविधानले अधिकार दिएको भए पनि, संविधानले नै स्वतन्त्र बनाएको भए पनि त्यस संस्थाभित्र बसेर काम गर्ने व्यक्तिहरूले आफूलाई स्वतन्त्र महसुस गर्न सकिरहेका छैनन् । अरूले दिएको आदेशमा संचालित भइरहेको छन् । आज अख्तियारको विषयलाई लिएर आम जनताले प्रश्न उठाइरहेका छन् यो गम्भीर विषय हो ।

**० कांग्रेसले गरिरहेको विरोधलाई कसरी हेर्नुहुन्छ, यो जायज हो ?**

- मुद्दामा छानबिन गर्दा जसको सहभागिता रहेको देखिन्छ, प्रमाण भेटिन्छ, त्यसले राज्यलाई असर गरेको देखिन्छ त्यसमाथि मुद्दा चल्नै पर्छ । यस्ता विषयमा म छानबिन गर्दिन भनेर अख्तियारले भन्न मिल्दैन । यो पार्टीको मान्छे हो, आफन्त हो भन्ने हिसाबले कसैलाई उन्मुक्ति दिनुहुन्न र यो व्यक्ति कमजोर छ यसलाई कुनै पार्टीको समर्थन छैन भन्ने हिसाबले उ माथि कारबाही गर्नुपर्छ भन्ने छैन ।

**० कांग्रेसले अपनाउनुपर्ने बाटो कस्तो हो ?**

- विजय गच्छदारले आफ्नो लडाइँ अब सडक, संसदमा होइन अदालतमा लड्नुपर्छ । अदालतबाट उहाँले आफ्नो निर्देशिता प्रकट गर्न सक्नुहुन्छ । बाहिर जुलुस निकालेर मुद्दाको विषयमा आफू निर्देश रहेको भनिरहन जरूरी हुँदैन । मुद्दा चलिसकेपछि त्यसलाई स्वीकार गर्न सक्नुपर्छ र आफू निर्दोष हो भने अदालतमा त्यसको पृष्टि गर्न सक्नुपर्दछ । आफ्नो निर्दोषिता प्रमाणित गर्ने प्रयाप्त अवसरहरू उहाँलाई अदालतमा उपलब्ध गराइन्छ । जुलुस र नारा लगाएको आधारमा अदालतमा फैसला हुँदैन । मुद्दाको विषयमा प्रमाणको विषयमा वस्तुगत मूल्यांकन अदालतले गर्न पाउनुपर्छ र अदालतले गर्छ भन्ने हामी विश्वास गरौं । कांग्रेस जस्तो लोकतान्त्रिक पार्टी जसले विधिको शासनमा विश्वास गर्छ भने उसले अदालतको सम्मान गर्नुपर्छ । कांग्रेसको विरोध गर्ने यस्तो शैलीले उसलाई नै घाटा गर्छ ।

**० संवैधानिक निकायहरूको सरकारको प्रभावमा पर्ने गरेको छ, अदालतबाट पनि त्यसको निष्पक्ष छानबिन हुन्छ भन्ने विश्वास गर्ने आधार के छ ?**

- अदालतमाथि हामीले विश्वास गर्नुपर्छ । अदालतलाई बलियो बनाउनुपर्छ । अदालतले निष्पक्ष तरिकाले न्याय सम्पादन गर्न सकोस् भन्नका लागि हामीले सामाजिक वातावरण पनि अनुकुल बनाउनु पर्दछ । सत्तापक्ष, प्रतिपक्ष कतैबाट पनि अनावश्यक दबाब दिनुहुँदैन । संवैधानिक निकायहरूमाथि विश्वसनीयता रहयो भने मात्र विधिको शासन जिवित रहन्छ र लोकतन्त्र बाँच्न सक्छ ।

# उपेन्द्र यादवजी माथि विश्वास गर्नै गाह्रो



**मृगेन्द्र कृमार सिंह**

हामी पहिचानवादी शक्तिहरू हौं। हाम्रो पार्टीले जुन मुद्दालाई लिएर संघर्ष गर्दै आएको छ त्यसैलाई मैले सदन र सडकमा विभेदको विरूद्धमा आवाज उठाउने छु।

हामीले नेकपासँग चुनावी गठबन्धन गरेका थियों। हामीले नेकपाको उम्मेदवारलाई मत दिने र नेकपाले हामीलाई मत दिने भन्ने सहमति भएको थियो। त्यसमा हामी सफल भयौं। हाम्रो तर्फबाट उठ्दै आएको संविधान संशोधन, रेशम चौधरीको रिहाई, झुट्टा मुद्दाहरू फिर्ता गर्न आदि मागहरू नेकपाको सरकारले सम्बोधन गर्छ भने यो सहकार्य अगाडि बढ्दै जान्छ।

राजपालाई उपसभामुख पद दिने र संघीय सरकारमा सहभागी गराउने भन्ने विषयमा पनि बहस जारी छ। वास्तवमा संवैधानिक व्यवस्था के छ भने जुन पार्टीको सभामुख रहन्छ उपसभामुख अर्को पार्टीको र फरक लिंगको हुनुपर्दछ। नेकपाबाट पुरूष व्यक्ति सभामुख बनिसक्नु भएको छ। अब अर्को पार्टीबाट महिला उपसभामुख बन्नुपर्नेछ। त्यसमा कांग्रेस, राजपा, समाजवादी जुन पार्टीबाट पनि हुनसक्छ। अहिलेसम्म औपचारिक रूपमा यो विषयमा कुनै कुरा भएको छैन।

हामीहरू नेकपासँग नजिक हुँदै जाँदा समाजवादीसँग दुरी बढेको कुरा सहि होइन। राष्ट्रिय सभाको चुनावमा पनि समाजवादीले गर्दा नै हामीले नेकपासँग सहकार्य गर्नुपरेको हो। प्रदेश २ मा ४ वटा सिट खाली भएको थियो। त्यसमध्ये दुईवटा सीट हाम्रो थियो एउटा सिट समाजवादीको थियो एउटा सिट कांग्रेसको थियो। हामीले पटक-पटक उपेन्द्र यादवजीलाई भन्यौं हामी सहकार्य गरेर अगाडि बढ्औं तर उहाँको नियतमा खोट थियो। उहाँ आलटालमा कुरा गर्दै जानुभयो। कांग्रेससँग नि सहकार्य गर्छन् मधेशभित्र हाम्रो प्रतिस्पर्धा नै कांग्रेससँग हो सम्म उहाँले भन्नुभयो। पछि हामी राष्ट्रियसभामा प्रतिनिधिविहीन हुन्छौं भन्ने लाग्यो। त्यसपछि हामीले नेकपासँग कुरा गर्‍यौं। कुरा मिल्यो र हामीले नेकपासँग सहकार्य गरेका हौं। उपेन्द्र यादवले आफूलाई मात्र मधेशवादी ठान्नुहुन्छ। त्यस्तै विचार उहाँभित्र रहिरहने हो भने एकीकरण हुन कठिन छ।

उपेन्द्र यादव समय समयमा आफ्नो विचार र बोलि परिवर्तन गरिरहनुहुन्छ। रंग फेर्नुहुन्छ आफ्नो परिवेश अनुसार। आन्दोलनमा सँगसंगै अगाडि बढ्यौं। त्यतिखेर जबसम्म संविधान संशोधन हुँदैन, निर्वाचन क्षेत्रको पुर्नगठन हुँदैन, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारूण हुनुपर्छ भनेर कार्यालयहरू घेराउसम्म गर्नुभएको थियो। निर्वाचनमा भाग लिँदैनौं भन्दै गर्दा सुटुक्क आफ्नो पार्टीभित्र निर्णय गरेर निर्वाचनमा सहभागी हुनुभयो। उहाँमाथि विश्वास गर्ने आधार मधेशको पनि छैन। हामीलाई पनि शंका लागिरहन्छ उहाँमाथि कुन बेला के गर्नुहुन्छ टुंगो ने हुँदैन। हामी त पुरै पहिचानवादी एक हौं भन्ने चाहन्छौं।

हामी त चाहन्छौं मधेशका सबै पार्टीहरू एक हौं। उहाँले मात्रै होईन अरूहरूले पनि भनिरहनु भएको छ। सबै कुरा मिल्नुपर्‍यो, विश्वस हुनुपर्‍यो अनि मात्र हुन्छ एकीकरण। संयोजक मात्र पार्टी होईन उहाँले भनेर मात्र पार्टी एकीकरण हुँदैन।

**समाजवादीसँग** सबभन्दा बढी विश्वासको संकट हो। उपेन्द्र यादवजीमाथि विश्वास गर्नै गाह्रो भईरहेको छ। उहाँले जुनसुकै समयमा धोका दिन सक्नुहुन्छ। **प्रदेश २ मा समाजवादी र राजपाको सरकार छ। नेकपासँग तपाईहरूको तालमेल मिल्दै गयो भने प्रदेश २ मा पनि नेकपा र राजपाको सरकार बन्ने सम्भावना कायम छ तर** त्यस्तो सोचाई त अहिले छैन। हामीले उपेन्द्रजीसँग मिलेर निर्वाचनमा गई जनताको मतको आधारमा सरकार निर्माण गरेका हों। तर, सरकार जुन हिसाबले चल्नुपर्ने थियो त्यो रूपमा चलिरहेको छैन। उपभोक्तहरूको भुक्तानी नभएर लामो समय संसद अबरूद्ध हुँदा पनि मुख्यमन्त्रीज्यूले खासै ध्यान दिनु भएको छैन। जनताले अपेक्षा गरेअनुरूपको परिमाण सरकारले दिन नसकेको महसुश भईरहेको छ। नेकपा र राजपाको सरकार निर्माण गर्ने विषयमा अहिलेसम्म छलफल भएको छैन तर राजनीतिमा असम्भव केही छैन भविष्यमा त्यस्तो हुनपनि सक्छ।

प्रदेश २ का मन्त्रीहरूले जिम्मेवारी निर्वाह गरेनन् भने मुख्यमन्त्रीजीले सचेत गराउनु पर्छ। केन्द्रमा मन्त्रीहरूले राम्ररी काम गरेनन् भने प्रधानमन्त्रीले सचेत गराउने हो। भित्र कसले के काम गर्‍यो गरेन भन्ने सरकारको आन्तरिक कुरा भयो तर जनताले परिणाम खोज्ने हो नि। यदि कोहीले काम गर्न सक्दैन भने हटाउनुपर्छ त्यस्ता व्यक्तिहरूलाई। सरकार सक्षम भएन प्रभावकारी काम भएन भने त्यसको जिम्मा मुख्यमन्त्रीले लिनुपर्दछ।

**प्रदेश २ का राज्यमन्त्री डा.डिम्पल झाले राजीनामा दिनु** उहाँको व्यक्तिगत कुरा हो। यस विषयमा पार्टीभित्र कुनै सल्लाह भएको थिएन। पार्टीभित्र बाट निर्देशन दिइएको भए राजवपाबाट मन्त्री भएका सबैले राजीनामा दिन्थ्ये। राजपा आफ्नो मुद्दा छोडेर सरकारमा जाँदैन। त्यो हिसाबले वातावरण बन्छ भने र सकारात्मक पहल हुन्छ भने सोच्न सकिन्छ। उपेन्द्र यादव जस्तो आफ्नो मुद्दा विचार छोडेर हतारिएर राजपा सरकारमा जाँदैन।

समाजवादी सरकारबाट हामीसँग एकीकरण गर्न भनेर बाहिरिएको होइन। समाजवादीका धेरै कार्यकर्ताहरू दुई पार्टीबीच जसरी पनि एकीरकण गर्नुपर्छ भन्ने पक्षमा हुनुहुन्छ। तर समाजवादीका अध्यक्ष उपेन्द्र यादवजीको इच्छा अर्को छ। म नै मात्र मधेशको नेता हो भनेर देखाउन उहाँ प्रत्यनरत हुनुहुन्छ। यदि त्यो समयमा उहाँ सरकारबाट नबाहिरिनु भएको भए उहाँ बर्खास्तमा पर्नुहुन्थ्यो। समाजवादीमा उपेन्द्र यादव अध्यक्ष रहेसम्म मधेशको पनि हाम्रो पनि विश्वासको संकट रहिरहन्छ।

सीमा विवादमा हामीले कुटनीतिक पहलबाट समाधान निकाल्नुपर्छ भनेका थिएनौं र ? कुनै देशको विरोधमा त्यो देशको झण्डा जलाउने, सडकमा आन्दोलन गर्ने गरेर त्यो समस्याको समाधान होइन। एमसीसीको विषयमा हामी सकारात्मक छौं। देशलाई फाइदा हुन्छ भने कुनै पनि देशबाट हुने सहयोग स्वीकार गर्न समस्या रहँदैन। खाली उग्रराष्ट्रवादको विषयलाई उठाएर मात्र हुँदैन। देश विकासका लागि सहयोग लिनु स्वभाविक हो।

नेपाल भारतको सम्बन्ध अहिलेदेखि सुरू भएको होइन। महाभारत, रामायणदेखि नेपाल र भारतको सम्बन्ध रहेको पाइन्छ। कसैले भन्दैमा कोही व्यक्तिले विरोध गर्दैमा नेपाल र भारतको सम्बन्ध बिग्रन्छ र सुधार हुन्छ भन्ने होइन। यो मित्रताको, बेटीरोटीको, सामाजिक, सांस्कृतिक सम्बन्ध सदैंव रहिरहन्छ।

*राष्ट्रियसभाका सांसद तथा राजपा नेपाल उपाध्यक्ष सिंहसँग गरिएको कुराकानीमा आधारित*

> निर्वाचनमा भाग लिँदैनौं भन्दै गर्दा सुटुक्क आफ्नो पार्टीभित्र निर्णय गरेर निर्वाचनमा सहभागी हुनुभयो। उहाँमाथि विश्वास गर्ने आधार मधेशको पनि छैन। हामीलाई पनि शंका लागिरहन्छ। उपेन्द्रजी कुन बेला के गर्नुहुन्छ टुंगो नै हुँदैन।

# थरूहट मोर्चा आन्दोलनमा

धनगढी। आफूहरूले दिएको अल्टिमेटमलाई सरकारले सुनुवाइ नगरेको भन्दै थरूहट-थारूवान मोर्चा आन्दोलनमा उत्रिएको छ।

मोर्चाले धनगढीमा पत्रकार सम्मेलन गरी आमरण अनसनसहितको आन्दोलनको कार्यक्रममा उत्रिन लागेको हो। मोर्चाले कैलालीको धनगढीस्थित गुरही चोक (क्याम्पस चौक)मा आमरण अनसन बस्ने जनाएको छ।

मोर्चाका केन्द्रीय संयोजक लक्ष्मण थारूले आफूहरूले सांसद रेशम चौधरीलगायतलाई जेलबन्दीको रिहाई, टीकापुर घटनावारे सत्यतथ्य छानविन गर्न पूर्व न्यायधिश गिरिशचन्द्र लाल नेतृत्वको न्यायीक समिति, गृह मन्त्रालयद्वारा अनुसन्धानका पूर्व प्रमुख देवीराम शर्माको संयोजकत्वमा गठिन छानविन समितिको प्रतिवेदन र सर्वदलीय संसदीय समितिको प्रतिवेदनहरू सार्वजनिक गर्नलगायत माग गरेको बताए।

तर सरकारले २० दिनसम्म कुनै सुनुवाई नगरेपछि आमरण अनसनसहितको आन्दोलनमा उत्रिएको संयोजक थारूको भनाइ छ।

उनले आफ्नै नेतृत्वमा आमरण अनसन बस्ने जनाउँदै फागुन २ गतेदेखि देशव्यापी रूपमा प्रदर्शन गरिने र त्यतिले नभए फागुन ५ गतेदेखि ३ दिन आमहड्तालको घोषणा गर्ने चेतावनी दिए। मोर्चाले १४ बुँदे माग राख्दै आन्दोलनको घोषणा गरेको छ। माघ ८ गते काठमाडौंमा पत्रकार सम्मेलन गरी आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको हो।

थरूहट आन्दोलनको क्रममा २०७२ भदौ ७ गते थरूहट आन्दोलनकारी र प्रहरीबीच दोहोरो झडप हुँदा एक नाबालकसहति आठ प्रहरीको ज्यान गएको थियो भने ८० भन्दा बढी थारू समुदायको घर, पसल, एफएममा आगजनि गरिएको थियो। सो घटना घटनाको अभियोगमा जिल्ला अदालत कैलालीले रेशम चौधरीसहित २७ जना विरूद्ध विभिन्न मुद्दा चलायो तर मोर्चाले राजनीतिक आन्दोलनको क्रममा घटना भएको जनाउँदै राजनीतिक ढंगले नै समाधान खोजिनु पर्ने माग राख्दै आएको छ।

# मधेशी...

दिन मधेशकै ठूला जातीहरूले आनाकानी गर्ने गरेको दुःखद उदाहरणहरू माथि पनि छलफल भए।

छलफलका क्रममा मधेशी दलित समुदाय अहिले पनि दोस्रो दर्जामा नै रहेको छ भन्ने निष्कर्ष निकालियो। दलित र गैरदलित समुदायको बिचमा वा दलित दलित कै बिचमा पनि विवाह भएमा सरबरिया जाति मानिने गरिन्छ र त्यो जातिलाई समाजले कसरी बहिष्कार गर्ने गर्छ भन्ने विषयमा संजुकुमारी सरबरियाले विचार व्यक्त गरिन्। प्रदेश २ को राजधानी जनकपुरमा ठूलो संख्यामा मधेशी दलितहरू रहेका छन् तर नीति निर्माण तहमा र निर्णय गर्ने तहमा मधेशी दलितहरूको सहभागिता नहुँदा उनीहरूको समस्या समाधानमा कुनै ठोस पहल हुन नसकेको अनुसन्धाता कृष्णकुमार साहले बताए। केही पढेका मुसहर समुदायका युवाहरू पनि बेरोजगार भएर बस्नुपरेको हुँदा पढ्नु र नपढ्नुमा कुनै फरक नभएको मुसहर समुदायको बुझाई रहेको मधु गिरी बताउँछन्। मुसहरको सम्बन्धमा लामो समय अनुसन्धान गरेका गिरीले मुसहर समुदायबाट राज्यको कुनैपनि निकायमा प्रतिनिधित्व नहुनु दुःखद रहेको बताए।

भोजभतेरमा जाँदा एकै ठाउँमा बसेर खान नदिइने, होलटमा, चिया पसलमा चिया खानका लागि छुट्टै गिलासको व्यवस्था गरिने, विद्यालयमा बेञ्चमा बस्ने विषयमा पनि भेदभाव गरिने, दलित बालबालिकाहरू जमिन्दारको घरमा भैंसी, बाखा चराउने, खेतमा काम गर्नुपर्ने बाध्यताका कारण विद्यालय जान नपाउने अवस्था छ भने विद्यालय भर्ना भएकाहरू पनि नियमित जान नपाउने अवस्था पनि छ। 'दलितले पढ्नुहुँदैन, पढे पनि जागिर पाइँदैन' भन्ने कुरा अहिलेसम्म सुनिने गरिन्छ। राजनीतिक रूपमा पनि दलित प्रतिनिधिहरूले उठाएका मुद्दालाई खासै ध्यान नदिइने गरेको उदाहरणबाट मधेशी दलितमाथि हुँदै आएको विभेद प्रष्ट बुझिन्छ। त्यसमाथि पनि दलित महिलाहरूको अवस्था अझ भयावह छ। शिक्षाको अभाव, बालविवाह, दाइजो प्रथा, स्वास्थ्यमा लापरवाही, आर्थिक अवस्था अत्यन्त दयनीय आदि कारणहरूले गर्दा मधेशी महिलाहरू झन् पीडित रहेका छन्।

सन् २००४ को संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को प्रतिवेदन अनुसार तराईमा ४४ प्रतिशत दलितहरू भूमिहीन छन्। भूमिहीन दलितहरू आगलागी, बाढी, शीतलहर र अन्य प्राकृतिक प्रकोपबाट पीडित हुने गरेकाले उनीहरूलाई सरकारले नै भूमि वितरण गर्नुपर्छ भन्ने अवधारणा अगाडि बढ्यो र केहीलाई भूमि पनि दिइयो तर उनीहरूसँग नागरिकता नभएको कारणले गर्दा अहिले त्यो जग्गाको लालपूर्जा उनीहरूसँग छैन।

भूमिहीन र नागरिकताविहीन मधेशी दलितको आर्थिक अवस्था जर्जर रहेको छ। ऐलानी जग्गा र दैनिक मजदूरीले वर्षौंदेखि उनीहरू माथि उठ्न सकिरहेका छैनन् भने मिटर ब्याजमा पैसा लगाउने साहु महाजनहरूको ऋण तिर्दातिर्दा उनीहरूको जीवन त्यतिकै सकिन्ने अवस्था छ। वैदेशिक रोजगारीमा जाने क्राम बढेसँगै मिटर ब्याजको प्रचलन झन् बढ्दै गएको छ। मधेशी दलितहरूको विषयलाई उठाएर विभिन्न सरकारी गैरसरकारी संस्थाहरूले काम गर्दै आए पनि उनीहरूको अवस्थामा तात्विक फरकपन आएको पाइदैन।

# महिला...

एक अनिवार्य पाटोको रूपमा रहेको हुन्छ।

यदि हामी सुनौला भविष्य चाहिरहेका छौं भने महिला शिक्षामा जोड दिनु पर्दछ। भर्खर जन्मेका शिशुलाई कुन समयमा खाना, कति पोषण, कस्तो वाणी व्यवहार, कस्तो शिक्षा दिइने सम्पूर्ण कुराको ध्यान महिलालाई नै हुन्छ। यदि कुनै बच्चाको वर्तमान उज्यालो भएन भने भविष्य अन्धयारो हुन पुग्छ।

एउटा घरबाट समाज, समाजबाट राष्ट्र बन्छ यदि घर नै शिक्षित भएन भने न समाज न राष्ट्र शिक्षित हुन्छ। अशिक्षाको कारण विभिन्न किसिमका विकृति विसङ्गतिको जरो बन्न पुग्छ र त्यसको असर सिङ्गो परिवार, समाज हुँदै राष्ट्रसम्म पर्छ। महिला र पुरूष एक रथका दुई पाङ्ग्रा हुन्छन्। एउटा पाङ्ग्रा भएन भने त्यो रथ लङ्गडो जस्तै हो। जुन समाजमा महिला शिक्षित छैन त्यो समाज पनि लङ्डो नै हो।

तसर्थ एउटा महिला शिक्षित भयो भने सिङ्गो परिवार, समाज हुँदै राष्ट्रलाई परिवर्तनको मार्गमा लम्काउन सकिन्छ। विश्वको विकसित राष्ट्रहरूलाई पनि मध्यनजर गर्ने हो भने पुरूषको तुलनामा महिलाहरू पनि शिक्षामा अगाडि रहेको देखिन्छन्। कदममा कदम मिलाएर हिंडेका छन्, काँधमा काँध मिलाएर उभेका छन्।

भर्खरको घटना हो अमेरीकाकी वैज्ञानिक क्रीस्टिनाले आन्तरिक्षको सबभन्दा लामो यात्री बनी इतिहास बदलेकी छिन्। विदेशीबाट पनि केही सिकेर हामी परिवर्तनको मार्गमा हिंडौं। आफ्नो राष्ट्रलाई विश्व अगाडि चिनाउनु छ भने महिलालाई अभिशापको रूपमा नहेरि वरदानको रूपमा हेरौं।

## मधेश अपडेट

### महिलालाई ५० प्रतिशत आरक्षणको माग

जनकपुरधाम। जनकपुरमा सुरू भएको 'दोस्रो बेटी सम्मेलन' सम्पन्न भएको छ। सातै प्रदेश सरकारले महिलालाई ५० प्रतिशक्षण आरक्षण हरेक निकायमा गर्नुपर्ने सहितका ९ बुँदै घोषणापत्र जारी गर्दै बेटी सम्मेलन सम्पन्न भएको हो। प्रदेश २ का आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादवको प्रमुख आतिथ्यमा घोषणा पत्र जारी गरिएको छ। छोरीका लागि सरकारी स्तरबाट सेनेटरी प्याडको निःशुल्क वितरण गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने, प्राविधिक एप्सको प्रयोग गरी छोरीलाई सुरक्षित जीवन जीउन सहयोग पुर्‍याउनु पर्ने सहितका माग घोषणपत्र मार्फत गरिएको छ। यस्तै सातवटै प्रदेशमा महिला अंकित स्तम्भ निर्माण गरी शान्ति, समृद्धि र लैंगिकमैत्री सन्देश प्रवाह गर्ने लक्ष्य रहेको पनि घोषणपत्रमा उल्लेख गरिएको छ। सम्मेलनको आयोजना गरेका मुलधार महिला सेवा केन्द्र उदयपुरकी अध्यक्ष नजबुल खानले छोरीमाथि भइरहेको विभेद अन्त्य नभएसम्म संघर्ष गरिरहने बताइन्। उनले समानता र समावेशीका लागि 'आसनमा महिला, भाषणमा महिला र शासनमा महिला' हुनुपर्ने र राज्यलाई दबाब दिने उद्देश्यले बेटी सम्मेलन गरिएको बताइन्।

### पुनर्स्थापना गृह हस्तान्तरण

विराटनगर। प्रदेश १ सरकारले हिंसापीडित महिलाका लागि दिर्घकालीन पुनःस्थापना गृह सञ्चालनमा ल्याएको छ। सबैभन्दा पहिले प्रदेश घरेलु हिंसासम्बन्धी ऐन ल्याएको प्रदेश १ सरकारले सो ऐन कार्यान्वयनका क्रममा हिंसामा परेको महिलाको व्यवस्थापन गर्न सरकारले यस्तो पुनस्थापना गृह सञ्चालनमा ल्याएको हो। सङ्घीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय प्रदेश सरकारलाई पुनर्स्थापना गृह हस्तान्तरण गरेको हो। पुनर्स्थापना गृहको उद्घाटन गर्दै प्रदेशसभाका सभामुख प्रदीपकुमर भण्डारीले महिलामाथि हुने हिंसा र उनीहरूको न्यायमा सहज पहुँच स्थापित गर्न दिर्घकालीन पुनस्थापना केन्द्रले सहयोग पुग्ने विश्वास व्यक्त गरे।

### समाजवादी निकटका यादव र कुर्मी विजयी

इमरान खान, कपिलवस्तु। मायादेवी गाउँपालिका वडा नं. ३ बहारवासीमा रहेको मुनेश्वर मा.विमा राजेन्द्र प्रसाद यादव र शैलेन्द्र प्रसाद कुर्मी निर्वाचित भएका छन्। समाजवादी पार्टी निकटको उम्मेदवार यादव र कुर्मीले कांग्रेस निकट उम्मेदवारलार्य हराउँदै दुई गुना बढि मतले विजयी भएका छन्। समाजवादी पार्टी निकटका राजेन्द्र प्रसाद यादले १ सय ७६ मत तथा अर्का उम्मेदवार शैलेन्द्र प्रसाद कुर्मीले १ सय ६१ मत ल्याएर विजयी भएका हुन्। प्रतिद्वन्दी रहेको नेपाली कांग्रेस निकटका राममिलन पासीले ८९ मत ल्याएका थिए र अर्का उम्मेदवार योगेन्द्र त्रिपाठीले ५४ मत ल्याएका थिए। २ जना महिला सदस्य पहिले नै निर्विरोध भएका थिए। २ जना पुरूष सदस्यको लागि चुनाव भएको विद्यालयले जानकारी दिएको छ। सोमवार भएको निर्वाचनमा शैलेन्द्र चौधरी र राजेन्द्र यादव निर्वाचित भएका छन्। निर्वाचित सम्पुर्णलाई समाजवादी पार्टीको जिल्ला अध्यक्ष शैलेन्द्र यादवले पार्टी भन्दा माथि उठेर काम गर्न अग्रह गरेका छन्। सबै सदस्यहरूको आफ्नो पार्टी भएपनि विद्यालयको लागि सबैले पार्टीभन्दा माथि उठेर शिक्षाको क्षेत्रमा अहम् भुमिका खेल्नको लागि अग्रह गर्दै सफल कार्यकालको शुभकामना दिएका छन्।

### बालअधिकार समितिको पुनर्गठन

नेपालगञ्ज। बाल अधिकार संरक्षणका लागि बाँकेका स्थानीय तह सक्रिय हुन थालेका छन्। जिल्लामै पहिलोपटक खजुरा गाउँपालिकाले पालिकास्तरीय बालअधिकार समितिको पुर्नगठन गरेर बाल अधिकार संरक्षण अभियानलाई तिव्रता दिएको छ। खजुरामा गाउँपालिकाका उपप्रमुख एकमाया विकको संयोजकत्वमा पालिकास्तरीय बाल अधिकार समितिमा महिला वडा सदस्यहरू पूर्णिमा सुनार, सुमित्र विक, वडा सदस्य निसार अली दर्जी, शिक्षा शाखाका टङ्क दाहल, प्रहरी चौकी धनौलीका पोषणराज थपिलय, महिला बालबालिका सेवा केन्द्रका ताराकुमारी बस्नेत, बाँके युनेस्को क्लबका मीना जोशी, बाल क्लब सञ्जालका बालिका मन्जु थापामगर, अधिकारीकर्मी पूर्णचन्द्र उपाध्यालगायतलाई सदस्यमा राखिएको छ भने महिला तथा बालबालिका शाखाका प्रमुख सुशीला न्यौपानेलाई सदस्य सचिव तोकिएको छ।

### एचआइभी संक्रमित बढ्दै

बुटवल। एचआइभी संक्रमणबाट रूपन्देहीमा एक वर्षमा ३४ जनाको मृत्यु भएको छ। एचआइभी एड्सको क्षेत्रमा काम गर्दै आएको अन्तरार्ष्ट्रिय संस्था एड्स हेल्थ फाउण्डेसन क्षेत्रीय कार्यालय बुटवलका अनुसार मृत्यु हुनेमा २७ पुरूष र ७ जना महिला छन्। मृत्यु हुनेमा ८० प्रतिशत बढी रूपन्देहीमा रहेका फाउण्डेसनका क्षेत्रीय कार्यक्रम संयोजक धर्मराज भट्टराईले बताए। बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा स्थापित एआरटी सेन्टरमा १ हजार २ सय २० जना एचआइभी संक्रमितले नियमित औषधी सेवन गरिरहेका र ती मध्ये ९ सय ७३ जना रूपन्देहीका रहेका उनले बताए। गत वर्ष लुम्बिनी प्रादेशिक अस्पतालमा रगत जाँच गर्दा ६९ जना नयाँ संक्रमित फेला परेका र संक्रमित आमा-बुबाबाट जन्मेका ९ जना शिशुमा एचआइभी संक्रमण नभेटिएको कार्यक्रम संयोजक भट्टराईले बताए। एचआइभी संक्रमित आमा वा बुबाले नियमित औषधी सेवन गरेमा बच्चामा संक्रमण हुनबाट जोगिने उनले बताए। एड्स हेल्थ फाउण्डेसनको तथ्याङ्क अनुसार हाल नेपालभर २९ हजार ९ सय ४४ जना एचआइभी संक्रमित रहेका र १६ हजार ९ सय १३ जनाले मात्र एआरटी क्लिनिकबाट नियमित औषधी सेवन गरिरहेका छन्।

### बसपार्क सञ्चालनको जिम्मा निजी क्षेत्रलाई

नेपालगञ्ज। नवनिर्मित अत्याधुनिक नेपालगञ्ज बसपार्क व्यवस्थापनको जिम्मा निजी क्षेत्रले प्राप्त गरेको छ। बसपार्क व्यवस्थापन तथा नेपालगञ्ज उपमहानगरद्वारा सञ्चालनमा ल्याइएका सात नगरबस सञ्चालनको जिम्मा बोलपत्र आह्वान प्रक्रिया मार्फत् शिवशक्ति जनरल एण्ड अर्डर सप्लायर्स नेपालगञ्जलाई दिइएको उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले जानकारी दिए। पाँच वर्षको लागि सञ्चालनको जिम्मेवारी प्राप्त गरेको सप्लायर्सका सञ्चालक सन्तोष केसीले जानकारी दिए। बसपार्कलाई व्यवस्थित सुन्दर र सफा आकर्षक बनाउन आफूहरूले पहिलो ध्यान दिने सप्लायर्सका अर्का सञ्चालक राकेश रानाले जानकारी दिए। चार बिघा १० कट्ठा जग्गामा रू १६ करोड १६ लाखको लागतमा सुविधा सम्पन्न बसपार्क निर्माण भएको छ। बसपार्कमा १२३ ठूला र ५६ साना बस राख्न सकिने क्षमता छ। उपमहानगरपालिकाले सम्पूर्ण बस बसपार्कभित्र प्रवेश अनिवार्य गराउने निर्णय गरेपछि बसपार्कमा चहलपहल बढेको छ।

### बालविवाह रोक्न प्रहरी सक्रिय

सिरहा। सिरहा प्रहरीले तीन वटा बालविवाह रोकेको छ। बालिकाको उमेर नपुगी बालविवाह भइरहेको पाइएपछि जिल्ला प्रहरी कार्यालयको टोलीले कर्जन्हा नगरपालिका-६ रिझन मुखियाको छोरी, मिर्चैया नगरपालिका-१ का श्रीराम कापैरकी छोरी र कल्याणपुर नगरपालिका-१ का रामनरेश माझीकी छोरीको विवाह रोकेको हो। तीनवटै बालिकाको उमेर २० वर्ष नपुगेकाले हुन लागेको थियो। प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीका अनुसार उमेर नपुगेकोले हाललाई सो विवाहलाई रोकेर बालविवाह नगर्ने सर्वपक्षीय सहमति भएको हो।

### नदीजन्य पदार्थ नउठाउन निर्देशन

रौतहट। रौतहटको लालबकैया नदीबाट नदीजन्य पदार्थ नउठाउन संयुक्त अनुगमन टोलीले निर्देशन दिएको छ। रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेको नेतृत्वम गएको संयुक्त अनुगमन टोलीले स्थगलत अनुगमन निरिक्षण पश्चात लालबकैया नदीबाट नदीजन्य पदार्थ नउठाउन निर्देशन दिएको हो। फतुवा बिजयपुर र गुजरा नगरपालिका अन्तरगत लालबकैया नदीको सबै घाटबाट अर्को आदेश नआएसम्म तत्काल गिटी, बोल्डर, बालुवा, मिक्स ग्रेभल नउठाउन प्रमुख जिल्ला अधिकारी घिमिरेले ठेकदार नागेन्द्र साहलाई निर्देशन दिए। घिमिरेको निर्देशन गलतै नेपाल प्रहरीका एसपी रबीराज खडका र सशस्त्र प्रहरीका एसपी रबीनराज कर्णजितले लालबकैयामा नदीजन्य पदार्थको उत्खनन तथा ढुवानी रोक्न मातहतका प्रहरी युनिटहरूलाई निर्देशन दिएका थिए। गुजरा र फतुवा बिजयपुर नगरपालिकाको सिमानामा पर्ने लालबकैया नदीको नदीजन्य पदार्थ उठाउन साह निर्माणशेवाले ठेक्का लिएको छ। तर सरकारको नीति विपरित नदीकोबीच धारमा ठाँउ-ठाँउमा जेसिबी र स्काभेटर प्रयोग गरी ठेकदार नागेन्द्र साहले पोखरी जस्तो ठूला खाडल बनाएकोले घिमिरेले नदीजन्य पदार्थ नउठाउन निर्देशन दिएका हुन्।

# वर्तमान सन्दर्भमा संविधान संशोधनको अपरिहार्यता



नवराज सुवेदी

**ऐतिहासिक पृष्ठभूमि :**
नेपालमा संविधानसभाको निर्वाचन २०६४/२०७० विभिन्न क्षेत्रका जनताको लामो समय देखिको संघर्षको प्रतिफल थियो । २०६४ साल अघि यो राजनीतिक सवाल पुरानो, अनिश्चित र अमूर्त जस्तो सवालको रूपमा परिचित हुन थालेको थियो, किनभने विभिन्न बहाना र षडयन्त्रमा संविधानसभाको सवाललाई यस अघि यो वा त्यो रूपमा पन्छाईदै आएको थियो । नेपाली जनताले आफ्नो संविधान आफैले चुनेका प्रतिनिधिहरूबाट बनाउने आकांक्षा २००७ साल देखिको हो तर यसलाई अनेक षडयन्त्र गरी राजतन्त्रले पटक पटक लत्याईदियो । राजा त्रिभुवन, महेन्द्र देखि पूर्व राजा ज्ञानेन्द्र सम्मले जनआकांक्षा र जनभावना विरूद्ध खडा भएर जनअधिकारको हत्या गर्ने वा जनताको सार्वभौमसत्ताको हकलाई कुठाराघात गर्ने काम गरे ।

२०४६ सालमा प्रमुख राजनीतिक दलहरूले संविधानसभाको मुद्दामा अडान राख्न सकेको भए यो मुद्दा त्यतिवेला हलहुन असंभव थिएन, तर मुख्य भनिएका दलहरू बीच त्यतिवेला त्यसमा सहमति बनेन । फलत : २०४६ सालको संयूक्त जनआन्दोलन पार्टीमाथिको प्रतिबन्ध हटाउदै सवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र प्राप्तीमा सिमित रह्यो । २०४६ पछि नेपाली राजनीति पुन: घ्रुवीकृत वन्दै गयो । पश्चिमा उदारवादी मन्त्री मण्डलीय मोडल (वेस्ट मिनिस्टर मोडल)का आफ्नै सिमा र कमजोरीहरू छ्दैथिए ।त्यस किसिमको प्रणालीले जर्जर, सामन्ती तथा सामाजिक विविधतापूर्ण नेपाली समाजको अन्तरविरोधलाई हल गर्ने संभावना पटक्कै थिएन ।त्यस अतिरिक्त २०४६ साल यता नेपालीसमाज तिव्र रूपमा वर्गिय,जातीय,क्षेत्रिय र लैङ्गिक सबै हिसावले उन्नत र चेतनशील बन्दै थियो ।यसको ठिक विपरीत पुर्नस्थापित बहुदलिय संसदिय प्रजातन्त्र नेपालमा अत्यन्त विकृत र भद्धा रूपमा ( राज्य संयन्त्रको दुरूपयोग,कमिसनखोरी,भ्रस्टाचार,गरिबी,वेरोजगारी,कुशासन र जन प्रतिनिधिहरूको नाङ्गो खरिद विक्रि सम्मको तहमा) गिरेको थियो ।त्यो स्थितीमा सचेत प्रयत्न सहित देशमा माओवादी सशस्त्र विद्रोह सुरू भयो ।त्यो विद्रोह संगै नेपालका सबै वर्ग, क्षेत्र र तहका जनता आ–आफ्ना अधिकारका पक्षमा मुखरित ढङ्गबाट प्रस्तुत हुन थाले । तराई–मधेशमा पनि विभिन्न ढङ्गबाट जनताबीच थप अधिकार प्राप्तीका पक्षमा मुर्त रूपमा बहस विमर्शहरूको थालनी भयो ।तर नेपाली जनताको उन्नत चेतनालाई तानाशाही दमनले परास्त गर्न देशी–विदेशी जनविरोधी तत्वहरू पुन :लागि परे ।२०५९ सालमा दरवार हत्याकाण्ड रचि जनताको युगिन चेतनालाई दमन गर्ने अन्तिम कसरत गरियो ।यसका लागी "कु" मार्फत राजा ज्ञानेन्द्रलाई उभ्याईयो ।तर समय निकै अगाडी बढीसकेको अवस्था थियो ।निरङ्कुश राजतन्त्रले समस्याको हल दिने कुरा हास्यास्पद बन्दथ्यो ।त्यस्तै संसदीय राजनीतिक शक्तिहरू .नेपाली कांग्रेस र तत्कालीन नेकपा (एमाले) समेत एकातिर निरकुंश राजतन्त्र र अर्कोतिर माओवादी बिद्रोहको चेपुवामा परि थाक्दै थिए । यता सेप्टेम्बर ११,सन् २००१ को घटनापछि नेपालको माओवादी ससस्त्र द्धन्दलाई नियन्त्रण गर्न अमेरिका र पश्चीमा शक्तिहरूको समेत चासो बढ्दै गएको अवस्था थियो । यस निम्ती दक्षिणी शक्ति समेत अमेरिकी प्रभाव अगाडी क्रमश : नतमस्तक हुदै रहेको स्थिती थियो ।समयक्रममा कतिपय फौजी मोर्चामा हार्दै जाँदा स्वयम् माओवादी आफै पनि समिक्षा सहित नया कार्यनीति प्रस्तुत गर्दै अगाडी आउने बाध्यतामा थियो । यी सबै सन्दर्भमा नेकपा (माओवादी) र सात राजनीतिक दलबीच संविधान सभा,राज्यको पुर्नसंरचना,समावेशिता र द्धन्द रूपान्तरणका विषयमा सबै पक्षलाई जीतहुने गरि १२ बुँदे समझदारी गरिनु अनिवार्य बन्यो ।यसपछि सोहि समझदारीको जगमानै राजतन्त्र विरूद्ध गणतन्त्रका पक्षमा देशव्यापी जनलहर पैदा भयो ।तर तत्काल क्रमिक कार्यनीति / कार्ययोजना मार्फत बढ्न उचित हुने निष्कर्ष सहित सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सहमति बन्यो ।परिणामत : राजा ज्ञानेन्द्रले भंग गरेको संसदलाई आन्दोलनको दवावमा ब्यूताउँदै संविधानसभाको निर्वाचन र शान्ती प्रक्र्यालाई बढाउने निष्कर्षमा सहमति भयो । तत्पश्चात संविधानसभाको निर्वाचन सम्पन्न भई २०६५ जेष्ठ १५ गते संविधानसभाले भारी मतले नेपाललाई गणतन्त्रात्मक राज्य घोषणा गऱ्यो ।

**२.संविधानसभाको समिकरण र राजनीतिक मुद्धाहरू :**
पहिलो संविधानसभामा नेकपा (माओवादी) पहिलो राजनीतिक दल बन्यो ।प्रत्यक्ष तर्फको कुल मतमा यसले एक्लै ३०.५२ प्रतिशत मत प्राप्त गऱ्यो भने समानुपातीक सहित २२० सिट संविधानसभामा हासिल गऱ्यो ।परिवर्तनका एजेण्डालाई सशस्त्र संघर्षद्धारा हासिल गर्ने कार्यदिशा अपनाईरहेको दल शान्तीपूर्ण चुनावमा आउँदा तत्कालीन समयमा आम मानिसमा यसप्रति आकर्षण र भरोसा दुवै थियो ।त्यसैले मुलधारका भनिएका नेपाली कांग्रेस र नेकपा एमाले क्रमश :दोस्रो र तेस्रो दल बन्न पुगे ।यता मधेशका जनताको परिवर्तनको चाहनालाई संबोधन गरिरहेका मधेश केन्द्रित दलमा मधेशी जनअधिकार फोरम, नेपालले प्रत्यक्षमा ६.१५ प्रतिशत मत प्राप्त गरि दुबै तर्फको निर्वाचन प्रणाली बाट कुल ५२ सिट जित्दै चौथो शक्ति बन्न पुग्यो ।त्यसैगरि तमलोपाले प्रत्यक्ष तर्फ ३.३५ प्रतिशत कुल मत प्राप्त गरी दुबै तर्फको निर्वाचन प्रणालीबाट कुल २० सिट यसले प्राप्त गऱ्यो । यी बाहेक सशस्त्र जनयुद्ध वा शान्तिपुर्ण जनआन्दोलनले स्थापित गरेका मुद्धाहरूलाई समर्थन गर्ने अन्य स–साना राजनीतिक दलहरूको पनि यो संविधानसभामा प्रतिनीधित्व रह्यो ।निर्वाचनमा सहभागी ५४ दलहरू मध्ये कुल २५ दलहरूले पहिलो संविधान सभामा प्रतिनीधित्व गर्दथे ।

पहिलो संविधान सभामा देशका सबै वर्ग,समुदाय, क्षेत्र र तप्काका जनताका आकांक्षा प्रष्ट ढंगले छलफल भएका थिए ।शान्तिबहाली,सुशासन र न्यायपालिकाको पुन : संरचनावारे विस्तृत छलफल भएको थियो ।त्यस्तै राज्यको पुर्नसंरचनाका सन्दर्भमा जातीय/समुदायगत बाहुल्यतालाई ध्यान दिँदै क्षमतालाई पनि हेरिएको थियो अर्थात पहिचान र सामर्थ्य दुबै आधारमा राज्यको पुनसंरचना प्रस्ताव गरिएको थियो ।संविधानसभाको उपसमिति/समितिमा सोही आधारमा १४ प्रदेश बनाउने कुरासम्ममा बहुमत बनेको थियो, तथापी संविधान पारितहुन दुईतिहाई मत चाहिने सन्दर्भमा सबैको सहमती नहुँदा पछि १० प्रदेशहरू प्रस्ताब गरियो ।त्यसमा पनि मुलत : नेपाली कांग्रेस र नेकपा (एमाले) सहमति नहुँदा बहुपहिचानका आधारमा ८ प्रदेश भएपनि उपयुक्त हुन्छ भन्ने वैकल्पीक प्रस्तावमा सहमति बनेको थियो ।तर त्यस्तो ८ प्रदेशको प्रस्तावमा पनि उनिहरूकै कारणले सहमति बनेन ।त्यसैगरी शासकीय स्वरूपमा पनि बृहत छलफल भई प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिय प्रणाली वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणाली उपयुक्त हुने सन्दर्भमा गम्भिर छलफल भई संविधानसभा भित्र त्यसवारे बहुमत भन्दा पनि बढी मत बनेको थियो । त्यति मात्र नभई संविधानको मस्यौदा जनमतका लागि लगिएकोमा ९० प्रतिशत भन्दा बढीको रोजाई कार्यकारी राष्ट्रपतिय प्रणाली नै बनेको थियो। तर नेपाली कांग्रेसको त्यसप्रतिको दृढ विरोध र पछि एमालेले पनि संसदिय प्रणाली तर्फ समर्थन गरेपछि प्रत्यक्ष निर्वाचीत कार्यकारीको मुद्धा तत्काल असम्भव बन्न पुग्यो ।

पहिलो संविधानसभाले गणतन्त्र घोषणा गऱ्यो ।संविधानका कैंयौ अर्न्तबस्तुमा छलफल बढायो तथापी राज्य सत्तामा भागवण्डा नमिल्नु, सेना समायोजन र शान्ति प्रकृया उल्झिदै जानु,शासकिय स्वरूप तथा प्रदेशहरूको सिमाङ्कन र संख्यामा सहमति नबन्नु आदी कारणले पहिलो संविधानसभाबाट संविधान जारी हुन सकेन ।

विभिन्न जटिलताहरू बीच देशमा संविधान सभाको दोस्रो निर्वाचन सम्पन्न भयो ।यस निर्वाचनमा शक्ति सन्तुलनमा ठुलो परिवर्तन आयो ।प्राप्त मत परिणामबाट नेपाली कांग्रेस पहिलो,नेकपा -एमाले) दोस्रो र एनेकपा ( माओवादी) तेस्रो दल बन्यो ।लोकप्रिय मतका आधारमा मधेश केन्द्रित दलहरूमा फोरम लोकतान्त्रीक पहिलो,मधेशी जनअधिकार फोरम, नेपाल दोस्रो , तमलोपा तेस्रो र नेपाल सद्भावना पार्टी चौथो बन्न पुग्यो ।मत परिणाम क्रमानुसार संघिय समाजवादी पार्टी एघारौ,राष्ट्रिय मधेश समाजवादी पार्टी बाह्रौ ,स–साना बाम दल– राष्ट्रिय जनमोर्चा तथा नेमकिपा क्रमश : चौधौ र पन्ध्रौं दल बन्न पुगे ।मुख्य दुई दल बाहेक अन्य दलहरू दोस्रो संविधानसभाको निर्वाचनको क्रममा व्यापक ढङ्गले बिभाजीत बन्न पुगे ।त्यसको नकारात्मक असर निर्वाचन परिणाममै प्रत्यक्ष देखियो । एमाओवादीबाट मोहन बैद्य नेतृत्वको क्रान्तिकारी माओवादी टुक्रिदै उसले दोस्रो संविधान सभाको निर्वाचन बहिस्कार गर्न पुग्यो । यी सबै परिणामले बहु पहिचानसहितको राज्य पुर्नसंरचना, समावेसिता र कार्यकारी राष्ट्रपतिय प्रणाली पक्षधर शक्तिहरूको दोस्रो संविधान सभामा निकै कमजोर स्थिती बन्न पुग्यो ।यस प्रकारको स्थितीबीच नेपाली कांग्रेस र नेकपा (एमाले)ले पहिलो संविधान सभामा बहुमतले पारीत गरिसकेका मुद्धा पनि नयाँ जनादेश अनुसार पुनर्मुल्याङ्कन हुनुपर्छ भन्दै बहुमत र दुई तिहाई सम्मको दम्भ देखाउँदै अग्रगामी एजेण्डालाई पछाडी धकेल्ने काम गरे ।एनेकपा ( माओवादी)ले सुरूमा एजेण्डा नछोड्ने प्रतिवद्धता व्यक्त गरेपनि त्यसका अध्यक्ष पुष्प कमल दाहाल "प्रचण्ड" आफै निराश र थकित हुदैं गए ।तेस्रो दल बनेपछी उनमा सत्ता आरोहणको संभावना टर्दै गएको त्रास बढ्यो । तसर्थ विगतमा उठाई आएका एजेण्डालाई छाड्दै केपी शर्मा ओली र सुशिल कोईराला संग आन्तरिक सत्ता साठगाँठको कसरत स्वरूप अमुक षड्यन्त्रको भय देखाँउदै हतारमा एक थान संविधान घोषणा गराउन उद्धत रहे । तर एनेकपा ( माओवादीका) तत्कालिन उपाध्यक्ष र संबैधानीक राजनीतिक संवाद तथा सहमति समितिका सभापति डा.बावुराम भट्टराईले पहिलो संविधानसभाले बहुमतले स्विकृत गरेका जनपक्षिय एजेण्डा माथी पुर्व अडान राख्दै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति सहित सबै सिमान्तिकृत,उत्पीडित तथा उपेक्षीत वर्ग क्षेत्र, लिङ्ग, र समुदाय/आदिवासी जनजाती,मुस्लीम ,थारू, सिल्पी/दलित,महिला र पिछडावर्गका हक अधिकार स्थापित गर्न अन्तीम समयसम्म प्रयत्न गर्न प्रतिज्ञारत रहेपनि एक्लैले त्यो हासिल गर्न संभव रहेन ।

**कार्यपत्र**

**संविधान जारी हुदाँको जटिल परिस्थीति र आधा गिलास खालि रहेको प्रसंग :**
दोस्रो संविधान सभाबाट असोज ३,२०७२ नेपालको संविधान २०७२ जारी गरियो ।संविधान जारी हुने समयभन्दा करिव एक महिना अघिबाटै तराई/मधेशमा आन्दोलन चलिरहेको थियो ।प्रतिगमनलाई रोकी अग्रगामी संविधान निर्माणका एजेण्डा सहित संघिय समाजवादी फोरम, नेपालको अगुवाईमा तराई/मधेशमा तेस्रो मधेश आन्दोलनको घोषणा गरिएको थियो ।संयुक्त लोकतान्त्रिक मधेश मोर्चाले यसको कमाण्ड सम्हालीरहेको थियो ।यो आन्दोलन ईतिहासमै किर्तिमान राख्दै अगाडी बढेको थियो ।आन्दोलनका क्रममा आम हडताल, ११५५ किलोमिटर लामो मेची/महाकाली हातेमालो जस्ता कार्यक्रम भव्य रहे । एकैदिन लाखौ आन्दोलनकारी प्रत्येक घर–घरबाट निस्केका थिए ।मधेशमा भएको मानवसाङ्लो कार्यक्रम विश्वकै आन्दोलनको एउटा रेकर्ड बनेको थियो । तर राज्य भने आन्दोलनमाथी नृशंस दमनमा उत्रिएको थियो । तेस्रो मधेश विद्रोह तथा कर्णाली र खसान आन्दोलनका क्रममा राज्यको यस नृशंस दमनमा परि जनता तर्फ ५६ जनाले सहादत प्राप्त गरे साथै प्रहरीतर्फ १२ जनाको मृत्यु भयो । गोलि प्रहारबाट घाइते ६४ जना,अन्य चोटपटकबाट गम्भिर घाईते१९४६, ,सामान्य चोटपटक लागेका ४२५ र आन्दोलनमा परी अशक्त घाईते भएका ३२ जना रहे ।त्यसै गरि ४९२ जना माथी मुद्धा दायर गरिएको थियो ।

ईतिहासमै एउटा बिडम्बना भन्नुपर्दछ, एउटै देशको एउटा हिस्सामा संविधान जारी हुँदाका दिन खुसीयाली र दिपावली थियो भने तराई–मधेशमा सरकारी दमन र कर्फ्युका कारण व्ल्याक आउटको स्थिती थियो । त्यसरि झन्डै आधा जनसंख्या भएको तराई–मधेश, थरूहट, कर्णाली र खसानमा या त अन्धकारमै रहेको थियो या गम्भीर संशय मा रहेको थियो ।संविधान जारी हुँदा सबै नेपालीले खुसी मनाउन नसक्नु अत्यन्त दुखद पक्ष रह्यो ।

नेपालको संविधान २०७२ एक अधुरो, अपुर्ण र कैयौ अर्थमा भेदभावपुर्ण संविधान हो । त्यसैले समाजवादी पार्टी सहित अग्रगमन तथा पहिचान पक्षधरले यसलाई एउटा बिम्वका रूपमा प्रस्तुत गर्दछन् यो विम्व डा.भट्टराईबाट सुरू गरिएको थियो । त्यो हो– "आधा गिलास खालि र आधा गिलास भरी" अर्थात यो संविधानमा आधा विषयवस्तु छ पनि र आधा छैन पनि ।

**संविधानमा अपनत्व : राजनीतिक र विधीशास्त्रीय दुबै कोणबाट अनिवार्य**
वर्तमान संविधान जारी हुदाँको देशको विभाजीत एवं ध्रुविकृत उपरोक्त विषम स्थितीलाई सामान्य रूपले कसैले लिन मिल्दैन ।यो विषयलाई सामान्य रूपले लिने हो भने जनतामा निहित सार्वभौमशत्ताको पनि वास्तविक अर्थ रहदैन ।संविधानको मुख्य श्रोत जनताको ईच्छा,आकाङ्क्षा र जनादेश हो । त्यसको सम्वोधन भएन भने संविधानको स्थायीत्वको कुनै कल्पना हुन सक्दैन । Prof.John J Patrick भन्दछन् – "असल संविधान त्यो हो, जो आफैमा स्पष्ट र संक्षिप्त हुन्छ जसमा स्थायीत्व र नमनशिलताका दुवै गुणहरू समावेश गरिएको हुन्छ।"( Patrick John J and Richard C Remy :Lessons on the Constitutions,Project 87 Boulder,Co:Social Science Education Consortium ,1984 ) त्यसरी हेर्दा संविधानको स्थायीत्व त्यसमा समाविष्ट अन्तरवस्तु र त्यस प्रतिको अपनत्वले निर्धारण गर्ने कुरा स्वत:सिद्ध छ, तर २०७२ को संविधानको जारी भएको परिस्थीतीलाई हेर्दा देशको जनसंख्याको ठुलो हिस्सा र त्यसका प्रतिनीधिहरू प्रकृयाबाटै अलग रहेको अवस्था छ । यसबीच जारी भएको संविधान लाई सम्प्रभूता केन्द्रित नभई सम्प्रभूता विभाजीत संविधान मान्नु पर्दछ ।त्यसको अर्थ हो पर्नु पर्ने अपनत्व संविधानमा पर्न सकेन ।प्राविधिक रूपले भन्न सकिएला सम्बन्धीत प्रतिनीधि उपस्थिती नै नभएपछि संविधानको प्रकृया अनुसार यसले आफ्नो बाटो लियो, या संख्या पुग्यो । तर यो तर्क प्राविधिक तर्क मात्र हो । संविधानवादको सिद्धान्तले संविधानका आवश्यक तत्वहरू बोध हुनु जरूरी ठान्दछ । ती तत्वहरूको अभावमा संविधान वैध बन्दैन । खासगरि आम ईच्छा (General Will) र नागरिक अधिकारको संरक्षण जस्ता तत्वहरू विवादित हुन पुगेमा संविधानमा अपनत्व नसमेटिएको ठानिन्छ । प्रसिद्ध दार्शनिक Jean Jacques Rousseau ले उनको कृति Social Contract(1762) मा "विधिको शासनको वैधता शासितहरूको मञ्जुरीमा आधारीत हुन्छ " (The Legitimacy of the Rule of law Is based on the Consent of Governed ) भनेका छन् ।त्यसको अर्थ शासीत हुनेको मञ्जुरी नभएको दस्तावेजले पुर्णरूपले विधीको शासनको प्रतिनीधित्व गर्दैन भन्ने हो । ऐतिहासिक रूपले हेर्दा विश्वमा सामन्तवाद र उपनिवेशवाद विरूद्ध १८ औ शताव्दीमा ठुलाठुला क्रान्ती र परिवर्तनहरू भए । जस्तै: अमेरीकी स्वतन्त्रता संग्राम र फ्रान्सेली क्रान्ती आदी ।त्यस यताका संविधान वा सरकारलाई शासितको मञ्जुरीमा बनेका संविधान वा सरकार भन्न थालियो । अर्को शब्दमा गणतान्त्रीक सरकारलाई स्वतन्त्र सरकार पनि भन्न थालियो ,जहाँ शक्तिहरू बिभिन्न अंगमा बिभाजीत पनि गरिन्छन् ।यसै प्रसंगमा संयुक्त राज्य अमेरीकाका निर्माता मध्येका एक दार्शनिक र राजनेता Benjamin Franklin भन्दछन् ।"In free government the rulers are the servants and People their Superiors and Sovereign " अर्थात स्वतन्त्र सरकारमा शासकहरू सेवक हुन्छन् जवकी जनता ती भन्दा माथी र सार्वभौम बन्दछन् । ( The Political thought of Benjamin Franklin -2003, Edited by Ralph Ketchum Hackett Publishing ) त्यसरि सम्प्रभुतालाई कदर नगरि अपनत्व विना लादिने दस्तावेजहरू राजनीतिक रूपले त अस्वीकृत हुन्छन नै, विधिशास्त्रीय दृष्टीकोणबाट समेत तीनिहरू पुर्ण बन्दैनन् भन्ने कुरा प्रष्ट छ ।ठिक यहि कुरा असोज ३, २०७२ मा जारी संविधानवारे पनि लागु हुन्छ ।अव आवश्यक रहेको छ – यस संविधानलाई सबैको अपनत्व सहितको पुर्ण दस्तावेजमा परिणत गर्नु ।

**विद्यमान संविधान संशोधन सम्बन्धी ठोस अन्तवस्तुहरू :**

१. नेपाल एक बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक र भौगोलिक रूपले पनि विविधतायुक्त देश हो । यो कुरा संविधानमा स्विकारेको भए पनि त्यसको अभिव्यक्ति प्रदेशहरूको संरचनामा मूर्त रूपले आउन सकेको छैन । वस्तुत: बिभिन्न आदिवासी, जनजाति, मधेशी, थारू, खस, आर्य, शिल्पी, मुस्लिम आदीको पहिचान नै नेपालको राष्ट्रिय पहिचान हो ।यीनिहरू बीचको एकताले नै मुलुक बलियो हुन्छ र मुलुकले स्थायीत्व प्राप्त गर्दछ ।तर संविधान जारी गर्ने क्रम देखिनै तराई/मधेश, थारूवान/थरूहट,मगरात लगायतका क्षेत्रहरूमा ती राष्ट्रियताहरूलाई उपेक्षा गर्दैप्रदेश रचना गरिएका सन्दर्भमा आएका जायज विरोधहरूको आजसम्म संबोधन भएको छैन् । यसलाई संवोधन गर्न पहिचान र सामर्थ्यको आधारमा १० प्रदेश तथा थप एक अर्को शिल्पी/दलित प्रदेश (गैर भौगोलिक प्रदेश) गरि ११ प्रदेश बन्नु उपयुक्त हुन्छ ।यसअघि संविधानसभाको राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बाँडफाँड समिति र उच्च स्तरिय राज्य पुर्नसंरचना आयोगले गरेको निर्णय नै यस वारे वैज्ञानिक छ ।तसर्थ नवलपरासी देखी कैलाली,कञ्चनपुर सम्मको थारू बाहुल्य क्षेत्रको छुट्टै प्रदेश वनाउनु पर्दछ ।आदीवासी जनजातीहरू मध्ये सवैभन्दा ठुलो संख्यामा रहेका मगरहरूको मुख्य मगरात भुमीलाई पनि अहिले विभाजीत गरिएको छ ।यसलाई पनि सच्चाइनु पर्दछ ।त्यसै गरि पुर्वका झापा,मोरङ र सुनसरि जिल्लाहरूलाई सबै भु–भाग सहित १ नं. प्रदेशमा राख्नु हुँदैन, तसर्थ यी सबै विषय मिलाउने गरि प्रदेशहरूको पुन :सिमांकन संविधान संशोधन बाटै गरिनु पर्दछ ।

२. विद्यमान संविधानको धारा २७४ को उपधारा ४ र ७ मा "प्रदेशको सिमाना परिवर्तन र अनुसुची ६ (प्रदेशको अधिकार )संग सम्बन्धीत विषय भए त्यस्तो विधयक संघिय सदनमा प्रस्तुत भएको ३० दिन भित्र सम्बन्धीत सभाको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउने र संघले पठाएको ३ महिना भित्र बहुसंख्यक प्रदेश सभाले बहुमतले निर्णय गरि पठाउनुपर्दछ" भनि सिमाना परिवर्तन र प्रदेश अधिकार हेरफेरलाई अत्यन्त जटिल प्रकृया वनाईएको छ ।यसलाई संशोधन गरि कुनै एउटा प्रदेशमा रहेको भु–भाग अर्को प्रदेशमा मिसाउन,दुई वा दुई भन्दा बढी प्रदेशहरू मिलेर एउटा प्रदेश बनाउन वा प्रदेश भित्रका जनता वा समुदायले अर्को प्रदेश वनाउन चाहेमा त्यसो गर्न सक्ने गरि संवैधानिक व्यवस्था गर्नुपर्दछ ।त्यसको लागि निम्नअनुसारको छुट्टै धाराले २७४– ४ र ७ लाई प्रतिस्थापन गरिनु पर्दछ ।

"यस संविधान बमोजीम बनेका प्रदेशहरू एक आपसमा गाभिन चाहेमा वा थप नयाँ प्रदेश निर्माण गर्नु परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्नु वा अधिकार हेरफेर गर्नु परेमा सम्बन्धीत प्रदेश व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रदेश सरकारको सिफारिसलाई संघिय संसदको दुईतिहाई बहुमतले अनुमोदन गरेमा प्रदेशहरू एकआपसमा गाभिन,छुट्टिन ,पुर्नसंरचना हुन र प्रदेश अधिकार हेरफेर हुन सक्नेछ "।

३. विद्यमान शासकिय स्वरूपमा परिवर्तन गरी "प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिय प्रणाली तथा पूर्ण समानुपातीक संसद "रहने व्यवस्था गरिनु पर्दछ ।

४. विद्यमान राष्ट्रिय सभाको संरचना (धारा ८६) पनि संशोधन गरिनु पर्दछ ।राष्ट्रिय सभालाई House Of Nationalities को स्वरूप दिन प्रत्येक राष्ट्रियता/जातीबाट न्युनतम् एक जना प्रतिनिधीत्व हुने र बाँकी संख्या समानुपातिक रूपबाट थप गरिने व्यवस्था गरिनु पर्दछ ।साथै राष्ट्रिय सभा सदस्यहरूलाई मुल रूपमा प्रदेश सभाले नै चुन्ने व्यवस्था गरिनु पर्दछ ।

५. न्यायपालिकालाई दलिय राजनीतिक प्रभावबाट मुक्तराखि जनताको विश्वासिलो आस्था केन्द्रका रूपमा रूपान्तरण गनर्का निम्ती राजनीतिक दलमा संलग्न व्यक्ति वा पार्टीका कार्यकर्ता न्यायाधिश हुन नसक्ने, सक्षम योग्य, उच्च नैतिक चरित्र भएका र सविधान–कानुनका विज्ञ मात्र न्यायाधिश हुन सक्ने सवैधानीक व्यवस्था गरिनु पर्दछ ।देश संघियतामा गईसकेपछि पनि अदालतहरू त्यस अनुरूप पुर्नसंरचित भएका छैनन् ,केन्द्रीकृत छन् ।न्यायालयहरू संघिय र प्रादेशिक तह अनुरूप पुर्नसंरचित हुनु पर्दछ ।संविधानवादको सिद्धान्त,संवैधानिक मुल्य र मान्यता बमोजिम राज्यका निकाय र पदाधिकारी हरूले आ–आफ्ना संवैधानिक सिमा भित्र रहि कार्यसम्पादन गरेका छन्, छैनन् भन्ने कुराको संवैधानीक पुनरावलोकन गर्ने सन्दर्भमा विशिष्ठीकृत निकायका रूपमा संवैधानिक अदालत,संवैधानिक न्यायाधीकरण जस्ता संरचनाहरूको निर्माण गरिनु पर्दछ । व्यवहारत : राजनीतिक भागवण्डामा जोड दिँदै आएको विद्यमान न्याय परिषदको पुर्नसंरचना गरिनु पर्दछ ।

६. विद्यमान संविधानको धारा ५६ (५) बमोजीम जातीय,भाषिक,साँस्कृतिक,अल्पसंख्यक समुदायका लागि स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्र वनाउने व्यवस्था भएपनि यो कार्यान्वयनमा आउन सकेको छैन ।यी विषयहरूमा राजनीतिक अधिकार र तिनको उपभोग हुने तौर तरिका सहित त्यस सम्बन्धी संस्थाहरूको विकास संविधानमा थप प्रष्ट गरी कार्यान्वयनमा लैजानु पर्दछ ।

७. भाग २ धारा ११ र १४ का नागरिकताका प्रावधानहरूलाई संसोधन गरिनु पर्दछ ।लैङ्गिक र बैवाहिक आधारमा महिला पुरूष बीच भेदभाव हुने गरी बंशज र अंगिकृत नागरिकतालाई छुट्याउने प्रयत्न गलत छ ।महिला वा पुरूष दुवैको बैवाहिक स्थितीलाई बरावरी रूपमा लिई उनीहरू वा उनीहरूका सन्तानको नागरिकतामा भेदभाव कुनै रूपमा पनि नहुने गरी नागरिकता सम्बन्धी प्रस्तावित कानुन ल्याइनु पर्दछ र संविधानमा संसोधन गरिनु पर्दछ ।यस बाहेक नेपालमै जन्मीएका जन्मसिद्ध नेपाली नागरिकका सन्तानलाई गैर नागरिक वनाउने प्रावधान हटाईनु पर्दछ । साथै एक पटक वंशजको नागरिकता प्राप्त गरेको व्यक्ति वा तिनका सन्तानलाई विदेशमै सेवा गरेकै आधारमा (सेवा अवधि पछि पनि) सजिलै नागरिकता नदिनु अन्यायपुर्ण हुने हुँदा त्यसलाई पनि संशोधन गरिनु पर्दछ ।

८ स्थानिय तह, प्रदेश र संघको साझा अधिकारका सन्दर्भमा कैयौ विवादित प्रावधानहरू रहेका छन् ।संघियताको मर्म अनुरूप स्थानिय तहलाई प्रदेश अन्तर्गत रहने स्पष्ट मान्यता सहित संविधानका सम्वद्ध प्रावधान र अनुसुची ९ मा उपयुक्त संसोधन गरिनु पर्दछ ।

९. विद्यमान संविधानको भाग ८ धारा ८४ (२) एकल जातीय प्रभुत्व र बर्चस्व कायम गर्ने संकिर्ण चिन्तन देखिएको छ ।संविधानमा "खस आर्य" बारे स्पष्टीकरण दिँदै तीनलाई ४ समुदाय–बाह्रमण,क्षेत्री,ठकुरी,सन्यासी (दशनामी) परिभाषित गर्दै संवैधानीक सर्वोच्च जाती वनाईएको छ ।तर विविधता भएका आदिवासी जनजाती, मधेशी, मुस्लीम, थारू, सिल्पी/दलितका विषयमा कुनै परिभाषा,पहिचान, मान्यता र सहभागितालाई स्पष्ट नगरेको मात्र होईन, तिनिहरूलाई उपेक्षा गरिएको छ ।यी विषयलाई संविधान संशोधन गरी परिभाषा र पहिचान सबैका बारे प्रष्ट गरिनु पर्दछ ।

१०. धारा ४ मा धर्म निरपेक्षताको सन्दर्भमा जोडिएको प्रष्टिकरणको प्रबन्ध हटाईनुपर्दछ ।

११. धारा ७ क मा रहेको सरकारी कामकाजको भाषा "देवनागरी नेपाली भाषा" हुनेछ भन्ने वाक्यांसले अन्य भाषा सरकारी भाषा हुनै नसक्ने बुझिन्छ ।त्यसैले "देवनागरी नेपाली वा उक्त प्रदेश र क्षेत्रमा बोलिने बाहुल्य भाषा समेत गरी कामकाजी भाषा हुनेछ" भनि संशोधन गरिनु पर्दछ ।

१२. स्थानिय तहको कर्मचारी आवश्यकताको विज्ञापन गर्दा लोकसेवा आयोगले क्षेत्र पनि मिचेको र समावेशिता पनि नअपनाएको पृष्ठभुमीमा "सम्बन्धीत स्तरको कर्मचारी भर्ति सम्बन्धीत तहको लोकसेवा आयोग/सम्वद्ध आयोगहरू मार्फत सरकारले गर्ने र त्यसमा समावेशि,समानुपातिक प्रतिनिधित्व सुनिश्चीत गरिनु पर्दछ " भनि संविधानमै उल्लेख गरिनु पर्दछ ।

१३. विद्यमान धारा २६८ लाई संशोधन गरि "प्रदेश प्रहरीले सम्पादन गर्ने सबै कार्यको सञ्चालन,सुपरिबेक्षण र समन्वय सम्बन्धी व्यवस्था प्रदेश सरकारकै कानुन बमोजीम हुनेछ " भनि राखिनु पर्दछ ।

**संसोधनको पहलकदमी, शक्ति संचय र अवको बाटो**
विद्यमान संविधानलाई सबै वर्ग,जाति,क्षेत्र समुदाय र लिङ्गको अपनत्व हुनेगरी संसोधन गर्नुपर्ने विषय वारम्बार उठाईदै आएको भएपनि वर्तमान सरकारले त्यसप्रति पूर्ण उपेक्षा गरेको छ ।संसद,सडक र पार्टी फोरमहरूमा यो विषय बारम्बार उठाई आईएकै थियो ।त्यतिमात्र नभई विगतमा संविधान संसोधनबारे वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले दुई बुँदे सहमतिमा हस्ताक्षर गरेता पनि त्यसलाई कार्यान्वयनमा लगिएन । पछिल्लो पटक समाजवादी पार्टीका केन्द्रीय समितिका अध्यक्ष उपेन्द्र यादवद्धारा उप–प्रधानमन्त्री,कानुन न्याय तथा संसदिय मामीला मन्त्रीको हैसियतमा २०७६ पुष ७ गतेको मन्त्री परिषद् बैठकमा "संविधान संसोधनका लागी आवश्यक गृहकार्य गर्न संविधानविदहरू संम्मीलित विज्ञ सुझाव समिति गठन गर्न " प्रस्ताव गरिएको थियो । तर उक्त प्रस्तावलाई प्रधानमन्त्रीले ठाडै अस्विकार गरेवाट समाजवादी पार्टी सरकारबाट बाहिरिएको छ र सरकारलाई दिँदै आएको समर्थन समेत फिर्ता लिएको छ । जुन सर्तमा पार्टी सरकारमा गएको थियो, त्यो पुरा नभएपछि अव यो विषयलाई सडक र सदनबाट दृढतापुर्वक राख्ने प्रतिवद्धता देश र जनताका सामु जनाएको छ ।

केपी ओली नेतृत्वको सरकारका संघियता विपरितका रबैयाहरू अहिले विभिन्न रूपमा उद्घाटित हुदै गएका छन् ।त्यती मात्र नभई प्रेस र अभिव्यक्ति स्वतन्त्रता माथिको अंकुश,विशेष सेवा सञ्चालन विधेयक मार्फत गोपनियताको हकको उलंघनको चेष्टा,विभिन्न भष्टाचारका काण्डहरूको पर्दाफास र प्रदेश नामाङ्कन समेतमा स्वायत्तताको उल्ङ्घन र पार्टी ह्पिको प्रयोगले वर्तमान सरकार,संघियता,पहिचान,समावेशिता र सुशासन विरूद्ध खडा भएको स्पष्ट छ ।प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस पनि केवल भागवण्डामा लिप्त छ ।त्यसैले यो स्थितिमा नेपाली राजनीति पुन : एकपटक यतिखेर संघियता,पहिचान,समाबेशिता, सुशासन चाहने तथा नचाहनेका बीच ध्रुविकृत बनेको छ ।त्यसरी पुनर्गठित समाजवादी पार्टीको काँधमा नै यी सबै विषयलाई नेतृत्व र समाधान दिने जिम्मेवारी आएको छ ।त्यसैले संविधान संसोधनमा वेवास्ता सहित सरकारका सबै गलत रवैया विरूद्ध राष्टिय जनता पार्टी, नेपाल, संसद भित्र वा बाहिरका अग्रगमन पक्षिय सबै दल, विभिन्न सामाजीक संघ/संस्था, व्यक्ति/व्यक्तित्व तथा कतिपय कमजोरीका बावजुद प्रमुख प्रतिपक्षि दलसंग पनि वार्ता/संवाद गर्दै संविधान संसोधनको पक्षमा जनदवाव पैदा गर्न समाजवादी पार्टीले नै पहलकदमी लिनु अनिवार्य बनेको छ ।अहिले ( विसु) अभियानका दौरान पनि पार्टी पंक्ति र आम जनतामा संविधान संसोधनको औचित्यबारे प्रष्ट पार्ने कार्य जारी नै छ ।यसलाई अझ विस्तार र सुदृढ वनाउन तथा संवादलाई घनिभुत पार्न सम्पूर्ण बौद्धिक तथा पेशाकर्मी साथीहरूको भुमीका उत्तिकै महत्वपुर्ण छ ।त्यसैले सबै प्रकारका अन्याय, असमानता, विभेद , असमावेशिता र कुशासनको अन्त्य र न्याय,समानता,समावेशिता,सुशासन र अन्तत : समुन्नत संघिय समाजवादको उज्वल पथमा सबै एकतावद्ध भएर लाग्नु नै अहिलेको आवश्यकता हो ।

**धन्यवाद !**

*(नेपाल बौद्धिक पेशाकर्मी महासंघले माघ २७ गते जनकपुरधाममा आयोजना गरेको वृहत राष्ट्रिय भेलामा समाजवादी पार्टीका उपाध्यक्ष नवराज सुवेदीले प्रस्तुत गरेका कार्यपत्र)*

## संक्षिप्त समाचार

### अध्यक्षमण्डलका नेता झालाई पितृशोक

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य अनिल कुमार झालाई पितृशोक परेको छ । राजपा नेपाल अध्यक्षमण्डलका सदस्य झाका पिता प्रेमनारायण झाको सोमबार बिहान ९१ वर्षको उमेरमा निधन भएको हो ।

### न्यायाधिवक्ताको सम्पर्क कार्यालय कोटेश्वरमा

काठमाडौं । प्रदेश २ का मुख्य न्यायाधिवक्ताको सम्पर्क कार्यालय काठमाडौंको काटेश्वरमा उद्घाटन भएको छ। सोमबार बिहान प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले रिबन काटेर कोटेश्वर-३२ मा सम्पर्क कार्यालय उद्घाटन गरेका छन् । काठमाडौंमा प्रदेश न.२ का मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाको अध्यक्षता तथा मुख्यमन्त्री राउतको प्रमुख आतिथ्यतामा सम्पर्क कार्यालय उद्घाटन भएको हो ।

### भारतका सेना प्रमुख नेपाल आउने

काठमाडौं । सरकारले भारतका सेना प्रमुख जनरल मनोज मुकुन्द नाराभाने र इजरायलका सेना प्रमुख अभी जोकोभिचको नेपाल भ्रमण स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटाले नेपाली सेनाको आग्रहमा दुई देशका सेना प्रमुखको नेपाल भ्रमणलाई अनुमति दिने निर्णय गरेको बताए । नेपाल भ्रमणका वेला भारतीय सेना प्रमुख जनरल मनोज मुकुन्द नाराभानेलाई नेपाली सेनाको मानार्थ सेनापतिबाट सम्मान गर्ने कार्यक्रम छ । नाराभाने भारतका २८ औं सेना प्रमुख हुन भने इजरायली सेना प्रमुख जोकोभिच लामो समय इजरायली सेनाको गुप्तचरी निकायमा रहेर काम गरेका थिए ।

### महोत्तरीमा चल्दैन सिक्का

महोत्तरी । महोत्तरी जिल्लाको हाटबजारमा सिक्का पैसा चल्न छाडेको छ । जिल्ला सदरमुकाम जलेश्वरसहित विभिन्न गाउँका हाटबजार र पसलमा सिक्का पैसा लिन छाडिएको उपभोक्ताले गुनासो गरेका छन् । सानादेखि ठूला पसलेले अहिले सिक्काको कारोवार नगर्ने गरेको सर्वसाधारणको गुनासो आइरहेको छ । अहिले पसल तथा हाटबजारमा मालसामान तथा विभिन्न सामग्री बेच्न बसेका व्यापारी व्यवसायीले खुद्रा पैसाजस्तै एक, दुई र पाँचका सिक्का पैसा लिन छाडेका छन् । राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाका प्रबन्धक शिवशंकर यादवले सिक्का हाटबजारमा चले, नचलेको थाहा नभएको तर बैंकले सर्वसाधारणको सिक्का लिइरहेको बताए ।

### लर्डबुद्ध कलेजमा फुड प्रडक्सन तालिम

विराटनगर । विराटनगर-१० मा रहेको लर्डबुद्ध कलेजले फुड प्रडक्सन तालिमको आयोजना गरेको छ । कलेजमा कक्षा- १२ अध्ययनरत ५२ जना विद्यार्थीहरूलाई सो तालिम दिएको कलेजले जनाएको छ । यो तालिममा सर्भिस, लाइभ प्याक्ट्रिकल गर्नुका साथै टेवल लेआउट सिक्न तथा ब्याचलर लेवलमा गए पछि सजिलो होटेल मेनेजमेन्टका को-अर्डिनेटर अमित महतोले बताए । को-अर्डिनेटर महतोका अनुसार पूर्णरूपमा कुकिङ रेन्जसहितको किचेन र अन्तराष्ट्रिय वारको व्यवस्था रहेको बताए । तालिमको सहजिकरण को-अर्डिनेटर महतोले गरेका थिए ।

### कपी उद्योग सङ्कटमा

नेपालगञ्ज । नेपालगञ्जमा सञ्चालनमा रहेका कपी उद्योग मारमा परेका छन् । अधिकांश उपभोक्तले भारतबाटै भन्सार नतिरी कपी भित्र्याउने गरेका कारण यहाँका कपी उद्योग फस्टाउन नसकेको गुनासो उद्योगीहरूको छ । नेपालगञ्जमा कपी, रजिस्टर लगायतका मसलन्द उत्पादन र बिक्री वितरण गर्दै आएको सार्थक इन्डस्ट्रिज प्रालिका प्रबन्धनिर्देशक आशीषराज श्रेष्ठले सीमापारिबाटै ल्याउने कपी र स्टेसनरीमा कडाइ नगरिँदा कपी उद्योग फस्टाउन नसकेको बताए ।

### गुणस्तरहीन सामग्री प्रयोग गर्दा समस्या

रौतहट । गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग गरेका कारण चन्द्रपुर नगरपालिका ५ मा निर्माण सम्पन्न भएको कालोपत्रे तीन महिना नबित्दै उप्किएको छ । नगरपालिकाले तोकेको मापदण्डबमोजिम निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गर्न नसक्दा कालोपत्रे चाँडौ उप्किएको हो । चन्द्रपुर सरकारी अस्पताल अगाडिदेखि पूर्व-पश्चिम राजमार्ग छुने करिब ७०० मिटर सडक कालोपत्रे गर्न कमल कन्स्ट्रक्सन पतौरा ४, रौतहटले ठेक्का पाएको थियो । नगरपालिकाको ४६ लाख ४६ हजार रूपियाँको योजना रहेको उक्त सडकमा कन्स्ट्रक्सनले १९ लाख ६९ हजार रूपियाँमा ठेक्का पारेको नगरपालिकामा अभिलेख छ ।

### उद्यमी समिति गठन

बुटवल । महिलाहरूले सञ्चालन गरेका उद्योगलाई परेका समस्या समाधान गर्ने तथा तालिम, गोष्ठी तथा अन्तर्क्रिया गरी महिलालाई उद्योग सञ्चालन गर्न प्रेरित गर्ने उद्देश्यले बुटवलमा महिला उद्यमी समिति गठन भएको छ। रूपन्देही उद्योग सङ्घमा आबद्ध महिला उद्यमीको भेलामा महिला उद्यमी समिति गठन गरेको हो। भवना स्का फोल्डिङ मेट्रियलकी शारदा रेग्मी भट्टराईको संयोजकत्वमा सात सदस्यीय महिला उद्यमी समिति गठन भएको हो। गठित समितिको सहसंयोजकमा हरि हस्तकला उद्योगकी हरिकला मल्ल, सचिवमा युनिक फेसन उद्योगकी अनिता भण्डारी र सदस्यहरूमा सिद्धबाबा नर्सरी उद्योगकी मधुराकुमारी भट्टराई मुडभरी, आकाश कृषि औजार उद्योगकी मीना थापा तुलाधर, दुर्गा प्रिन्टिङ तथा स्टेशनरी उद्योगकी उर्मिला खनाल र रूरू कन्या आयल मिलकी रम्भादेवी श्रेष्ठ रहेका छन्।

### चरेश बरामद

पर्सा । पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका १ स्थित भलबईयाबाट एपीएफ टोलीले करीव तीन के.जी. दुई सय ग्राम चरेश बरामद गरेको छ । उक्त स्थानमा बेवारिसे अवस्थामा रहेको उल्लेखित परिमाणको चरेश सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट भिस्वाबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले बरामद चरेश ईलाका कार्यालय पोखरीयामा बुझाएको छ ।

### मन्दिरको सामानहरू चोरी गर्ने पक्राउ

मोरङ । रंगेली नगरपालिका-७ स्थित संसारी माईस्थान मन्दिरबाट बुधबार विभिन्न सामानहरू चोरी गरेको अभियोगमा रंगेली नगरपालिका-३ बस्ने भुवन पराजुलीलाई प्रहरीले पक्राउ गरेको छ । चोरी भएको जानकारी प्राप्त हुनासाथ मन्दिरमा जडान गरेको सिसी क्यामेराको फुटेज तथा अन्य प्रविधि प्रयोग गरी चोरी गर्ने मानिसहरूको प्रहरीले खोजी गर्ने क्रममा घटनामा प्रयोग भएको ज.१२ प ५४६८ नम्बरको मोटरसाइकल पराजुलीको घर आँगनमा पार्किङ गरी राखेको अवस्थामा फेला पारेको थियो । प्रहरीले उनको कोठा तलासी गर्ने क्रममा चोरी भएको सामानमध्ये संसारीमाताको मूर्तिको टाउकोमा लगाउने चाँदीको मुकुट १ थान, चाँदीको जस्तो देखिने सिक्री ३ वटा, छत्र १ थान, त्रिशुल १, पित्तलको गणेश, छोटीमाताको पुरानो मूर्ति २ थान, पित्तल र फलामको त्रिशुल २ थान लगायतको सामान र घटनामा प्रयोग भएको उक्त मोटरसाइकल समेत बरामद गरेको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

**मलहम** -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# पान खानु संस्कृति, भित्ता रङ्गाउनु विकृति

नेपालको तराई मधेश र बिशेष गरी भारत भरी पान खाने चलन लोकप्रिय संस्कृतिका रूपमा स्थापित छ। अध्ययनहरूका अनुसार विश्का ६० करोड जनसंख्याले दैनिक पाने खाने गर्दछ। साथै विश्वमा सुर्ति, रक्सी र चियाकफी पछी पानलाई चौथो अधिक मनोउत्तेजक पदार्थ मानिन्छ। १ खिल्ली पानले ६ कप कफी खाए बराबरको मनो उतेजना दिन्छ भन्ने अध्ययनहरूले बताउँछ। आखिर पानमा त्यस्तो के छ ? पान खाने संस्कृतिले हाम्रो समाजको विविध क्षेत्रहरूलाई एकसाथ कसरी प्रभावित गरेको छ ? साथै यसको बहुआयामिक महत्व के हो? भन्ने बिषयहरूमा यस आलेखमा चर्चा गर्ने प्रयास गरेको छु।

नेपालमा पाइने पानका जातहरूमा देशी, बंगला, संचारी र मिठापत्ता हुन्। जानकारीका अनुसार पानपातका ६४ जातहरू भारतमा पाइएका छन्। ती मध्ये प्रमुख जातहरू: देशी, काली, रायटेक आदि महाराष्ट्रमा। साँची, मिठु (मिठा पत्ता), जहाजी र वंगला पान आसाम र पश्चिम बंगलामा, देशी देशावरी, कपुरी, मधही, वनारसी, कलकतीया बंगलापान उत्तर प्रदेशमा लगाइन्छ।

नेपालमा जनकपुरीया पान र भारतमा बनारसी एवं बंगाली पान चर्चित पान मानिन्छ। नेपालमा धेरैले जर्दा (सुर्ति युक्त) र मिठ्ठा पान खाने गर्छन्। हिजो आज फायर पान खाने चलन पनि युवा पुस्तामा आएको देखिएको छ। नेपालको धर्म, स्वास्थ, अर्थतन्त्र, रोजगारी, कृषि, सौन्दर्य उद्योग आदि लाई प्रत्यक्ष रूपमा पान खाने संस्कृतिले प्रभावित गरी रहेको देखिएको छ।

**पानको धार्मिक सन्दर्भः**

हिन्दुधर्मालम्बीहरूले पानलाई प्राय: पुजापाठ आदि शुभकार्यमा सुपारीसँग प्रयोग गरेको पाइन्छ। परापुर्व काल देखि नै मिथिलाको संस्कृतिक पहिचान नै पान लाई मानिन्छ। पानकलाई शुद्ध र पवित्र मानेर देवतालाई पनि चढाइन्छ। अष्टलक्ष्मी, गणेश, भैरव, जगदम्बाको पुरा र पितृश्रद्धामा समेत पान चढाइन्छ। विहेवारीमा सुगनाको रूपमा पनि पान लानु शुभ मानिन्छ। घरबाट कतै टाढा निस्कदा पान खाएर हिडदा, साइत पर्ने धार्मिक विश्वास पनि रहेको गरिन्छ। मिथिलामा कोजाग्रत पुर्णिमा, छट पर्व, भाईटिका आदि दिनहरूमा पानको बिक्री बढी हुने गर्छ। त्यस दिन भगवानलाई पान चढाउने गरिन्छ। र सो दिन कहिले पनि पान नखानेहरू समेत पान खाने गर्दछन्। भोजभतेरमा मात्रै होइन धर्मका रूपमा पनि पानको प्रयोग हुदै आएको पाइन्छ।

**कृषि उपार्जनमा पान :**

खानका लागि नेपालमा खपतहुने पानको पात भारतबाट नै आयत हुन्छ। साथै पानमा राखिने अन्य आवश्यक पर्ने सामग्री (पान मसलाहरू) हरू पनि भारतबाट नै आउने गरेको छ।

नेपालमा पनि केही समय अघिदेखि तुलनात्मक दृष्टिले थोरै क्षेत्रफलमा भएपनि झापा जिल्लाको शनिश्चरे, मोरङ्गका लेटाङ्ग, मधुमल्ला, सुनसरीको पञ्चकन्या र श्रीपुर तथा सप्तरी जिल्लामा व्यावसायिक स्तर परीक्षणको रूपमा पान खेती गर्न थालिएको पाइन्छ। नेपालको झापा जिल्लामा विगत २ दशक देखि पान खेती गर्दै आएका कृषकले प्रति कठ्ठा ९१.५ सरदर रू. १२-१५ हजारसम्म खुद मुनाफा पाएको बताउछन्। तराईका जिल्लाहरूमध्ये झापा, मोरंग, सुसनरी, सप्तरी, सिरहा आदि जिल्लामा २०४४ साल देखि कृषक स्तरमा पान लगाउदै आएको पाइन्छ। यसको खेतीको लागि उष्ण प्रदेशीय जंगल क्षेत्र उपयुक्त मानिएको छ। कृषहरूले अन्य खेतीमा लगाउने केही खर्च र श्रम पान खेतीमा लगाउने हो भने कृषकको आर्थिक समुन्नती हुने मात्र नभई मुलुकको अर्थतन्त्रमा ठुलो सघाउ पुयाउने निश्चित छ।

**अर्थतन्त्र र रोजगारीका लागिः**

नेपालमा पान पसलको व्यवसायले धेरैलाई रोजगारी दिएको मात्रै छैन यसले दशकै अर्थतन्त्रमा पनि माने राख्ने देखिन्छ। अध्ययनहरूका अनुसार प्रदेश नं. २ को राजधानी जनकपुरमा मात्रै करिब १ हजार पान पसल रहेको छ। पानको पसल मधेशको गाँउ गाउँ सम्म राम्रै संख्यामा खुलेका पाइन्छन्। प्रदेश २ कै निम्न १० शहर बिरगं, लहान, राजविराज, गौर, वर्दिवास, कलैया, मिर्चैया, मलंगवा, चपुर, निजगठ र सिमरौण्गठको मात्रै १०० पान पसलको हिसाब गर्यो भने पनि १००० थप पान पसल हुने देखिन्छ। जनकपुर सहित उत्त संख्या २००० हजार हुन जान्छ। प्रति पसल प्रतिदिन रू.१०००को व्यपारको मात्र हिसाब गर्दा बर्षमा पान पसलको प्रदेश नं.२ मा मात्र प्रतिबर्ष ७३ करोड व्यपार पान पसलमा हुने गरेको देखिन्छ, ७३ करोड सानो रकम मान्न सकिन्न। प्रत्येक पान पसलमा १ जना मात्रको रोजगारीको हिसाब गर्दा, २००० पसलमा २००० व्यतिले रोजगारी पाएको देखिन्छ। यसरी पान खाने संस्कृतिले नेपाली अर्थतन्त्रलाई राम्रै योगदान पुर्याईरहेको देखिन्छ।

**सौन्दर्यता एवं शानका लागि पान :**

पान पनि मैथिली संस्कृतिको बिशेष पक्ष हो। मधेशमा नारी र पुरूष दुवैले पान खने गदर्छन। मिथिलि मधेशमा पान खानु खुवाउनुलाई शान मानिन्छ। पानले मुखको शोभा बउछ। स्वरलाई सुरिलो पार्दछ। त्यसैले गायकहरूले बिशेष गरी पान खाने गर्दछन्। अचेल स्त्रीहरू लिपिस्टीकको प्रयोग गरेर ओठ रातो बनाउने गर्दछन तर पहिलेका स्त्रीहरू पान खाएर आफनो ओठको नैसर्गिक लालिमा बनाउने गदर्थे र पान खाएपछि कामोत्तेजनमा वृद्धि हुने र स्मरण शक्ति समेत हने मान्यता रहेको पनि पाइन्छ। पानले साँसलाई ताजा राख्न बनाउन पनि भूमिका खेल्दछ।

**स्वास्थ्यका लागि पान :**

आयुर्वेद शास्त्रहरूका अनुसार मुखको स्वच्छताका लागि दिनचर्यामा पान ( ताम्बुल) सेवन गर्न निर्देश गरिएको छ। पानमा १ सय ५ गुण हुने बताईएको छ। शास्त्रहरूका अनुसार खाना पछिको पान अम्मल मात्र नभई पाचन क्रियाको सहयोगि हुन्छ। रूघाखोकी, सर्दी र रक्त विकारमा पानलाई उत्तम मानिन्छ। तर यस्तो प्रभाव दिने पान मिठ्ठा पान मात्र हुनसक्छ, जहाँ सूर्ति राखिएको हुन्न। जसले घाँटी सफा राख्ने तथा पाचन क्रियालाई सघाउ पुयाउने पनि मानिन्छ। पानको पातमा भिटामिन बि र सि हुन्छ। पानको पातको लेप अनुहारमा सौन्दर्यको रूपमा लगाउने चलन छ। ल्वाङ, सुकमेल मिसाइएको मिठा पान खोकी हटाउन पनि प्रयोग हुन्छ।

खादा पान खानु आफैमा स्वस्थ्यकर मानिन्छ तर खाने पानमा राखिने गुटखा, चुन, सूर्ति, सुपारी, प्रशोधित खयर/कत्था एवं अन्य सुगन्धदायक मसलाहरू हानीकारक हुन्छन्। क्यानसर लगाउने हुन्छन्। जर्दापान खाने धेरैलाई मुखको क्यानसर भएको पाइन्छ। खाने पानमा राखिने सूर्ति मनोत्तेजक खाद्य पदार्थ हो। पान खाँदा चपाउँदै रसखाने क्रममा सुर्तिको रस पेट सम्म जाने भएकोले त्यसबाट पाचनलाई समेत असर पार्दछ। जर्दा युक्त पानले दाँतलाई कालान्तरमा कलो बनाउने र स्वास्थ लागि धेरै नै हानि गर्दछ।

**आधुनिकतामा पान :**

आगो बल्दै गरेको पान अहिले बजारमा 'फायर पान'को रूपमा चर्चित छ। सामाजिक सञ्जालमा 'भाइरल' भएसँगै यसको माग हिजोआज निकै बढेको छ। फायरको पान ७५ रूपैयाँ देखि १५० सम्म पर्छ। पानको पात आफैमा स्वास्थ्यको लागि राम्रो हो। गुट्खा, सुपारी, सूर्ति, आगो बालेर बनाइएको पान हानिकारक हुन्छ। पानमा प्रयोग हुने धेरै सामग्रीहरू खान मिल्ने हुन्छ तर केही केमिकलहरू हानिकारक हुन सक्छ। चुनाले पेट सफा गर्ने भन्ने भनाइ छ त्यस्को वैज्ञानिक पुष्टि भएको छैन। फायर पानमा कपुर हुन्छ जुन खाद्य वस्तु होइन।

बिशेष कुरा के हो भने, पान खाँदा धेरैले सुर्ति, सुपारी, गुट्खा लगायत अन्य पदार्थको नशा पनिसँगै सेवन गरी रहेको हुन्छ, यसप्रति सचेत हुनु जरूरी छ। जर्दायुक्त पानको सेवन चुरोट खानु भन्दा पनि खतरना हुन्छ। पान खानु शान हुन सक्ला तर पान खाएर जतातत्तै प्याच प्याच थुकेर भित्ता रङ्गाउनु गर्नु अपमान हो कि ? विकृति हो कि? पान खाने चलनलाई संस्कृति कै रूपमा कायम राखौं विकृत नबनाऔं।

## कपिलवस्तुको छैठौ सभा सम्पन्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तु नगरपालिकाले सोमबार छैठौं नगर सभा सम्पन्न गरेको छ। सोमबार नगरपालिकामा सम्पन्न भएको नगर सभामा कपिलवस्तु नगरपालिकाको शिक्षा ऐन २०७६ सर्वसम्मत ढंगले पारित भएको छ।सामाजिक विकास समितिका संयोजक प्रकाश गैरेले उक्त ऐन पेश गरेका थिए। संविधानले माध्यमिक शिक्षा सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। सोही कानुनी अधिकारलाई टेकेर नगरपालिकाले शिक्षा ऐन बनाएको हो।केन्द्रिय शिक्षा ऐन र नेपालको संविधानसंग नबाझिने गरी नयां शिक्षा ऐन बनाएर पारित गरेको प्रकाश गैरेले बताए। यो अवसरमा नगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमलराज आर्चायले नगरपालिकाले हाल सम्म समपादन गरेका कार्यहरूको बारेमा सभामा जानकारी दिएकाथिए। खुल्ला दिसा मुक्त घोषणा, वालमैत्री वडा घोषणा,४ वटा वडा कार्यालय र नगरको कार्यालय तल्ला निर्माण कार्यमा तिब्रता, बैक मार्फत सामाजिक सुरूक्षा, फुसको घर विस्तापित योजना, सडक निर्माण लगायतका बारेमा प्रगती प्रतिवेदन पेश गरेका थिए।

## जन्मदै छोरीको खातामा पाँच लाख

वीरगन्ज। बाराको सिम्रौनगढमा अब छोरी जन्मने बित्तिकै पाँच लाख रूपैयाँको बीमा हुने भएको छ। 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत प्रदेश सरकारले तीन लाखको बीमामा सिम्रौनगढ नगरपालिका दुई लाख रूपैयाँ रकम थपिदिएको हो। प्रदेश मन्त्रिपरिषद्को गत हप्ता बसेको बैठकले बीमाका लागि दिने गरिएको रकम तीन लाख रूपैयाँ पुर्याउने निर्णय गरेको थियो। छोरी शिक्षा बिमामा प्रदेश सरकारले तीन लाख दिने र सिम्रौनगढ नगरपालिकाले पनि दुई लाखसहित पाँच लाख रूपैयाँ दिने नगर प्रमुख विजय शंकर यादवले बताए। नपढाउने र उमेर नपुगी बिहे गरिदिने चलनलाई फेर्न छोरीले परिवारबाट २० वर्षसम्म शिक्षा आर्जनको सुविधा पाएको खुलेपछि मात्रै बीमाको रकम भुक्तानी पाउनेछन्। छोरीका लागि बीमा योजनाको रकम बढाइएको घोषणा गर्दै मुख्यमन्त्री लालबाबु राउतले २० लाख पुर्याउने लक्ष्य रहेको बताए। प्रदेश सरकारले २०७५ माघयता जन्मिएका छोरीहरूको बीमा गर्दै आएको छ। प्रभु बैंकको सहकार्यमा चार हजार ३७३ जनाको बीमा भइसकेको छ। थप तीन हजार ११८ जनाको बीमा गर्ने कागजात मुख्यमन्त्री कार्यालयमा प्रक्रियामा छ। गत फागुन ९ मा वीरगन्जबाट राष्ट्रपति विद्यादेवी भण्डारीले छोरी बीमा अभियानको शुभारम्भ गरेकी थिइन्। बीमाका लागि गत वर्ष संघीय सरकारले ५० करोड रूपैयाँ दिएको थियो।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## सीमामा बढ्यो सतर्कता

काठमाडौं। कोरोना भाइरसले चीन र नेपाललाई प्रभावित गर्न थालेदेखि नेपाल-भारत-भुटान सीमा क्षेत्रमा भारत सरकारले सतर्कता अपनाउन थालेको छ। नेपाल-भारत सीमानजिक बाघडोगरा एयरपोर्टमा चीनबाट आएका हरेक यात्रीलाई विशेष निरिक्षण शुरू गरिएको छ। बाघडोगरा एयरपोर्टका निदेशक सुब्रमणि पी.ले यात्रीहरूलाई सतर्क रहन एयरपोर्टमा डिस्प्ले बोर्डसमेत लगाएको जानकारी दिए। पश्चिम बंगाल सरकारको स्वास्थ्य विभाग दार्जिलिङ इकाई पनि कोरोना भाइरसबारे सतर्क रहेको छ। विशेषगरी नेपाल-भारत सिमा क्षेत्रलगायत वरिपरीका क्षेत्र खोरीबारी, मिरिक, सुखेपोखरी खण्डमा विशेष सतर्कता अपनाइएको छ। भाइरस जाँच गर्न नेपाल-भारत सीमा पानी ट्याङ्की, मिरिक र सुके पोखरीमा तीनवटा शिविर राखिएको छ। कोरोना भाइरसका विषयमा सिक्किम सरकारले पनि सतर्कता अप्नाएको छ।

## 'सम्बन्ध झनै सुमधुर'

काठमाडौं। भारतीय सत्तारूढ दल भारतीय जनता पार्टीका पूर्व विदेश विभाग प्रमुख तथा नेपाल मामिलाका जानकार विजय जोलीले नेपाल-भारत द्विपक्षीय सम्बन्ध विगतभन्दा अहिले झनै सुमधुर रहेको बताएका छन्। एक निजी टेलिभिजनमा अन्तर्वार्ता दिदैं उनले भने, 'नेपाल भारतको असल र नजिकको मित्र राष्ट्र हो र नरेन्द्र मोदी भारतमा प्रधानमन्त्री बनिसकेपछि १७ वर्षको अन्तरालमा चार पटक नेपालमा भ्रमण गरेका हुन।' यसले मोदीको मनमा नेपालप्रति मायाको सागर रहेको उनले बताए।

**स्थानीय सम्वाद**

# स्थानीय तहमा अहिले पनि संघीय सरकारको अधिपत्य छ



**हिराबहादुर खत्री**
**मेयर, देवदह नगरपालिका, रूपन्देही**

प्राचीन कोलीय राज्यको राजधानी देवदह नेपालको प्रदेश नं. ५ अन्तर्गत रूपन्देही जिल्लामा पर्दछ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी देखि ३५ किलोमिटर उत्तर पूर्वमा अवस्थित देवदह ऐतिहासिक एवं बुद्धको मावलीस्थलको रूपमा प्रशिद्ध रहेको छ। नेपाल सरकारको २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका देवदह र केरवानी गा.वि.स. मिलेर देवदह नगरपालिका संचालनमा आएकोमा नेपाल सरकारको मिति २०७३।११।२७ मा प्रकाशित राजपत्रअनुसार साविक सिक्टहन गा.वि.स. थप भइ हालको देवदह नगरपालिका बनेको हो।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएर गएसँगै जनताले महसुश गर्ने गरी के कस्ता कामहरू गर्नुभएको छ ?**

- जति अपनि काम भइरहेका छन् ती सबै जनताले महसुस गर्ने गरी नै भइरहेका छन्। लामो समय स्थानीय जनप्रतिनिधिको अनुपस्थिति रह्यो। हामी आइसकेपछि संघीयताको मूल मर्म अनुरूप नै सबैभन्दा पहिले सेवाप्रवाहलाई नै महत्व दियौं। नगरपालिकाको १२ वडामा ३ ठाउँबाट सेवा प्रवाह हुन्थ्यो तर त्यसलाई बढाइएर हामीले ९ ठाउँबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलायौं। यो वर्षभित्रै १२ वटा वडाबाट सेवा प्रवाह गर्ने गरी काम गर्दैछौं।

**० तपाईहरू निर्वाचित भएर आउँदा त्यहाँका जनताका अपेक्षा कस्तो पाउनुभयो ?**

- अपेक्षा सबैका असीमित छन्। अपेक्षा पुरा गर्ने हिसावले काम गरेका छौं भन्ने हाम्रो विश्वास हो। हामीसँग भएको स्रोत र साधनलाई अतिकतम प्रयोग गरेर सेवा प्रवाहलाई चुस्त बनाउँदै, पूर्वाधारमा निर्माणमा यहाँका स्थानीयहरूको आवश्यक्ता र मागलाई सम्बोधन गर्दै र आवश्यकता र माग भएर पनि त्यसको औचित्य पुष्टि हुने गरी कसरी काम अगाडि बढाउन सकिन्छ भन्ने सन्दर्भमा हाम्रो नगरपालिका गम्भीरताका साथ योजनाबद्ध तरिकाले अगाडि बढेको छ।

**० सिहदरबार गाउँ गाउँमा पुगेको छ त ?**

- संविधानत: सिंहदरबार गाउँमा आएको हो। तर, व्यवहारत: केही कठिनाईहरू रहेका छन्। संविधानको मूल मर्मलाई संघीय र प्रदेश सरकारले बुझ्नेछ र हिजो जसरी स्थानीय तहलाई बलियो बनाउने गरी संविधान निर्माण भएको छ त्यही अनुसार नै नीति, नियमहरू निर्माण हुनुपर्दछ भन्ने दुवै तहका सरकारले बुझ्नेछन् र त्यसै अनुरुप अगाडि बढ्नेछन् भन्ने विश्वास लिएका छौं। अहिलेसम्म कुनै न कुनै नाममा संघीय सरकारको अधिपत्य रहने, भन्दा स्थानीय तह भन्ने तर व्यवहारमा संघीय सरकार अन्तर्गत नै रहेको निकायको रूपमा हेर्ने गरिएको छ। लामो समयसम्म कर्मचारी समायोजन टुंगोमा नपुग्नु, स्थानीय तहका एकल अधिकारका सूचीमा रहेका विषयवस्तुहरूलाई स्थानीय तह अनुकुल सुदृढ बनाउन नसक्नुले संघीयताप्रति आम नागरिकको दृष्टिकोण र विचारप्रति आघात पुग्न गएको छ।

**० संविधानमा व्यवस्था भएको स्थानीय तहको अधिकार दिन पनि संघीय र प्रदेश सरकारले कन्जुस्याँई गरिरहेको छ ?**

- स्थानीय सरकारको एकल अधिकारको सूचीमा रहेका कृषि, पशु, सहकारी, शिक्षा आदि विषयहरूमाथि पनि नियन्त्रण गर्नेगरी जसरी संरचनाहरू निर्माण गरिएको छ त्यसबाट नै धेरै कुरा प्रष्ट हुन सकिन्छ।

**० संघीयता मुलुकका लागि ठिक छैन यसले संकट उत्पन्न गराउँछ भन्ने जस्ता विषयवस्तु पनि अगाडि आउन थालेको छ, यस्तो विचारलाई कसरी हेर्नु हुनुहुन्छ ?**

- संघीयता अहिलेको आवश्यकता हो। संघीयता चाहिन्छ। संघीयता खराब थियो वा हो भन्ने हिसाबाबाट जुन किसिमका क्रियाकलापहरू भइरहेका छन् त्यस्ता विषयहरू अन्त्य हुनुपर्दछ। संघीयतामा स्थानीय सरकारलाई मजबुत नबनाइकन संघीय र प्रदेश सरकार मजबुत हुन सक्दैन। आम जनताका मागहरू सम्बोधन गर्ने स्थानीय तहले हो। स्थानीय तह स्वतन्त्र भएर काम गर्न नसक्दासम्म यो व्यवस्था स्थापित हुन सक्दैन। अहिले संघीयताको विरूद्धमा भइरहेका क्रियाकलापहरू हाम्रो अनभिज्ञता र अकर्मण्यताको परिणाम पनि हुन सक्दछ। यो सबैले बुझ्न जरूरी छ। स्थानीय तह अहिलेसम्म सही तरिकाबाट कार्यसम्पादन गर्न सक्षम छैन भनेर प्रदेश र संघीय सरकारले भन्दै जाने हो भने यो व्यवस्थाप्रति आम जनताको रूचि घट्दै जाने निश्चित छ।

**० सिंहदरबार गाउँगाउँमा नारामा मात्र सिमीत भएको छ अहिलेसम्म ?**

- नारा मात्र होइन यसलाई व्यवहारमा उतारिएको छ। सबै स्थानीय तहले आम जनताका आवश्यकता र उनीहरूका माग अनुरूप काम गरेका छन्। केही कमी कमजोरी भए त्यसलाई सुधार्न सकिन्छ।

**० प्रदेश सरकारलाई भन्दा बढी अधिकार स्थानीय सरकारलाई दिइएको छ, त्यही भएर पनि हो कि प्रदेशले आनाकानी गरिरहेको ?**

- त्यो त संविधान व्यवस्था गरिसकेको छ। स्थानीय तह प्रत्यक्ष रूपमा जनतासँग जोडिएको छ। संघीय, प्रदेश र स्थानीय तहको काम के-के हुने भन्ने सम्बन्धी संविधानमा नै स्पष्ट व्यवस्था भइसकेको छ। त्यो विषयमा अहिले आएर अबुझ हुन जरूरी छैन। संविधानको अध्ययन गरी इमान्दारीपूर्वक काम गर्नुपर्दछ। कुनै आग्रह-पूर्वाग्रह नराखी काम गर्ने हो भने कुनै द्विविधा छैन।

**० स्थानीय तहमा भ्रष्टाचार बढेको विभिन्न तथ्यांकहरूले देखाउँछ, तपाईको नगरपालिको अवस्था कस्तो छ ?**

- हिजोको दिनमा स्थानीय तहमा जनप्रतिनिधिहरू थिएनन् अहिले ७५३ स्थानीय तहमा हामी निर्वाचित भएर आएका छौं। कहिकतै छिट्टपुटका घटनाहरू भएका होलान् तर देवदह नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरू इमान्दारीताका साथ जनतासँग हिजो गरिएका प्रतिबद्धताहरू पुरा गर्ने र सुशासनलाई स्थापित गराउँदै भ्रष्टाचार मुक्त समाज निर्माण गर्ने अभियान लिएर अगाडि बढेको छ। अहिलेसम्म हामी सफल भएका छौं।

**० देवदह नगरपालिका भित्रका जनताको जनजीवन केमा आधारित त ? त्यहाँको सम्भावनाहरू के देख्नुहुन्छ ?**

- पर्यटन, कृषि र जलस्रोत यहाँका मुख्य सम्भावनाहरू हुन्। पर्यटन र कृषिको यहाँ उच्च सम्भावना छ। शान्तिका अग्रदुत गौतम बुद्धको मावली स्थलको रूपमा र गौतम बुद्धलाई जन्म दिई पालन पोषण गर्ने, उनको धर्मपत्नीको पनि जन्मस्थलको रूपमा, मातृशक्तिको रूपमा स्थापित देवदह नगरपालिका पर्यटकीय महत्वको हिसाबले पुरात्तात्विक र ऐतिहासिक महत्व बोकेको छ। यहाँ भएका महत्वपूर्ण स्थलहरूमा पर्यटकको उच्च सम्भावना रहेको र त्यसलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसारका लागि यहाँका पर्यटकीय पूर्वाधार विकासका लागि हामी अगाडि बढेका छौं।

## विश्व परिवेश

# २०२० मा चीनको आर्थिक अपेक्षा

वर्ष २०१९ को अन्ततिर चीन आफूलाई, आफ्नो आर्थिक वृद्धिको सूक्ष्म परीक्षण तथा अमेरिकीसँगको व्यापार युद्धसँगै ग्राहस्थ जीवनको तिव्र साथ भैरहेको वृद्धिसँगै सरकारको उत्पादन वृद्धि गर्ने प्रयासले गर्दा द्विविधापूर्ण स्थितिमा महसुश गर्न थालेको छ । यस स्थितिमा चीन वास्तविक बजार सुधारको साटो कर छुट र घट्दो लगानीसँगै बैंक क्षेत्रको ऋण वृद्धितिर ध्यान केन्द्रित गरेको छ । चीनले बाजार सुधार तथा अप्रत्याशित स्तरको अपेक्षा गरेको छ यदि अर्थव्यवस्था बदलिन जान्छ भन्ने परिप्रेक्ष्यमा । मार्च, २०१९ मा प्रधानमन्त्री लि केकियाङ्गले वार्षिक नेशनल पिपुल्स कांग्रेसमा भनेका थिए कि भविष्यमा चीनले ठूलो खतरासँग जुझ्नुपर्नेछ । यो पनि घोषणा गरिएको थियो कि २०१९ का लागि आधिकारीक आर्थिक वृद्धिको लक्ष्य ६.०% देखि ६.५ प्रतिशत हुनेछ, जो गत वर्ष भन्दा तल हुन्छ । भविष्यवाणी यो पनि छ कि २०२० को कारोबार बितेको वर्षको दाँजोमा नराम्रो हुनेछ । यदि यस्तो वास्तवमा हुन्छ भने राष्ट्रपति सी जिनपिङ्ग घट्दो रणनीतिक प्रकृतितिर ध्यान केन्द्रित गर्नुपर्नेछ ।

थुप्रै विश्लेषकहरूले भविष्यवाणी गरेका छन् कि चीनको आर्थिक वृद्धि सन् २०२० मा ६% भन्दा तल झर्न जानेछ, जो सन् १९९० पछि पहिलो पटक हुनेछ । वास्तविक ग्रस डोमेस्टिक प्रोडक्ट सन् २०२० मा ठीक ७.५% ले बढ्ने निर्धारण गरिएको छ । सन् २०१९ को तुलनामा ६.१% अनुमान गरिएकोमा त्यसले तस्रो वार्षिक गिरावटको प्रतीक हुनेछ । २०१८ को चीनको राष्ट्रिय तथ्यांक विभाग अनुसार चीनको जी.डी.पी. ग्रोथ गतवर्ष ६.८% बाट ६.६% झर्न पुगेको थियो र सन् २०१९ को नौ महिनामा ६.२% रहेको थियो । सन् २०१९ को बढी समयमा चीनको आर्थिक वृद्धि आन्तरिक मागतिर केन्द्रित रहेको देखिएकोले लगानी घट्न गयो । अर्थव्यवस्था पछि पनि खस्किँदै जाने कुरा राम्ररी थाहा पाएपछि चिनियाँ नेतृत्वले अमेरिकासँग व्यापार गर्ने तिर ध्यान दियो ।

सम्झौता अनुरूप अमेरिकाले चिनियाँ सामानहरूको विनिमय अमेरिकी सामानको खरीद तथा चिनियाँ पक्षको सांगठनिक सुधारलाई प्राथमिकता दियो । अमेरिकासँगको व्यापार विवादले नियतिमा महत्वपूर्ण गिरावट ल्याईदियो । यससम्बन्धी तथ्यांकले ग्राहस्थ उत्पादनको वृद्धि दर २०१८ मा ६.६% बाट ६.१% मा झर्न पुग्यो । सन् १९९० देखि हालसम्मका सबभन्दा कम वृद्धि भएको सूचिकृत हुन गयो । सन् २०१९ पहिलो चौथाईमा अर्थात् ४.३% तल झर्‍यो जबकि निर्यात तुलनात्मक रूपमा ०.१% बढ्न गयो । युआनको २% भन्दा बढी अवमूल्यनले गर्दा तुलनात्मक रूपमा निर्यात राजश्व कम हुन गयो । फोरेक्स संचिति अमेरिकी डलर ३.१ बिलियनसम्म झर्न पुग्यो, जो सन् २०११ को तुलनामा सबभन्दा कम हुन गयो ।

चीनको 'क्रोनी कोपिटोलिज्म' का लेखक मिनझिन पेइले व्यक्त गरेका छन् कि नयाँ वर्ष २०२० झिका लागि सबभन्दा खराब वर्षको रूपमा परिणत हुनेछ । उनले आफ्नो धारणा यस तथ्यका आधारमा स्पष्ट गरेका छन् कि झिको गलत सूचना प्रतिको असहिष्णुताले उनको सरकारलाई नीतिगत गल्तीलाई बढी प्रेरित गरेको छ । अर्थशास्त्रीहरूले चीनका ग्राहस्थ ऋण वृद्धिलाई आर्थिक चुनौती भनेका छन् । ग्राहस्थ ऋण, जी.डी.पी. को ६०.४% भन्दा माथि हुन पुगेको छ, जो २०१८ मा ५२% थियो । ग्राहस्थ ऋण आयको अनुपातमा ९९.९% रहेको छ भने क्रेडिट कार्ड ऋण २०१९ को मध्यसम्म अमेरिकी डलर १ ट्रिलियन पुगिसकेको छ । चीनमा मध्यवर्ग बेरोजगार रहेको छ, जो २०१९ मा ५.३% ले उक्लिन पुगेको छ ।

चीनले कहिले पनि आफ्नो ऋण (जी.डी.पी. को २५.४%) व्यवस्थित गरेको छैन । चीनमा राज्यको हस्तक्षेपले गर्दा ऋण यथावत, उधारीको सोधभर्ना नहुने, गैरजिम्मेवारीपन तथा केन्द्रिय बैंकलाई कमजोरी बारे जानकारी नदिने स्थित रहेको छ । चीनको गैर बैंकिङ्ग वित्तीय संस्थाहरू सरकारी जमानतको अपेक्षा गर्छ । राष्ट्रपति सि जिनपिङ्गको वास्तविक चुनौती बाजार सुधार रहेको छ, जसको विगतमा बाचा गरिए पनि कहिले कार्यान्वित गरिएन । त्यसको साटो चीन कम्युनिष्ट पार्टीले सरकारी संस्थानहरूलाई निजी क्षेत्रको निहुँमा बलियो पार्दै आएको छ, जो अनुमानित रूपमा जी.डी.पी. को दुई-तिहाई रहेको छ ।

चिनियाँ प्रणालीको परिदृश्य हेर्दा यस्तो लाग्छ कि चीनले अर्को एन.पी.सी. (राष्ट्रिय योजना आयोग) मा २०२० का लागि वृद्धिको सकरात्मक तथ्यांक प्रस्तुत गर्नेछ । यो खासगरीकन यस कारणले हो कि २०२० चीनको पाँच वर्षीय विकास योजनाको अन्तिम वर्ष हो । यस अर्थमा चीनका लागि आफ्नो आर्थिक शक्तिलाई कमजोरीको दाँजोमा प्रदर्शन गर्न सक्षम हुनु महत्वपूर्ण रहेको छ ।

# बेइजिङको हङ्कङमाथिको छायाँ र प्रभुत्व

हङ्गकङ्गमा अशान्ति र युधुरस्थित तथाकथित शिक्षण शिविरहरूमा मुसलमानहरूमाथि भइरहेको व्यवहार विश्वव्यापी सरोकारको विषयवस्तु हुनुका साथै राष्ट्रपति सी जिनपिङ्गको प्रतिष्ठामा कम आँच पुर्‍याउने कुरा होईन र त्यसलाई समीक्षकहरूले २०१९ मा उनको शक्ति केन्द्रिकरणको ज्यादै नराम्रो जिम्मेवार पक्ष बताएका छन् । प्रतिष्ठाका खातिर आदिवासी अल्पसंख्यकहरू खासगरीकन युधुर मुसलमानहरूसँगको राम्रो व्यवहारले त्यसको समाधान गर्नुनै राम्रो र असल हुनेछ । त्यस्तो नभएको खण्डमा पाकिस्तानका गलत तत्वहरू सँगै सेनासँग सम्वद्ध जिहादी संगठन एवं युधुर अतिवादीहरू दबाब पश्चात् उनीहरूसँग मिल्न जान सक्नेछन, जसलाई शुभ मान्न सकिन्न र जनसाधारणको चाहना पूरा नभएमा त्यो लक्ष्य अनुरूप भएको मान्न पनि सकिन्न । पहिलो कुरा बेजिङ्गसँग इस्लामवादको सम्पर्क सँगै मुस्लिम विश्वको प्रवेशद्वार सँगै अरवियन समुद्री बाटो समेत बन्न जानेछ । चीनको कम्युनिष्ट नेतृत्वले बजारको अर्थव्यवस्था अंगाले पछि धेरै वर्षदेखि त्यसलाई राम्ररी परिचालन नगरी अस्वीकार गर्दै आएको छ ।

हङ्गकङ्गका आन्दोलनकारीहरूले चीनका युधुर मुसलमानहरूसँग मिलेर हालै एक र्‍यालीको आयोजना गरेको थियो, जो बेजिङ्गको खुफिया तथा सिन्चियाङ्ग क्षेत्रका युधुरहरूको सहभागितामा भएकोले हङ्गकङ्गमाथि जर्बजस्त वर्चश्व राखेको थियो । युरोपको संसदले यूरोपियन यूनियनमाथि युधुरहरूमाथि भएको दुर्व्यवहार सम्बन्धमा चीनविरूद्ध प्रतिबन्ध लगाउने लक्ष्य लिएको थियो । यसभन्दा अगाडि यूरोपियन यूनियनले कैदखानामा रहेका युधुर बुद्धिजीवी टोहरीलाई अक्टोबर मानव अधिकार सम्मान प्रदान गरेको थियो । डिसेम्बरमा अमेरिकी सांसदहरूले, सिन्चियाङ्गमा भएको विखण्डनलाई लिएर चीनका वरिष्ठ अधिकारीहरू विरूद्ध कडा प्रतिबन्ध लगाउने विधेयक पारित गरेका थिए । हङ्गकङ्गका आन्दोलनकारीहरूको संगठित प्रदर्शनलाई चीनमा रहेका अल्प संख्यक मुसलमानको त्यस संघर्षलाई लोकतान्त्रिक गतिविधिको प्राथमिक चरण मानेका थिए । युधुर समर्थित पहल हङ्गकङ्गका आन्दोलनकारीहरूबीच सामान्य मानिए पनि हालै (आइतबारका दिन) आयोजित र्‍याली अल्पसंख्यक समुदाय र संगठन प्रतिको पहिलो स्पष्ट समर्थन थियो । त्यसमध्ये अधिकांशका हातमा पूर्वी तुर्किस्थानको नीलो झण्डा थियो भने युधुर आन्दोलनकारीहरूले सिन्चियाङ्ग तथा अन्यहरूले नीलो फेस मास्कहरू प्रदर्शन गर्दै पूर्वी तुर्किस्तानको झण्डा प्रदर्शन गरी राखेका थिए । हङ्गकङ्गका निवासीहरूलाई भय छ कि सन् २०४७ सम्म अझ धेरै समय बाँकी छ, जब नगरको स्वतन्त्रता पूर्णरूपले विलुप्त हुन जानेछ र संरचनाको अन्त हुनेछ । बेजिङ्गको हङ्गकङ्गमाथिको छायाँ वा प्रभुत्व पूर्णरूपले समाप्त हुन जानेछ ।

# भारतको उच्च प्राथमिकतामा नेपाल

नयाँ दिल्ली । भारतीय विदेश मन्त्रालयले नेपाललाई प्राथमिकतामा राखेको छ । गत साता भारतीय विदेश सचिवको पदभार सम्हालेका हर्षवर्द्धन श्रृंगलाले नेपाल भारतको उच्च प्राथमिकतामा रहेको बताएका हुन् । भारतले छिमेक पहिलो नीतिअन्तर्गत रहेर कूटनीति अघि बढ्ने पनि उनले स्पष्ट पारेका हुन । विदेश मन्त्रालयमा नेपाल, बंगलादेश, चीन र माल्दिभ्सका राजदूतसँग विदेशसचिवले भेट गर्दै मुलुकका कूटनीतिक निकायसँग अन्तरक्रिया थालेका हुन् । नेपालका राजदूत निलाम्बर आचार्यले श्रृंगलासँग पहिलो भेट गरेका थिए । साउथ ब्लकस्थित विदेश मन्त्रालयमा सचिव श्रृंगलाको कार्यकक्षमा भएको औपचारिक भेटमा दुई देशीय चासो र हितका विविध विषयमा कुराकानी भएको राजदूत आचार्यले बताए । यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले नेवरहुड फर्स्ट नीतिअन्तर्गत भएको भेट भन्दै ट्विट गरेका छन् । उनले ट्विटमा लेखेका छन्, 'भारतको नेवरहुड फर्स्ट नीतिअन्तर्गत विदेश सचिव श्रृंगलाले नेपालका राजदूत आचार्यसँग विदेश मन्त्रालमा भेट गरेका छन् ।

दुई मुलकबीचको सम्बन्ध सकारात्मक दिशामा अघि बढेकोप्रति सन्तोष व्यक्त गर्दै घनिष्ट सम्बन्धलाई थप मजबुत बनाउन सँगै काम गर्ने बताउनुभएको छ ।' यसैबीच राजदूत आचार्यले भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित दोभालसँग पनि भेट गरेका छन् । भेटमा नेपाल भारत सम्बन्धका विविध आयामबारे चर्चा भएको उनले बताए । नेपाल भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार गरेको प्रतिवेदन, सीमा समस्या, प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण लगायतको विषयमा छलफल गरेको भारतीय कूटनीति स्रोतले जानकारी दिएको छ ।

घर भाडामा दिँदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाईमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## भारतसँग “मल्टिमोडल कनेक्टिभिटी” बढाउन चाहन्छौं: प्रधानमन्त्री ओली

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको आर्थिक समृद्धिका लागि भारत र चीनसँगको सम्पर्क सञ्जाल महत्वपूर्ण रहेको बताएका छन् । प्रधानमन्त्री ओलीले भने, "हामी भारतसँग 'मल्टिमोडल कनेक्टिभिटी' र चीनसँग सीमापार बहुआयामिक विकासको सञ्जालमा जोडिन चाहन्छौं ।" प्रधानमन्त्री ओलीले जोडिन लागेको रेल्वे लाइनले हाम्रो छिमेकीसँग जोड्ने मात्र नभई नेपालको यातायात र ढुवानीको व्यवस्थामा क्रान्ति ल्याउने विश्वास व्यक्त गरे । सीमापार प्रशारण लाइनलाई नेपालले प्राथमिकता दिएको प्रधानमन्त्रीको भनाइ थियो । काठमाडौंमा भएको कान्तिपुर कन्क्लेभको दोस्रो संस्करणलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विगतमा भएका विभिन्न देशको उच्चस्तरीय भ्रमणहरूले ती देशसँगको सम्बन्ध विस्तार गर्दै बहुपक्षीय क्षेत्रमा सहकार्यको वातावरण निर्माण गरेको दाबी गरे ।

## पाम आयलको बन्देज खोलिने

काठमाडौं । भारतले पाम आयल आयातमा लगाइरहेको बन्देज खोल्ने संकेत गरेको छ । चालु आर्थिक वर्षको बजेटमार्फत भारत पाम आयलको कच्चा पदार्थ आयातमा भन्सार महसुल ४४ प्रतिशत पुर्‍याएको हो । बन्देज लगाउनुअघि भारतमा कच्चा पाम आयलको भन्सार महसुल ३७.५ प्रतिशत थियो । नेपालले प्रशोधित तेल मात्र निर्यात गर्ने हो । गत पुस २३ मा भारतले प्रशोधित र कच्चा पाम आयल आयातमा बन्देज लगाएको थियो । कच्चा पदार्थ आयात खुलाएपछि मुलुकमा पाम आयलको उत्पादनले निरन्तरता पाउने नेपालको अपेक्षा छ । यद्यपि, प्रशोधित पाम आयलको विषयमा भारत सरकारले कुनै निर्णय गरेको छैन ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

## जिल्ला समाचार

### स्वास्थ्य नीति कार्यदलद्वारा मस्यौदा हस्तान्तरण

जनकपुरधाम । प्रदेशको स्वास्थ्य नीति बनाउन सरकारले गठन गरेको कार्यदलले आफ्नो मस्यौदा सरकारलाई बुझाएको छ । सामाजिक विकास मन्त्रालयले आयोजना गरेको कार्यक्रममा कार्यदलका संयोजक डा राम केवल साहले सामाजिक विकासमन्त्री नवल किशोर साहलाई स्वास्थ्य नीतिको मस्यौदा बुझाएका हुन् । लगत्तै मन्त्री साहले मस्यौदा मुख्यमन्त्री लालबाबु राउतलाई हस्तान्तरण गरे । मस्यौदामा प्रदेश २ को स्वास्थ्य क्षेत्रमा देखिएको समस्या, सुधारका लागि अपनाउनु पर्ने उपाय तथा स्वास्थ्य क्षेत्रको पुन: संरचनालगायतका विषय समेटिएको कार्यदलका संयोजक साहले जानकारी दिए । यस्तै मुख्यमन्त्री राउतले कार्यदलले तयार पारेको मस्यौदाले प्रदेशको स्वास्थ्य अवस्थामा सुधार ल्याउन प्रदेश सरकारलाई मार्गदर्शक हुने विश्वास व्यक्त गरे । सरकारी नीतिकै कारण स्वास्थ्य क्षेत्र सोचे अनुरूपको सफलता पाउन नसकेको समेत बताए ।

### मुख्य सडकहरूको प्रतिवेदन सार्वजनिक

कपिलवस्तु । कृष्णनगर नगरपालिका भित्रका मुख्य सडकहरूको अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरिएको छ । अन्तर्राष्ट्रिय दातृ निकाय डीएफआईडी अन्तर्गतका सडक विशेषज्ञ टोलीले कृष्णनगरमा रहेका कुल ८ वटा मुख्य सडकको अवस्था अध्ययन पश्चात नगरपालिकालाई प्रतिवेदन बुझाएको छ । प्रविधिक विशेषज्ञ सहितको टोलीका अध्ययन प्रतिवेदन सिनियर कन्सल्टेन्ट पूर्ण कडेरियाले आईतबार कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाहलाई एक कार्यक्रम गर्दै बुझाएका हुन् । सडक अध्ययनमा सडकको क्षेत्रफल, सडकको अवस्था, सडकमा भएका नाली, पुल, कल्भर्ट, टेवा पर्खाल, रोडफर्निचर, सडकको ट्राफिक चापको स्थिति समावेश गरिएको थियो । कृष्णनगर नगरपालिका क्षेत्रमा १९३ किलोमिटर सडक सञ्जाल रहेको छ । प्रतिवेदन बुझाउँदै सडक विशेषज्ञ कडेरियाले सडकहरूको नियमित मर्मतसम्भार गरेमा एक तिहाई खर्च कम भई नगरपालिकालाई आर्थिक भार कम हुने जानकारी गराएका थिए । समयमा सडकहरूको मर्मतसम्भार नहुँदा राज्यले ठूलो आर्थिक भार ब्यहोर्नु परेको उनले औंल्याए । 'बिग्रेका सडकको तत्काल मर्मतसम्भार गरेमा एक तिहाइ खर्च कम हुन्छ,' कडेरियाले भने । सडकको मर्मतमा कूल वजेटको १ देखि ३ प्रतिशत वजेट अनिवार्यरूपमा लगानी गरेमा मात्रै सडकको गुणस्तर कायम हुने कडेरियाको सुझाव छ । सबै स्थानीय तह, प्रदेश र संघीय सरकारले समयमै सडक मर्मत गर्ने परिपाटीको विकास गरेमा राज्यको ठूलो वजेट वचत हुने कडेरियाले सुझाए ।

### अपराधका घटना बढ्दै

बाँके । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक वीर बहादुर ओलीले कानुन विपरित कार्य गर्ने जो कोहीलाई पनि कानुनी दायरामा ल्याएरै छाड्ने बताएका छन् । आइतबार जिल्ला प्रहरी कार्यालय बाँकेमा पत्रकार सम्मेलन गर्दै प्रहरी उपरीक्षक ओलीले जस्तोसुकै अपराधका घटनामा दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउने गरेको बताए । स-साना घटनामा उन्मुक्ति दिँदा अपराधका घटना बढ्दै गएको तर्फ संकेत गर्दै प्रहरी उपरीक्षक ओलीले भने, 'स-साना कुटपिटका घटनामा मात्र सम्झाएर छोड्ने गरेका छौं ।' प्रहरी उपरीक्षक ओलीले गत माघ १५ गते नेपालगन्ज-२ घरबारीटोलका विशाल सुनारमाथि भएको आक्रमणका घटनामा संलग्नलाई खोज्ने क्रममा तीन जनालाई हतियार सहित फेला पारिएको जानकारी दिएका छन् । प्रहरीले नेपालगन्ज न्यूरोडका सुवास शाही, सद्दाव अहमद र जीवन आरसीलाई तरवार सहित फेला परेको हो । 'पक्राउ परेकाहरूलाई अभद्र व्यवहार कसुरमा अनुसन्धान गरिरहेका छौं', उनले भने । प्रहरी उपरीक्षक ओलीले नेपालगन्जमा लागुऔषध नियन्त्रणका उद्देश्यले पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याएपछि लागुऔषध कारोबारी र सेवनकर्ता विरूद्ध प्रहरीलाई थप सक्रिय पारिएको जानकारी दिएका छन् । 'लागुऔषध विरूद्ध सूचना संयन्त्रलाई सक्रिय बनाएका छौं', ओलीले भने ।

### तेस्रोपटक अन्धोपनको सर्वेक्षण सुरू

कैलाली । कैलालीको गेटा आँखा अस्पतालले सुदूरपश्चिम प्रदेशमा तेस्रोपटक अन्धोपनको सर्वेक्षण सुरू गरेको छ । कैलाली, डडेल्धुरा र डोटीमा आँखाका बिरामीको अवस्था, आँखा रोग संक्रमणलगायत विषयमा तेस्रोपटक अन्धोपनको सर्वेक्षण सुरू गरेको हो । अस्पतालका व्यवस्थापक रमेशचन्द्र भट्टका अनुसार प्रदेशका नौ वटै जिल्लाका १३२ स्थानमा अन्धोपनको सर्वेक्षण गरिनेछ । आँखा अस्पतालले अन्धोपन सर्वेक्षणका लागि नेत्र विशेषज्ञको नेतृत्वमा तीनवटा टोली गठन सर्वेक्षणको कार्य थालनी भइसकेको उनले जानकारी दिए । ५० वर्ष उमेरमाथिका जनसंख्यालाई समेटेर अन्धोपन सर्वेक्षण गरिने उनको भनाइ छ । उनले नेपालमा कुल अन्धोपनमध्ये ८२ प्रतिशत ५० वर्षमाथि उमेर समूहका व्यक्ति रहने गरेका कारण तेस्रो पटकको अन्धोपन सर्वेक्षणमा सोही समूहलाई लक्षित गरिएको बताए। सर्वेक्षणका लागि छनोट भएका प्रत्येक स्थानमा ३५ जनाको आँखा परीक्षण, मधुमेह तथा दृष्टिदोषको कारण लगायतबारे सर्वेक्षण गरिनेछ । यस पटकको अन्धोपनको सर्वेक्षणमा चार हजार ६२० जनालाई समावेश गरिने लक्ष्य रहेको जनाइएको छ । गेटा आँखा अस्पतालले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दृष्टिदोषबारे पनि सर्वेक्षण गरेको जनाएको छ । अस्पतालका अनुसार धनगढी उपमहानगरपालिकाका विभिन्न वडाका १८ वटा विद्यालयमा पाँचदेखि १० कक्षामा अध्ययनरत विद्यार्थीलाई समावेश गरेर दृष्टिदोषबारे सर्वेक्षण गरिएको छ । सुदूरपश्चिम प्रदेशमा पहिलोपटक सन् १९८१ मा अन्धोपनको सर्वेक्षण गरिएको थियो । त्यतिबेला सेती अञ्चलमा एक दशमलव दुई प्रतिशत र महाकाली अञ्चलमा शून्य दशमलव आठ प्रतिशत जनसङ्ख्यामा अन्धोपना देखापरेको र त्यसको मुख्य कारण मोतिविन्दु रहेको थियो भने दोस्रो कारण ट्रकोमा रहेको थियो ।

### लुम्बिनीको विकास गर्न सकिने

रूपन्देही । बौद्धकला र संस्कृतिलाई समुदायसँग जोडेर लैजानु पर्ने निष्कर्षसहित लुम्बिनीमा आयोजित बौद्ध महोत्सव सकिएको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना र प्रदेश ५ को उद्योग, पर्यटक, वन तथा वातावरण मन्त्रालयको सहकार्यमा आयोजित महोत्सवले समुदायमा बौद्ध शिक्षाको पालनन भए मात्रै यसको सार्थकता हुने ठहर गरेको छ । बुद्ध जन्मस्थल लुम्बिनी तिलौराकोट, रामग्राम क्षेत्र आसपासमा बौद्ध शिक्षाको प्रयोगात्मक अभ्यास आवश्यक रहेको छ । त्यसका लागि विद्यालय तहकै शिक्षाबाट बुद्ध शिक्षा लागू गर्नुपर्ने महोत्सवले निष्कर्ष निकालेको छ । बुद्ध कला र संस्कृतिका माध्यमबाट लुम्बिनीको विकास गर्न सकिने महोत्सवले सन्देश दिएको प्रदेश सरकारका उद्योग, पर्यटक, वन तथा वातावरणमन्त्री लीला गिरीले बताइन् ।

### चुरे दोहनविरूद्धको अभियान सुरू

जनकपुरधाम । उमेश यादवलाई मृत्युदण्डबाट बचाएर स्वदेश फर्काउन सफल भएका सामाजिक अभियन्ता सरोज रायले चुरे दोहनविरूद्धको अभियान थालेका छन् । अभियन्ता रायले संघर्ष समिति बनाएर चुरे तथा वन जंगल संरक्षण अभियान थालेका हुन् । अभियानका सहभागीहरूले पुस २५ गते धनुषाको मिथिला नगरपालिका ५ श्रीपुरका क्रसर माफियाले हत्या गरेका २४ वर्षीय दिलिप महतोलाई पर्यावरण शहीद घोषणा गर्न पनि माग गरे । दिलिपका परिवारले उनको सपना पूरा गर्न अभियान्ता रायलाई जिम्मेवारी सुम्पेका थिए । दिलिपका परिवारले दिएको जिम्मेवारीपछि चुरे दोहनविरूद्धको अभियानअन्तर्गत संघर्ष सुरू गरेको अभियान्ता रायले बताए । अभियानले फागुन २ गते महोत्तरीको बर्दिवास, फागुन ३ गते सर्लाहीको लालबन्दी र काठमाडौं माइतीघर मण्डला, फागुन ४ गते रौतहटको चन्द्रनिगाहपुर, फागुन ५ गते बाराको सिमरा र फागुन ६ गते पर्साको विरगञ्जमा दिलीपका हत्यारालाई कडा कारबाही र पर्यावरण सहिद घोषणा गर्ने माग सहित प्रदर्शन गर्ने छ ।

### चोरीपैठारीको सामान बरामद

पर्सा । पर्सा जिल्लाको बीरगंज महानगरपालिका १६ स्थित बाईपास ईलाकाबाट एपीएफ टोलीले करीव एक लाख २३ हजार रूपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मुल्य बराबरको लत्ताकपडा, किराना सामान र औषधि सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गुल्म हेक्वा पर्साबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद सामान बीरगंज भन्सार कार्यालयमा बुझाईएको छ ।

## कला/साहित्य

कमल मण्डल



# सफलता चुम्दै गायक अरूण विजैया



मैथिली गीत संगीतको क्षेत्रमा विगत एक दशकदेखि संघर्ष गदे आएका युवा गायक अरूण विजैया अब फिल्महरूमा पनि आफ्नो सुमधुर आवाज दिन थालेका छन् । धनुषा जिल्लाको कठाल स्थायी घर भएका गायक जनकपुरलाई आफ्नो कर्मभूमि बनाएका छन् । विभिन्न स्टेज तथा सांस्कृतिक कार्यक्रमहरूमा आफ्नो प्रस्तुति देखाउँदै आएका छन् । मैथिली फिल्मका लागि गाएको गीत बुझुनै बुझु प्रित अहिस लगौनेछी बजारमा आएपछि एकाएक चर्चामा आएका थिए । हालसम्म प्रेमक दिवाना, ढोरीके निचा, दिल लुइटगेलै, एडभान्स चुम्मा, पागल बनेवु काहो, रमौलवाली, भोजपुरी फिल्म लाल सलाम, युद्धभूमि लगायत करिब एक दर्जनभन्दा बढी एल्बम तथा फिल्महरूमा २०० भन्दा बढी गीतमा आफ्नो सुमधुर आवाज दिइसकेका छन् । दैनिक चार घण्टा हारमोनियममा रियाज गर्दे आएका अरूण आफ्नो गायन कलामा अझ निखार ल्याउनका लागि जनकपुरस्थित आलाप संगीत प्रशिक्षण केन्द्रमा ललित कापडसँग विशेष कक्षा लिइरहेका छन् । गीत रेकर्डिङ्गको क्रममा छोटो समयमा जनकपुर, काठमाडौं, पटना, दिल्ली हुँदै मुम्बईसम्मको ठाउँमा पुगेर गायन सम्बन्धी विशेष अनुभवहरू प्राप्त गरेको बताउने युवा गायक विजैया चाडै नै एकल गायनमा मैथिली आधुनिक गीतहरूको एल्बम लिएर मैथिली स्रोताहरू समक्ष ल्यायन लागेका छन् ।

# भारतीय प्रमको भ्रमण गराउन राजदूत सक्रिय



काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमण गराउन दिल्लीस्थित नेपाली राजदूत नीलाम्बर आचार्य सक्रिय भएका छन् । राजदूच आचार्यले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेशसचिव हर्षवर्द्धन शृंगलासँग बेग्लाबेग्लै भेट गरी उनको नेपाल भ्रमणबारे छलफल गरेका छन् । दुवै भेटमा नेपाल-भारत सम्बन्धका सबै पक्षमा कुराकानी भएको नेपाली दूतावासले ट्विटमा जनाएको छ । राजदूत आचार्यले विदेशसचिव शृंगलासँग नेपाल-भारत विदेशसचिवस्तरीय वार्ता यथाशीघ्र हुनुपर्नेमा जोड दिएका थिए । विदेशसचिव शृंगलालाई नेपाल भ्रमणका लागि परराष्ट्रसचिव शंकरदास बैरागीले पठाएको निमन्त्रणाको पनि राजदूत आचार्यले स्मरण गराएका थिए । विदेशसचिव शृंगलाले नेपाल भ्रमणमा आउने र विदेशसचिवस्तरीय वार्तासमेत हुने बताएका थिए । राजदूत आचार्यले विदेशसचिव शृंगलामार्फत आगामी चैतमा आयोजित सगरमाथा अन्तर्राष्ट्रिय संवादमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रधानमन्त्री केपी ओलीले दिएको निमन्त्रणाको पनि स्मरण गराएका थिए । नेपाल सरकारले मोदीलाई सगरमाथा संवाद वा बुद्ध जयन्तीमा भ्रमण गराउन भारतीय विदेश मन्त्रालयसँग आग्रह गर्दै आएको छ ।

## दुईहप्ते भ्रमणका लागि ज्ञानेन्द्र भारत जाने



काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह आगामी आइतबारदेखि २ हप्ताका लागि भारत भ्रमणमा निस्कने भएका छन् । उनले नयाँदिल्ली र चण्डीगढको भ्रमण गर्ने कार्यक्रम रहेको छ । पूर्वराजा ज्ञानेन्द्रसँगै पत्नी कोमल र परिवारका केही सदस्य भ्रमण टोलीमा रहनेछन् । पूर्वराजाको यो भ्रमण नितान्त नीजि र पारिवारिक बताइएपनि भ्रमणका क्रममा केही महत्वपूर्ण ब्यक्तिहरूसँग भेटघाट हुने बताइएको छ । यहीबीच केहीले दिल्लीमा कालिबाबा आश्रममा जारी महामृत्युञ्जय महायज्ञमा पूर्वराजा सहभागि हुने अनुमान पनि गरेका छन् । तर स्रोतले भने त्यसको पुष्टि गरेको छैन । पूर्वराजा ज्ञानेन्द्र फागुन ४ गते आइतबार भारत प्रस्थान गरि १८ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ । यसैबीच पूर्वराजा २ महिनाको झापा दमक बसाईपछि आज साँझ काठमाडौं फर्कदैछन । गत मंसीर २० गतेदेखि झापामा बसेका उनीसहित परिवारका अन्य सदस्यले भारत पश्चिम बंगालका केही स्थानहरूको भ्रमण गरेका थिए । पूर्वराजा यो पटक लामो समयसम्म झापामा बस्दा पनि कसैसंग भेटघाट नगरेको समाचार हाम्रो खबर डटकममा प्रकाशित भएको छ ।

## आर्थिक समाचार

### बैङ्कले ल्यायो स्मार्ट सेवा

नेपालगञ्ज । राष्ट्रिय वाणिज्य बैङ्कले प्रदेश ५ स्थित आफ्ना शाखाहरूमा स्मार्ट बैङ्किङ सेवा सुरू गरेको जनाएको छ । सरकारी बैङ्कहरू पुरानै तरिकाले चलिरहेका छन् भन्ने मान्यतालाई तोड्दै निजी बैङ्कसँग प्रतिस्पर्धा गर्ने उद्देश्यका साथ वाणिज्य बैङ्कले आफ्ना शाखाहरूलाई अत्याधुनिक बनाएर स्मार्ट बैङ्किङ सेवा सुरू गरिएको राष्ट्रिय वाणिज्य बैङ्क प्रदेश ५ कार्यालयले जनाएको छ । बैङ्कका प्रदेश प्रमुख आनन्द सुवेदीले प्रदेशका विभिन्न जिल्लामा रहेका बैङ्कका शाखाहरूलाई अत्याधुनिक बनाउने अभियान चलिरहेको जनाउँदै स्मार्ट बैङ्किङ सेवा पनि चलिरहेको बताए ।

### टेलिकमको "विन्टर अफर"

काठमाडौं । नेपाल टेलिकमले विभिन्न प्याकेजसहितको 'आकर्षक' विन्टर अफर उपलब्ध गराएको छ । उक्त अफर आगामी चैत ३० गतेसम्म उपलब्ध गराएको छ । उक्त अफर आगामी चैत ३० गतेसम्म उपयोग गर्न सकिने कम्पनीले जनाएको छ । यसअघि उपलब्ध अटम अफरअन्तर्गतका सेवामा केही थप सुविधा तथा नयाँ प्याकेजसमेत उपलब्ध गराएर विन्टर विन्टर अफर ल्याइएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । जीएसएम प्रिपेड/पोस्टपेड मोबाइलमा यी अफर प्रयोग गर्न सकिने जनाइएको छ । जारी योजना अन्तर्गत अल टाइम डाटा प्याक, डे डाटा प्याक, नाइट डाटा प्याक, सोसियल मिडिया प्याक, युटुब (स्ट्रिमिङ) डाटा प्याक, डे टाइम भ्वाइस प्याक, पोस्टपेड प्याक तथा बिग डाटा प्याकमार्फत फाइदा लिनसमेत कम्पनीले आग्रह गरेको छ ।

### प्रादेशिक कार्यालय धनगढीमा

कैलाली । ज्योति लाइफ इन्स्योरेन्स कम्पनीले प्रादेशिक कार्यालय धनगढीको उद्घाटन गरेको छ । एक सय १७ वटा शाखा विस्तार गर्न सफल ज्योतिले आफ्नो प्रादेशिक कार्यालय धनगढी, बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईद्वारा उद्घाटन सम्पन्न गरिएको हो । उक्त कार्यक्रममा अध्यक्ष चापागाईले बीमाको बारेमा नागरिकलाई जनचेतना बढाउन स्थानीय तहमा अन्तर्क्रिया गरी घुम्ती बीमा सेवा सञ्चालन गरी बीमाको प्रभावकारिता बढाउन बीमा समिति आफैं लागिपरेका कुरा जानकारी गराए ।

### ढकाललाई सीआइपी सम्मान

काठमाडौं । आइएमई लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल महत्वपूर्ण व्यवसायिक व्यक्ति (सीआइपी) सम्मानबाट सम्मानित भएका छन् । काठमाडौंको राष्ट्रिय सभागृहमा मंगलबार आयोजित एक कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले ढकाललाई उक्त सम्मान प्रदान गरेका हुन् । बैंकिङ्ग प्रणालीमार्फत विप्रेषणको कारोबार गरी सबैभन्दा बढी वैदेशिक मुद्रा भित्र्याई मुलुकको अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उनलाई उक्त सम्मान प्रदान गरेको छ । ढकाल यसअघि सन् २०१४ मा पनि उक्त सम्मानबाट सम्मानित भएका थिए । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षसमेत रहेका ढकालको बैंक, वित्त तथा अन्य सेवामूलक क्षेत्रमा लगानी रहेको छ । केन्द्रले ढकाललगायत २५ जना विभिन्न व्यक्तित्वहरूलाई उक्त सम्मान प्रदान गरेको छ ।

### खुद मुनाफा २ अर्ब १४ करोड

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. ले यस आर्थिक वर्षको दोस्रो त्रैमाससम्ममा रू. २ अर्ब १४ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । उक्त मुनाफामा साविकको जनता बैंक नेपाल लि.को २०७६ मंसिर १९ सम्मको मुनाफा समेत समावेश भएको छ । ग्लोबल आइएमई बैंक लि. र जनता बैंक नेपाल लि. एकआपसमा गाभिई गत मंसिर २० गतेदेखि एकिकृत कारोबार शुरू भएको थियो । मर्जर पश्चात् ग्लोबल आइएमई बैंक पूँजी तथा व्यवसायको हिसावले नेपालकै ठूलो तथा मजबुत बैंक बनेको छ । हाल बैंकको प्राथमिक पूँजी रू. २४ अर्ब ८७ करोड, कुल पूँजी रू. २८ अर्ब १६ करोड, कुल निक्षेप रू. २ खर्ब १३ अर्ब र कर्जा तथा ऋण लगानी रू. १ खर्व ९८ करोड भन्दा बढी पुगेको छ । बैंकले हाल देश तथा विदेशमा रहेका आफ्ना ८१७ शाखा तथा सेवा संजाल मार्फत १९ लाख भन्दा बढी ग्राहकलाईसेवा प्रदान गर्दै आएको छ । हाल बैंकले २७० शाखा, २५७ एटिएम, ३८ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर र २४९शाखारहित बैंकिङ्ग सेवा मार्फत देशका ७० वटा जिल्लामा सेवा प्रदान गरिरहेको र यसै आर्थिक वर्षमा खोलिने थप ५९ शाखासहित देशका ७७ वटै जिल्लामा सेवा विस्तार गर्ने योजना रहेको बैंकले जनाएको छ ।

# विद्यालयको भवन निर्माण

काठमाडौं । भारत सरकारले भूकम्पपश्चातको पूनर्निर्माण परियोजनाअन्तर्गत नुवाकोट जिल्लाको किस्पाङ्मा ऐँसेलुभूमे माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण गरेको छ । उक्त विद्यालय भवनको औपचारिक उद्घाटन सोमबार भूतपूर्व प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले गरेका छन् । उक्त उद्घाटन समारोहमा उर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन 'अनन्त' पनि उपस्थित थिए । भारतीय राजदूतावासको पूनर्निर्माण प्रभागका प्रथम सचिव सुचिता किशोरले दूतावासको प्रतिनिधित्व गरेकी थिइन् । नेपाल सरकारको राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त यस ऐँसेलुभूमे माध्यमिक विद्यालय सन् १९९० (वि.सं. २०४६ साल) मा स्थापना भएको हो । यस विद्यालयले करिब ६३७ विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । भारत सरकारको नेरू ३९.५७ मिलियन अनुदान सहयोगमा निर्मित यस नयाँ संरचनामा तीनवटा ब्लकहरू रहेका छन् । यस विद्यालयको तीनतल्ले शैक्षिक भवनमा ६ वटा कक्षाकोठा रहेका छन् भने दुई तल्ले शैक्षिक भवनमा ४ वटा कक्षाकोठाका साथै फर्निचर र छात्रछात्राका लागि छुट्टै शौचालयको सुविधा रहेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयको केन्द्रिय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले सो परियोजनाको कार्यान्वयन गरेको हो । यस नवनिर्मित संरचनाले विद्यार्थीहरूको सिकाइ वातावरणलाई अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । भूकम्पपश्चातको पूनर्निर्माण परियोजनालाई सम्पन्न गर्नका निमित्त नेपाल सरकार र नेपाली जनतासँग निरन्तर सहकार्य गर्न भारत सरकार प्रतिबद्ध रहेको दूतावासले विज्ञप्तिमार्फत् जनाएको छ ।

## ग्लोबल फिल्म फेस्टिबल हुने

काठमाडौं । भारतको सिक्किमको राजधानी गान्तोकमा पहिलो पटक तीनदिवसीय चलचित्र महोत्सव (ग्लोबल फिल्म फेस्टिबल) हुने भएको छ । सिक्किम चलचित्र कोअपरेटिभ सोसाइटीले फिल्म फेडरेसन अफ् इण्डियासितको सहकार्यमा महोत्सव गर्ने भएको हो । मनन केन्द्रमा हुने महोत्सवमा ४० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र प्रदर्शन हुनेछ । जसमा नेपाललगायत भारतको निकटवर्ती राष्ट्रका चलचित्रहरू हुनेछन् । 'महोत्सवमा बलिउडका चर्चित कलाकार र चलचित्र निर्माताहरूहरूको विशेष सहभागिता हुनेछ,' महोत्सवका संयोजक चुनिलाल घिमिरेले भने, 'अहिलेसम्म सुवास घई, आशा पारेख, रनवीर कपुर, राहुल रावेललगायतका कलाकार, निर्देशकहरू आउने निर्णय भइसेको छ ।'

# नेपाली सेनाको कार्यको प्रशंसा



काठमाडौं । उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलले नेपाली सेनाको श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरीमा संचालन भएको "Dynamics of Insurgency in Nepal: Lessons for Sustainable Peace" विषयक दुई दिवसीय सेमिनारको एक विशेष कार्यक्रमका बीच उद्घाटन गरेका छन् । उक्त सेमिनारको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पोखरेलद्वारा शान्ति सुरक्षाको बहाली र यसको भरपर्दो व्यवस्थापनमा अहोरात्र खटेको नेपाली सेनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति स्थापनाको लागि खेलेको भूमिकाको प्रशंसा गर्दै प्राकृतिक तथा अन्य विपतीहरूमा उद्धार, राहत र दिगो समाधानको निम्ति नेपाली सेनासँग भएको अनुभव अन्य देशको लागि समेत उपयोगीसिद्ध हुने विचार व्यक्त गरेका थिए । उनले आजको सन्दर्भमा रोजगारी, विपन्नरता र जलवायु परिवर्तन जस्ता मानवीय असुरक्षाका कारण मुलुकको सामाजिक, आर्थिक र भौतिक सुरक्षा माथि खतरा उत्पन्नन गरेको र यस प्रकारको खतरालाई क्रमश: न्यून गर्दै 'समृद्ध नेपाल: सुखी नेपाली ' को उद्देश्यलाई परिपूर्ति गर्ने कार्यमा नेपाल सरकार क्रियाशील रहेको बताए । सम्बोधनकै क्रममा उनले मानव स्वतन्त्रता र मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने संस्कारको विकास गर्दै गएमा सामाजिक र आर्थिक प्रगतिमा टेवा पुग्ने तथा आम समुदायमा सन्तुष्टी र खुसी पैदा भई आर्थिक असमानता र सामाजिक विभेद हट्ने र फलस्वरूप सामाजिक र सशस्त्र विद्रोहको अवस्था नआउने बताए । कुनै पनि कारणले हुन सक्ने सशस्त्र विद्रोहलाई रोक्ने र दिगो शान्ति ल्याउने प्रयोजनका लागि समय सुहाँउदो अवधारणा र ढाँचा तयार गर्नु आवश्यक रहेको र यो उद्देश्य पुरा गर्ने कार्यमा सेमिनार सफल हुनेछ भन्ने विश्वास व्यक्त गरेका छन् । अन्त्यमा उनले सेमिनारको सफलताको कामना व्यक्त गरेका हुन् । कार्यक्रममा प्रधानसेनापति पूर्णचन्द्र थापा, रक्षा सचिव रेश्मी राज पाण्डे, नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त रथीकृन्द र अधिकृतहरू, त्रिभुवन विश्व विद्यालय तथा रक्षा कुटनीति क्षेत्रका विषयमा विज्ञता हासिल गरेका विशिष्ट व्यक्तित्वहरू अन्य सुरक्षा निकायका पदाधिकारीहरू, संचारकर्मीहरू तथा उक्त कलेजमा संचालन भईरहेको कमाण्ड तथा स्टाफ तालिमका शिक्षक लगायत तालिमरत स्वदेशी तथा विदेशी शिक्षार्थीहरूको उपस्थिती रहेको थियो ।

## नुवाकोटका जनप्रतिनिधिहरू भारत भ्रमणमा

काठमाडौं । नुवाकोट जिल्लाका २१ स्थानीय जनप्रतिनिधिहरू भारत भ्रमणमा गएका छन् । विपद् व्यवस्थापन, पुनर्स्थापना तथा भूकम्प प्रतिरोधसम्बन्धी समुदायमा जनचेतना बढाउँदै भुकम्प उत्थानशील पुनर्निर्माण सुनिश्चित गर्नका लागि उनीहरू भारत भ्रमणमा गएका हुन ।कम्पपछि पुनर्निर्माणका बारेमा भारतीय मोडल अध्ययन अवलोकन गर्न जनप्रतिनिधिहरू भारत भ्रमणमा रहने भारतीय दुतावासले जनाएको छ । भारत सरकारको सहयोगमा नुवाकोट जिल्लामा २३ हजार ८८ घरको पुनर्निर्माण भइरहेको छ । दूतावासका अनुसार प्रतिनिधिहरूका लागि परियोजना सेवाहरूको लागि संयुक्त राष्ट्रसंघ कार्यालयले परिचयात्मक भ्रमणको आयोजना गरेको हो । दुई नगरपालिकाका मेयर/उपमेयर, आठ गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, नुवाकोट जिल्ला समन्वय समितिका प्रमुख तथा नेपाल पत्रकार महासंघका एक अधिकारी उक्त भ्रमणमा सहभागी छन् । भारत भ्रमणका क्रममा प्रतिनिधिहरूले रूड्कीस्थित केन्द्रीय भवन तथा अनुसन्धान संस्थानको पनि अवलोकन गर्नुको साथै दिगो शहरी विकास तथा जीविका समायोजनका लागि सहभागितामूलक प्रक्रिया बुझ्न यी प्रतिनिधिहरूले क्वोर नामक संस्थाको पनि भ्रमण गर्ने छन् ।

## विस्ताराको दिल्ली-काठमाडौं उडान सुरू

काठमाडौं । विस्तारा एयरलाइन्सले दिल्ली र काठमाडौंको लागि आफ्नो दैनिक उडानको सुरू गरेको छ । विस्तारा एयरलाइन्स टाटा समूह र सिंगापुर एयरलइन्सको संयुक्त उद्यम हो । उसले भारत बाहिरको पाँचौ अन्तर्राष्ट्रिय गन्तव्यको रूपमा काठमाडौं उडान सुरू गरेको हो । दिल्लीबाट वस्ताराको उद्घाटन भएको उडानबाट आएका यात्रुहरूलाई काठमाडौंमा स्वागत गरिएको थियो । विस्ताराका प्रमुख व्यापारिक अधिकृत बिनोद कन्ननले तीन श्रेणी कन्फिगरेसन (व्यवस्थापन) सहितको हवाईजहाज तुरून्त सेवामा प्रयोग गर्ने बताए । विस्ताराको सहज उडान तालिकाले बेन्गालुरू, चेन्नई, हैदरावाद, मुम्बई र पुने सहित भारतका अन्य शहर बाट जान-आउन यात्रुलाई सहज हुने उनले बताए । यो हवाई सेवाले सन् २०१९ को अगष्ट महिनामा सिंगापुर उडान भरि आफ्नो अन्तर्राष्ट्रिय उडानको सुरूवात गरेको थियो । अहिले उसले दुबई, बैंकक र कोलोम्बोमा सेवा विस्तार गरेको छ । विस्ताराले सन् २०२३ सम्ममा न्यारो बडी र वाइड बडी गरि ४० वटा हवाईजहाज थप गर्दैछ ।

## नेपालमा चल्ने रेल तयार

काठमाडौं । धनुषा जिल्लाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि खरिद गरिएको रेल सेट केही दिनभित्रै नेपाल आइपुग्ने भएको छ । निर्माणको काम सम्पन्न भइसकेकाले रेल ल्याउने बाटो पर्खिरहेको रेल विभागले जनाएको छ । नेपाल सरकारले भारतीय सरकारी कम्पनी कोनकानमार्फत रेल सेट खरिद गरेको हो । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा रेलमार्ग निर्माण भएकामा सो मार्गमा सञ्चालनका लगि रेल सेट नेपाल सरकारले खरिद गरेको हो । रेल सेट भारतबाट लिग भएरै ल्याउनुपर्नेभएकाले लिग खाली भएको उपयुक्त समय मिलाएर ल्याउन लागिएको विभागका महानिर्देशाक बलराम मिश्रले बताए । उनले भने, 'रेल सेट रेलमार्गसम्म केही दिनभित्रै आइपुग्नेछ ।'

## मधेशमा...

मात्र नभएर वीरगञ्जका विभिन्न स्थानमा राउतको तस्वीर सहित राता पोष्टर टाँसिएका थिए । सम्बोधनका क्रममा अध्यक्ष राउतले जंगल राज समाप्त पारेर जनता राज स्थापना गर्ने दाबी गरे । 'स्थानीय तहदेखि केन्द्रसम्म जनताले नै चुनेको जनप्रतिनिधि छन् तर कुनै पनि ढंगले जनताको शासनको आभास हुन पाएको छैन' उनले भने 'जो सुटकेसमा करोडौं दिएर टिकट लिएर मेयर, गाउँपालिका अध्यक्ष बनेका छन् । उनीहरूले के गर्छन् ? भ्रष्टाचार गर्छन्, करोडौं कमाउँछन् । जनतामाथि दमन गर्छन । यहाँ त्यही भइरहेको छ ।'

उनले पुराना पार्टीलाई म्याद गुज्रिएको औषधीको संज्ञा दिए । '७० वर्ष, २९ वर्ष, १३ वर्षसम्म काम नगरेको औषधीले अब गर्दैन, म्याद गुज्रिएको औषधीले बरू उल्टै इन्फेक्सन गर्न सक्छ' राउतले भने ।

राउतले मधेशी पार्टीले सत्ताका लागि मधेश र मधेशीको नाममा दलाली गर्दै आएको पनि आरोप लगाए ।

मधेशी जनताको रगत र बलिदानीमा टेकेर मधेशी जनताकै भोट लिएर सत्तामा पुगेका समाजवादी र राजपाले अहिले सत्तामा पुगेपछि मधेशी जनतामाथि शोषण र दमन गरिहेको उनले बताए ।

## दिल्लीमा...

कर्ममा लागिरहेको सन्देशकै कारण दिल्लीका आम जनताले उनलाई सत्तामा राख्न मन पराएको विश्लेषण गरिएको छ । उनी पहिलो पटक सन् २०१३ मा मुख्यमन्त्री बनेका थिए र त्यसपछि सन् २०१५ मा भारी मतसहित पुन: निर्वाचित भए । भारतका सरकारी विद्यालयमा सुधार ल्याएको, प्रहरी फौजको नियन्त्रण र जग्गासम्बन्धी अधिकारका लागि लडिरहनुका साथै सुलभ क्लिनिकहरू बनाएको र सस्तोमा पानी र बिजुली उपलब्ध गराउँदै आएको विषयले उनलाई पुन: त्यहाँ राखिरहन जनता अग्रसर भएको देखिन्छ । दिल्लीको यो निर्वाचनमा स्थानीय राजनीतिलाई राष्ट्रिय राजनीतिक एजेन्डाद्वारा प्रभावित गर्ने भाजपाको प्रयासलाई दिल्लीवासीले अस्वीकार गरेका छन् । स्थानीय नागरिकका मुद्दा सम्बोधन गरेका कारण मतदाताले आपलाई उल्लेख्य मत दिएर पुन: सरकार निर्माण गर्ने अवसर उपलब्ध गराएका हुन् ।

आपलाई सुरूका दिनमा केही असजिलो भए पनि उसले आफूले गरेका प्रतिबद्धता पूरा गरेको छ । अझ केन्द्रमा शासन गरिरहेको भाजपा सरकारले दिल्ली सरकारलाई असहज स्थिति पैदा नगरेको होइन । तर यति हुँदाहुँदै पनि आफ्नो स्रोत/साधन र क्षमता प्रयोग गरेको देखिन्छ ।

नागरिकको हृदयमा बास गर्ने हो भने समर्पण र इमान्दारिता आवश्यक हुन्छ । निर्वाचनका बेला गरेका प्रतिबद्धता पूरा गर्ने दललाई आम नागरिकले अर्कोपटक पनि समर्थन गरिहाल्छन् ।

**दिल्लीको तरंग नेपालमा**

नेपालमा केजरीवालको चुनावी विजयले नेपालको राजनीतिलाई पनि तरंगित गरेको छ । केजरीवालको तेस्रो पटकको पुनरागमनले नेपालका राजनीतिक दललाई गतिलो सन्देश दिएको छ ।

नेपालका राजनीतिक दलहरूले समेत आपको यो सफलताबाट केही शिक्षा लिन सक्छन् । नेपालका प्रमुख दलप्रति व्यापक गुनासो भइरहे पनि तिनैलाई निर्वाचनमा मत दिनुको विकल्प देखिएको छैन । वैकल्पिक राजनीतिका निम्ति अग्रसर दलले समेत आम विश्वास प्राप्त गर्न नसकेको स्थिति छ । आपको सफलताबाट बुझ्नुपर्ने पहिलो कुरा के हो भने स्थानीय स्तरमा उठेका मुद्दा सम्बोधन गर्ने दल सफल हुन सक्छन् । आपले दिल्लीका बासिन्दालाई किन यसपटक पनि उम्मेदवार बन्न लागेको भन्ने बुझाउन हजारौं स्वयंसेवक परिचालन गरेको थियो । साथै उसले आफू यथास्थितिवादविरूद्ध रहेको सन्देश आम रूपमा दिएको थियो । स्थानीय नागरिकका दैनिक समस्यामा ध्यान दिने हो भने नि:सन्देह निर्वाचनमा मतदाताको ध्यानाकर्षण गर्न सकिन्छ ।

ठूलठूला गफभन्दा स्थानीय नागरिकका ससाना समस्या समाधान गर्न सक्ने कुनै पनि दल मतदाताको प्रिय बन्न सफल हुन सक्छन् । सेवाप्रवाह नगर्ने, भ्रष्टाचार मात्र गर्ने दलहरू जनताबीच धेरै दिन टिक्दैनन् भन्ने सन्देश पनि हो आपको विजय । यद्यपि नेपालको सन्दर्भमा फलानो दलले राम्रो गर्ला कि भन्ने आशैआशामा चुनावमा सहभागी हुँदै गए । जिताएर पठायो, फेरि उस्तै । जुनसुकै दल पनि जनतालाई सेवा प्रवाह गर्नमा चुक्दै आएका छन् । दलहरूमा 'पाँच वर्षपछि देखा जाएगा' भन्ने प्रवृत्तिका कारण जनतामा घोर निराशा उत्पन्न गराएको छ । जसले अन्तत: दलहरूका लागि नै प्रत्युत्पादक बन्दै गएको छ ।

नेपालमा पनि विवेकशील नेपाली र साझाजस्ता दलले आफूलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा अग्रसर गराइरहेका छन् । पछिल्लो समयमा सिके राउतको जनमत पार्टी सहित मधेशी दलहरू पनि वैकल्पिक शक्तिको रूपमा आफूलाई उभ्याएका छन् । तर उनीहरूले वैकल्पिक राजनीति सम्भव छ भन्ने सन्देश दिन सकियो भने विद्यमान ठूला दल पनि आफूलाई सुधार गर्न बाध्य हुनेछन् ।



# मिथिला दर्शन
## टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं